# परिच्छेद एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'कवि दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको विश्लेषण' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको निमित्त प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

नेपाली साहित्यका साधक दैवज्ञराज न्यौपाने नेपाली साहित्यमा नवस्वच्छन्दतावादी साहित्यकारका रूपमा सुपरिचित छन् । उनी मूलत कवि हुन् । यसका साथै उनले साहित्यका अन्य विधा गीत, कथा, निबन्ध, जीवनी तथा समालोचनाका क्षेत्रमा समेत कलम चलाएका छन् भने उनी एक सफल सम्पादक पनि हुन् । उनका लेखनले नेपाली साहित्यको श्रीवृद्धिमा अमूल्य योगदान पुऱ्याएको छ । यसरी साहित्य सेवामा निरन्तर लागि पर्ने न्यौपानेको साहित्यिक व्यक्तित्वको मूल्याङ्कन हुन आवश्यक छ । यही आवश्यकतालाई हेरी यस शोधपत्रमा उनको खण्डकाव्यकृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । न्यौपानेका सिर्जनाका लहर (२०३५), तोतेबोली (२०३८), गाउँखाने कविता (२०५३), सबै हाम्रा साथी (२०५६), हुने बिरूवाका चिल्ला पातहरू (२०४५), गुणराज उपाध्यायका खण्डकाव्यको मूल्याङ्कन (२०४९), नेपाली नाट्य परम्परा र भारती खरेलका नाटकहरू (२०५४) र सम्झनाको धरातलबाट (२०६३) आदि कृतिहरू प्रकाशित छन् । यी कृतिहरूमध्ये बालसाहित्यकार दैवज्ञराज न्यौपाने र गीतकार दैवज्ञराज न्यौपाने जस्ता विषयमा उनको अध्ययन भइसकेको छ भने उनका केही खण्डकाव्यहरू विभिन्न पुस्तक तथा स्मृतिग्रन्थहरूमा प्रकाशित भएर सार्वजनिक भइसकेको पाइन्छ । ती खण्डकाव्य र केही नवीन खण्डकाव्यहरू सङ्कलन गरी 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रह (२०६३)

प्रकाशनमा ल्याएको पाइन्छ । अहिलेसम्म उनको खण्डकाव्यकृतिको बारेमा कुनै पनि अध्ययन र समीक्षण नभएकोले यो अध्ययन गर्न आवश्यका देखिएको हो ।

## १.४ समस्याकथन

कवि दैवज्ञराज न्यौपाने नेपाली साहित्य कलाका विविध विधामा कलम चलाउने एक होनहार व्यक्तित्व हुन् । समाजमा देखिएका विविध विषयवस्तुलाई टप्प टिपेर साहित्य सिर्जना गर्न सक्ने न्यौपानेले मूलत कविता, गीत, कथा र निबन्ध विधामा कलम चलाएका छन् । उनी जीवनी र समालोचना लेखनमा पनि त्यतिकै सफल छन् । यसरी उनले विविध विधामा कलम चलाएका भए पनि उनको मूल साधना क्षेत्र कविता/खण्डकाव्य नै हो । अतः यस शोधपत्रमा उनको मूल साधना क्षेत्रमध्ये खण्डकाव्यकृतिलाई आधार लिइएको छ । २०१४ सालदेखि कविता विधामा कलम चलाएका न्यौपानेको मूल प्रवृत्ति छन्दोवद्ध कविता रचना गर्नु हो । उनी छन्दमा माधव घिमिरे जस्तै कविता रचना गरेर आफूलाई स्वच्छन्दतावादी-परिष्कारवादी कविका रूपमा स्थापित गर्दछन् । नेपाली साहित्यका एक उज्ज्वल नक्षत्रका खण्डकाव्यत्व र खण्डकाव्यकृतिका बारेमा समालोचकहरूको फाट्टफुट्ट समीक्षात्मक टिप्पणी गर्नु र तीर्थराज घिमिरेले उनको ‘जीवनी, व्यक्तित्व र कृतित्व’, गीता सुवेदीले ‘बालसाहित्यकार दैवज्ञराज न्यनौपाने’ र पार्वती घिमिरेले गीतकार दैवज्ञराज न्यौपाने जस्ता विषयमा शोधपत्र प्रस्तुत गरिसकेका छन् तर उनका कविताहरूको गहन रूपमा अध्ययन विश्लेषण र मूल्याङ्कन भएको पाइदैन । न्यौपानेका अहिलेसम्म प्रकाशित खण्डकाव्यकृतिको विश्लेषण गर्नु यस शोधपत्रको प्रमुख समस्या रहेको छ । कवि न्यौपानेको खण्डकाव्यकृतिको विश्लेषण मूल समस्या रहेको प्रस्तुत शोधपत्रको अन्य सहायक समस्याहरू यस प्रकार रहेका छन् :-

- कवि दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व के-कस्तो रहेको छ ?
- कवि दैवज्ञराज न्यौपानेका के-कस्ता खण्डकाव्यकृति रहेका छन् ?
- कवि दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्रा के-कस्तो छ ?
- खण्डकाव्यतत्वका आधारमा न्यौपानेका खण्डकाव्यहरू के-कस्ता छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

नेपाली कविता लेखनमा लक्ष्मीप्रसाद देवकोटाझैँ दसौँ वर्षको उमेरदेखि कलम चलाउने कवि दैवज्ञराज न्यौपानेका खण्डकाव्यकृतिहरू निकै मूल्यवान देखिन्छन् । खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको अध्ययन र विश्लेषण गर्ने मूल उद्देश्य रहेको प्रस्तुत शोधपत्रका अन्य सहायक उद्देश्यहरू निम्नानुसार रहने छन् :

- कवि दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त रूपरेखा प्रस्तुत गर्नु,
- कवि दैवज्ञराज न्यौपानेका खण्डकाव्यकृतिको निरूपण,
- कवि दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्राको निरूपण गर्नु,
- खण्डकाव्यतत्वका आधारमा कवि न्यौपानेका खण्डकाव्यको अध्ययन र विश्लेषण गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा स्थापित प्रतिभाहरूको मूल विधा क्षेत्रमा केन्द्रित रहेर अध्ययन गर्ने परम्परा त्यति सबल रूपमा विकसित भइसकेको छैन । यो अवस्था कवि दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको अध्ययन र विश्लेषणमा पनि देखिएको छैन । कवि दैवज्ञराज न्यौपानेमा केन्द्रित अध्ययन परम्परा पनि त्यति सवल बनिसकेको छैन । यस अघि दैवज्ञराज न्यौपानेको सम्बन्धमा तीनवटा विषयमा शोध भइसके तापनि यी अध्ययन खण्डकाव्यात्मक पक्षको लागि पूर्ण हुनसकेका छैनन् । न्यौपानेको खण्डकाव्यकृतिमाथि पत्रपत्रिका र कृतिहरूमा केही प्रासङ्गिक चर्चा भए पनि गहन अध्ययन भएको पाइँदैन । न्यौपानेको खण्डकाव्यकृतिमाथि जे - जति चर्चा भएका छन् । ती चर्चाहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

(१) दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (२०३४) पुस्तकमा दैवज्ञराज न्यौपानेलाई 'छन्दबद्ध लयालु गीत रचना गर्ने गीतकार हुन् भनेको पाइन्छ ।[१]

[१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौँ : साझा प्रकाशन, २०३४, पृ.६२ ।

(२) नरेन्द्र चापागाई र दधिराज सुवेदीद्वारा सम्पादन गरिएको 'खण्डकाव्य समालोचना' (२०५२) नामक कृतिमा हेमचन्द्र नेपालको एक लेखमा कवि न्यौपानेलाई 'कवि न्यौपाने पनि परम्परागत छन्द ढाँचा र उन्मुक्त लय प्रणालीको एक साथ समाराधन गर्ने प्रेम र सौन्दर्यका ललित कवि हुन् भनेको पाइन्छ ।[२]

(३) दैवज्ञराज न्यौपानेद्वारा रचित सिर्जनाको लहर (२०३५) पुस्तकको प्रकाशकीयमा उनलाई 'देशको ममता र सिर्जनाको सिंगारले छोइकुदी धप्प बलेको अनुहार जस्तो लाग्छ भनेर उल्लेख गरिएको छ ।[३]

(४) लक्ष्मी गुरगाइँले (२०३४) को शनिवासरीयमा कवि दैवज्ञराज न्यौपानेको 'जोरमुरली' कवितासङग्रहको समीक्षा गर्दै उनलाई नेपाली साहित्यको पद्य विधाका कुशल शिल्पी भनेका छन् ।[४]

(५) बालसंसार (२०५३) पुस्तकको प्रकाशकीयमा कवि न्यौपाने वि.सं. २०२० सालपछिको नेपाली छन्दोबद्ध कविता र गीत क्षेत्रमा आफ्नो अलग स्थान राखी प्रतिष्ठापित भई आउनु भएको छ भनिएको पाइन्छ ।[५]

(६) डा. वासुदेव त्रिपाठीले **बालहितकारी पुरस्कारको प्रसङ्गमा** (२०५४) कवि दैवज्ञराज न्यौपानेलाई 'सुकोमल गला र सुकुमार कलाका धनी' भन्नुका साथै उनले ऐतिहासिक परिपेक्ष्यमा माधव घिमिरे र कृष्णप्रसाद पराजुली उपरान्त बालसिर्जना जगत्का सर्वाधिक प्रिय स्रष्टाका रूपमा दैवज्ञराज न्यौपाने प्रतिष्ठित रहेका छन् भनि मूल्याङ्कन गरेका छन् ।[६]

(७) नेपाली कविता भाग- ४ मा कवि न्यौपानेलाई स्वच्छन्दतावादी पद्य धाराका कवि भनिएको छ ।[७]

---

[२] नरेन्द्र चापागाई र दधिराज सुवेदी, **खण्डकाव्य समालेचना,** विराटनगर, २०५२, पृ.८५६ ।

३ दैवज्ञराज न्यौपाने **सिर्जनाको लहर**, काठमाडौँ : २०३५, प्रकाशकीयबाट ।

[४] **गोरखापत्र,** २०३४/०७/२६, शविवासरीय, पृ. ५ ।

[५] दैवज्ञराज न्यौपाने, **वालसंसार** काठमाडौँ : २०५३, प्रकाशकीयबाट ।

[६] तीर्थराज घिमिरे, **दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व** (अप्रकाशित शोधपत्र, एम. ए) त्रि. वि. २०५४ ।

[७] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग ४,** पृ. २५ ।

(८) कक्षा ८ को महेन्द्रमाला पुस्तकको 'किसान' कविताको चिनारीमा कवि न्यौपानेको जन्म विक्रम सम्वत् २००४ सालमा कोशी अञ्चल भोजपुर जिल्लाको गोगने गाउँमा पिता गणेशप्रसाद र माता उमादेवी न्यौपानेबाट भएको उल्लेख गरिएको छ ।[८]

(९) 'तोतेबोली' (बालकवितासङ्ग्रह) को प्रकाशकीयमा कवि दैवज्ञराज न्यौपानेलाई मीठो, रमाइलो र लयालु भाषामा कविता दिने श्री दैवज्ञराज न्यौपाने भनिएको छ ।[९]

(१०) माधवप्रसाद घिमिरेले 'हुने बिरूवाको चिल्ला पात' (बालव्यक्तित्व सङ्कलन) को प्रकाशकीयमा महापुरुषका बालक कालको जीवनीलाई कथाको रमाइलो शैलीमा लेख्ने लेखकको नाम हो-दैवज्ञराज न्यौपाने । न्यौपानेज्यू पाका मानिसलाई पाकै बनेर पढाउने गुरू (सह-प्राध्यापक) पनि हुनुहुन्छ र बालक जस्तै बनेर बालकलाई मीठा लाग्ने गीत र कविता पनि लेख्नु हुन्छ, भनेका छन् ।[१०]

(११) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति विजयबहादुर मल्लले 'जोरमुरली' कवितासङ्ग्रहको प्रकाशकीयमा दैवज्ञराज न्यौपानेलाई नेपाली शैलीमा स्वाभाविक र खण्डकाव्यात्मक अभिव्यक्ति दिन सफल कवि कविता क्षेत्रमा जतिकै गीतिकविताको क्षेत्रमा परिचित भएको कुरा बताएका छन् ।[११]

(१२) रविमान लमजेलको 'कोशी अञ्चलको साहित्यिक इतिहास' नामक पुस्तकमा कवि दैवज्ञराज न्यौपानेलाई भ्याउरे र संस्कृत छन्द प्रयोग गरेर कविता लेख्न खप्पिस्, दैवज्ञराज न्यौपानेले संस्कृत छन्दमा रचित नेपाली कविताको फाँट ह्रासोन्मुख छ भन्नेहरूलाई बौद्धिक ताजन दिएका छन् भनेका छन् ।[१२]

(१३) तीर्थराज घिमिरेले 'दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व' (२०५४) नामक शीर्षकको शोधकार्यमा दैवज्ञराज न्यैपानेलाई नवस्वच्छन्दतावादी भावनालाई

---

[८] **महेन्द्रमाला कक्षा ८,** पाठ्यक्रम विकासकेन्द्र, २०४२, पृ. ३६ ।

[९] दैवज्ञराज न्यौपाने, **तोतेबोली,** २०३८, प्रकाशकीयबाट ।

[१०] दैवज्ञराज न्यौपाने, **हुने बिरूवाका चिल्ला पात,** काठमाडौं : २०४५, प्रकाशकीयबाट ।

[११] विजयबहादुर मल्ल, **जोरमुरली** कविताङ्ग्रह,२०४३, प्रकाशकीयबाट ।

[१२] तीर्थराज घिमिरे, **दैवज्ञराज न्यौपानेको जीवनी,व्यक्तित्व र कृतित्व,** २०५४,पृ.४३ ॥

अभिव्यक्ति गर्दै जीवनको अस्तित्वलाई सुख,दुःख, घाम छायाका रूपमा हेर्दै निर्माणमुखी भावना प्रस्तुत गर्ने कविका रूपमा चिनाएका छन् ।[१३]

(१४) गीता सुवेदीले बालसाहित्यकार दैवज्ञराज न्यौपाने नामक शोध कार्य (२०५६) मा दैवज्ञराज न्यौपानेलाई नेपाली बालसाहित्यका क्षेत्रमा असङ्ख्य रचनाहरूबाट सिद्धहस्त भएका न्यौपाने आफ्ना कृतिहरूमा भएका मौलिक 'विविचना, निष्कर्षहरूको सरल प्रस्तुतिकरण, विषयवस्तुको राम्रो चयन, भाषाको शुद्धता, शैलीगत मिठास सरल एवम् बालसुलभ अभिव्यक्ति र सरल भाषशैलीबाट अरू फाँटमा जस्तै बालसाहित्यमा उत्कृष्ठ प्रतिभाका रूपमा परिचित रहेको कुरा उल्लेख गरेकी छन् ।[१४]

(१५) पार्वती घिमिरेले गीतकार दैवज्ञराज न्यौपाने, (२०६२) शोधपत्रमा दैवज्ञराजको परिचर्चा गर्ने क्रममा सरल भाषाशैली र रोचक विषयवस्तुलाई समेट्दै चित्र, शब्द र पात्रको त्रिकोणात्मक संयोजन र कवितात्मक अङ्कहरूका माध्यमबाट बालबालिकाहरूलाई मनोरञ्जन र ज्ञान प्रदान गर्ने काममा कवि न्यौपाने सफल देखिन्छन् भनिएको पाइन्छ ।[१५]

(१६) रमेश शुभेच्छुले 'सम्झनाको धरातलबाट (२०६३) खण्डकाव्यसङ्ग्रहमा दैवज्ञराज न्यौपानेले बालमनोविज्ञानलाई समाएर लेखिएका बालसुलभ, बालकविताहरू बढी प्रभावकारी बनेको ठानेका छन् । प्रौढ कविता र खण्डकाव्यतर्फ शास्त्रीयतावाद र स्वच्छन्दतावादजस्ता अलग-अलग धारलाई समायोजन गर्दै साधनारत कवि न्यौपानेलाई कवि माधव घिमिरेका उत्तराधिकारीका रूपमा पाउनुका साथै उनका खण्डकाव्यहरूले प्राकृतिक सजीवता दार्शनिक वैचारिकता र पत्रात्मक खण्डकाव्य कौशललाई अङ्गालेको पाइन्छ १६ भनेका छन् ।[१६]

(१७) रमेश शुभेच्छुले शब्दाङ्कुर मासिकमा रमेश शुभच्छुले नै बानेश्वर क्याम्पस मुखपत्र राजहाँस पत्रिकामा 'प्राध्यापक' दैवज्ञराज न्यौपाने र बानेश्वर क्याम्पस शीर्षकको

---

[१३] पूर्ववत् ।

[१४] गीता सुवेदी, **बालसाहित्यकार दैवज्ञराज न्यौपाने,** (अप्रकाशित सोधपत्र, एम्.ए.) नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५६,पृ.४८ ।

[१५] पार्वती घिमिरे, **गीतकार दैवज्ञराज न्यौपाने,** (अप्रकाशित सोधपत्र, एम्.ए.) नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६२,पृ.४०।

[१६] रमेश शुभेच्छु,, **सम्झनाको धरातलबाट,**२०६३,पछिल्लो पातोबाट ।

आलेखमा कविको जीवनी, व्यक्तित्व र कृतित्वका बारे जीवनीपरक विश्लेषण गर्दै दैवज्ञराज न्यौपाने पछिल्ला दिनमा आएर एउटा सफल खण्डकाव्यकारका रूपमा देखिएको कुरा उल्लेख गरेका छन् ।[१७]

(१८) लोकतन्त्र नेपाल मासिक खबरपत्रिकामा पूर्ण इन्फादाले दैवज्ञराज न्यौपानेका छ वटा खण्डकाव्यहरु समेटिएको खण्डकाव्य 'सम्झनाको धरातलबाट' को परिचय दिने क्रममा उनले यी खण्डकाव्यहरुमा विविध छन्द, अलङ्कार, रसको प्रयोग गरेको पाइन्छ । प्रायः शान्त र करुण रसमा रचिएका यी खण्डकाव्यहरुमा लोभ लाग्दो र अनुकरणीय शैलीमा उपमा र उपमेयको प्रयोग गर्ने कवि न्यौपानेले स्वच्छन्दतावादी तथा शास्त्रीयतावादी धारामा कलम चलाउँदै आएका र यस कृतिमा पनि उही परम्पराको निरन्तरता दिइएको पाइन्छ भनेका छन् ।[18]

(१९) नेपाल समाचारपत्र दैनिकमा प्रेम बानियाँले 'गोगनेगाउँको फूल' भन्ने शिर्षकमा दैवज्ञराज न्यौपानेको चर्चा गर्ने क्रममा उनलाई पद्य साहित्यको आयाममा पसिना खर्चेका न्यौपानेले तत्कालीन समयको मौसम अर्थात् परिष्कारवादी र स्वच्छन्दतावादी धाराको विंडो समाउन पछि हटेनन् । यति भन्दैमा गद्य साहित्य र आयाम प्रयोगालाई उनी 'मूर्दावाद' भने गर्दैनन् ।[19]

## १.७ अध्ययनको औचित्य, महत्व र उपयोगीता

नेपाली कविता परम्पराका एक स्थापित कवि कवि दैवज्ञराज न्यौपानेको खण्डकाव्यकारिताको अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पात्रको परिपूर्ति/प्रयोजनको लागि प्रस्तुत गरिएको छ । यसका अतिरिक्त प्रस्तुत अध्ययनमा कवि दैवज्ञराज न्यौपानेको समग्र खण्डकाव्ययात्रा र मूल्यवताको निर्धारण गरिएको हुँदा नेपाली खण्डकाव्य र खण्डकाव्यकार न्यौपानेका विषयमा जानकारी राख्न चाहने जोसुकैका लागि पनि उपयोगी एवम् औचित्यपूर्ण रहने कुरामा दुई मत छैन् ।

---

[१७] रमेश, शुभच्छु , **रजहाँस,** वार्षिक, काठमाडौं : बानेश्वर क्याम्पस, २०६४, पृ.६० ।

[18] पूर्ण इन्फादा, **लोकतन्त्र नेपाल मासिक खबरपत्रिका,** काठमाडौं : बाघबजार, २०६४, पृ ३६ ।

[19] प्रेम बानियाँ, **नेपाल समाचारपत्र,** दैनिक, काठमाडौं : २०६२, पृ. ६ ।

## १.८ अध्ययनको सीमाङ्कन

कवि दैवज्ञराज न्यौपाने बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले सिर्जना र समालोचना दुवै क्षेत्रमा कलम चलाएका छन् । उनले सिर्जनातर्फ कविता, गीत, कथा, निबन्ध र जीवनीजस्ता विविध विधामा कलम चलाएका छन् । यी सबै विधाको अध्ययन एकै ठाँउमा असम्भव देखिन्छ । अतः उनको मूल सिर्जन विधा कविता खण्डकाव्यमध्ये खण्डकाव्यविधामा केन्द्रित रही खण्डकाव्य तत्वका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सामग्री सङ्कलन गर्दा मूलत पुस्तकालयीय विधि अपनाइएको छ । यसका अतिरिक्त शोध नायकसँगको अन्तवार्ता एवम् विषय विशेषज्ञहरूसँगको सम्पर्कबाट पनि थप सामग्री जुटाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई संगठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रलाई निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ -

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : दैवज्ञराज न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त परिचय

परिच्छेद तीन : खण्डकाव्यको सैद्धान्तिक स्वरूप

परिच्छेद चार : खण्डकाव्यकार न्यौपानेको खण्डकाव्य यात्रा

परिच्छेद पाँच : दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिहरूको अध्ययन

परिच्छेद छ : उपसंहार

# परिच्छेद दुई

## दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त रूपरेखा

## २.१ जीवनीको रूपरेखा

### २.१.१ जन्म

दैवज्ञराज न्यौपानेको जन्म वि.सं . २००४ साल मङ्सिर ३० गते शुक्लपक्षको नवमी तिथिका दिन बाबु पण्डित गणेशप्रसाद उपाध्याय न्यौपाने र आमा उमादेवीका साहिँला पुत्रका रूपमा भएको थियो ।[20]

### २.१.२ जन्मस्थान

दैवज्ञराज न्यौपाने कोसी अञ्चल, भोजपुर जिल्लाको गोगने गा.वि.स वार्ड नं. १ मा जन्मिएका हुन् ।[21]

### २.१.३ नामकरण

दैवज्ञराज न्यौपानेको न्वारानको नाम थानेश्वर न्यौपाने हो ।[22] उनलाई सबैले माया गरेर 'दैवु' भन्थे भने हालको साहित्यिक नाम दैवज्ञराज न्यौपाने हो ।

### २.१.४ बाल्यकाल

दैवज्ञराज न्यौपानेको बाल्यकाल आफ्नै घरमा संयुक्त परिवारमा बितेको थियो ।[23] उनका पितामह पं. छविलाल न्यौपानेबाट पाएको स्नेह उनलाई अझै ताजा रहेको छ । [24]

### २.१.५ शिक्षादीक्षा

#### २.१.५.१ अनौपचारिक शिक्षा

दैवज्ञराज न्यौपानेको अनौपचारिक शिक्षा आफ्नै पिताको रेखदेखमा पाँच वर्षको उमेरदेखि प्रारम्भ भएको हो ।[25]

---

[20] शोधनायकबाट प्राप्त जानकारी ।
[21] ऐजन ।
[22] ऐजन ।
[23] तीर्थराज घिमिरे, **दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित एम्. ए. शोधपत्र) नेपाली केन्द्रीय विभाग, २०५४ पृ. ६ ।
[24] शोधनायकबाट प्राप्त जानकारी ।
[२५] पूर्ववत् ।

### २.१.५.२ औपचारिक शिक्षा

#### २.१.५.२.१ विद्यालयीय शिक्षा

दैवज्ञराज न्यौपानेले अध्ययनको प्रारम्भ २०१३ सालदेखि गोगने पाठशाला (हाल गोगने संस्कृत मा.वि.) बाट कक्षा ४ देखि भएको हो ।[26] त्यसै विद्यालयबाट २०१५ सालमा कक्षा ५ उतीर्ण गरेपछि दिङ्लाको षडानन्द संस्कृत मा.वि.बाट कक्षा ६-९ सम्मको अध्ययन पुरा गरेर जनता मा.वि. बिजौरी दाङबाट  उनले प्रवेशिका परीक्षा उर्तीण गरे ।[27]

#### २.१.५.२.२ उच्च शिक्षा

दैवज्ञराज न्यौपानेको उच्च शिक्षा काठमाडौँको राजकीय संस्कृत महाविद्यालय (हाल वाल्मीकि विद्यापीठ) बाट सुरू भएको हो । उनले यस विधापीठबाट २०२१ सातमा उत्तरमध्यमा, २०२३ सालमा शास्त्री उत्तीर्ण गर्दै २०२४ सालमा साहित्यरत्न उपाधि प्राप्त गरे ।[28] २०२५ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए पूरा गर्छन् भने २०२६/२७ सालमा नै संस्कृत साहित्यतर्फ आचार्य सम्मको अध्ययन गरे । [29]

### २.१.६ किशोर र वयस्क अवस्था

दैवज्ञराज न्यौपानेको किशोर अवस्था पठनपाठनमा नै बितेको थियो । वयस्क अवस्थामा पठनपाठनका अतिरिक्त खेलकुद र राजनीतितर्फ पनि रूचि थियो ।[30] उनले उच्च शिक्षा पूरा गरिसकेपछि प्राध्यापन पेसा अँङ्गालेको पाइन्छ ।

### २.१.७ पारिवारिक पृष्ठभूमि

दैवज्ञराज न्यौपानेको बाजे पं. छविलाल उपाध्याय न्यौपाने र पिता पं. गणेशप्रसाद उपाध्याय न्यौपाने हुन् ।[31] शिक्षित ब्राम्हण परिवारमा जन्मिएका न्यौपानेका पितापूर्खाहरू विर्तावाल र आस्तिक किसिमका थिए ।[३२]

---

[२६] शोधनायकबाट प्राप्त जानकारी ।

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] ऐजन

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

## २.१.८ विवाह एवम् पारिवारिक अवस्था

### २.१.८.१ विवाह

दैवज्ञराज न्यौपानेको दुईटा विवाह भएको देखिन्छ । उनको पहिलो विवाह २०२९ साल आषाढ २९ गते धनकुटा निवासी डा. शिवप्रसाद उपाध्याय पोखेलकी छोरी रीता पोखरेलसँग जनकपुरबाट भएको थियो ।[३३] उनी त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानमा प्रशासकीय अधिकृति थिइन् ।[३४] उनलाई दुर्भाग्यवस अर्वुद रोग लागेर उपचारार्थ देश विदेशका विभिन्न अस्पताल लैजाँदा पनि ठीक नहुने देखेपछि पारिवारिक सल्लाह अनुसार न्यौपानेले दोस्रो विवाह गरेका हुन् ।[३५] उनको दोस्रो विवाह २०४६ सालमा विराटनगर निवासी श्री दयानिधि कोइरालाकी छोरी सुधा कोइरालासँग काठमाडौँमा भएको हा ।[३६] श्रीमती सुधा न्यौपानेले दुई विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेकी छन् भने उनी महिला तथा बालबालिका समाजकल्याण मन्त्रालयमा उप-सचिव पदबाट सरूवा भई हाल प्रधान मन्त्रीको कार्यालयमा सह- सचिव पदमा कार्यरत छन् ।[३७]

### २.२.८.२ छोराछोरी

दैवज्ञराज न्यौपानेका चार छोराछोरी छन् । रीता न्यौपानेतर्फ कमशः भूषणराज र उज्ज्वल न्यौपाने गरी दुई छोरा र एक छोरी अर्चना छन् भने सुधा न्यौपानेतर्फ एक छोरा सौरवराज न्यौपाने छन् ।[३८] न्यौपाने आफ्ना तीन छोराछोरीलाई उपर्युक्त शिक्षा दिँदै आ-आफ्ना खुट्टामा उभिन सक्ने बताएका छन् साथै जेठा भुषणराज र छोरी अर्चनाको विवाह पनि गरिदिइसकेका छन् भने माहिला छोरा उज्ज्वल कम्प्युटर इर्न्फमेसन साइन्समा पि.एच..डी.गर्दै छन् भने कान्छा छोरा सौरवराज न्यौपाने थापाथली कलेजमा आइ.एस.सी.मा अध्ययनरत छन् ।

### २.१.८.३ नातिनातिना

---

[३३] गीता सुवेदी, **बालसाहित्यकार दैवज्ञराज न्यौपाने,** अप्रकाशित एम्.ए शोध पत्र नेपाली केन्द्रीय विभाग,२०५६) पृष्ट २१ ।

[३४] शोधनायक बाट प्राप्त जानकारी

[३५] ऐजन ।।

[३६] ऐजन ।

[३७] सुधा न्यौपानेबाट प्राप्त जानकारी ।

[३८] सौरवराज न्यौपानेवाट प्राप्त जानकारी ।

दैवज्ञराज न्यौपानेका जेठा छोरा भूषणराज र छोरी अर्चना विवाहित छन् । उनका छोरीतर्फ आयुस र शिवांसी गरी दुई नातिनातिनी रहेका छन् ।[३९]

## २.१.९ आर्थिक अवस्था

दैवज्ञराज न्यौपानेको जन्म सम्पन्न र शिक्षित परिवारमा भएको थियो । ६ कक्षादेखि नै घरबाट बाहिर बसेर पढेका न्यौपानेको स्नातकोत्तर उपाधि हासिल गर्दासम्म आर्थिक स्रोत घरबाट नै प्राप्त हुन्थ्यो ।[४०] न्यौपानेको आर्थिक अवस्था छेलोखेलो रूपमा नभएर मध्यम स्तरकै रहेको पाइन्छ ।[४१]

## २.१.१० पेसा व्यवसाय

दैवज्ञराज न्यौपानेको जागिरे जीवनको सुरुवात २०१८ सालदेखि नै भएको हो । उनले २०१८ सालमा दावा, भोजपुरको प्राथमिक विद्याालयमा प्रधानाध्यापकका रूपमा चार महिना काम गरे ।[४२] भने बीचमा कहिलेकाहीँ कुनै विद्यालयमा अतिथि शिक्षकका रूपमा काम गरे पनि २०२७ सालदेखि कलेजमा पढाउन थालेका हुन् ।[४३] उनले २०२७ साल जेष्ठ १४ गतेदेखि भक्तपुर कलेजमा प्राध्यापन सेवा सुरू गरे पनि केही दिनपछि श्री ५को सरकार राष्ट्रिय व्यवसायिक केन्द्र सानोठिमी भक्तपुरमा नेपाली विषयको राजपत्राङ्कित अधिकृत शिक्षा सेवा तृतीय श्रेणीमा नियुक्ति हुन्छन् ।[४४] २०३० साल श्रावण १ गतेदेखि पुनः भक्तपुर क्याम्पसमा उपप्राध्यापक, २०३१ सालदेखि पाटन संयुक्त क्याम्पसमा प्राध्यापक हुँदै २०४३ फाल्गुन १ गतेदेखि नेपाली केन्द्रीय विभाग त्रि.वि कीर्तिपुरमा सेवारत हुनुहुन्छ ।[४५] यसका

---

[३९] शोधनायकबाट प्राप्त जानकारी ।

[४०] शोधनायकबाट प्राप्त जानकारी ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] ऐजन ।

साथै उनले रत्नराज्यलक्ष्मी क्याम्पस, बानेश्वर क्याम्पस,र्दुवस्को क्याम्पस आदि विभिन्न क्याम्पसमा प्राध्यापन गरेका छन् ।[४६]तसर्थ यिनको मुख्य पेसा प्राध्यापन नै रहेको पाइन्छ ।

## २.२ व्यक्तित्वको रूपरेखा

### २.२.१ साहित्येतर व्यक्तित्व

दैवज्ञराज न्यौपानेका साहित्येतर व्यक्तित्वहरूमा, राजनैतिक व्यक्तित्व, दार्शनिक व्यक्तित्व, अभिनेता व्यक्तित्व, शैक्षिक व्यक्तित्व र खेलाडी व्यक्तित्वजस्ता विविध व्यक्तित्वहरू पर्दछन् । यी विभिन्न व्यक्तित्वको सामान्य जानकारी तल प्रस्तुत गरिएको छ ।

#### २.२.१.१ सामाजिक व्यक्तित्व

दैवज्ञराज न्यौपाने सामाजिक सेवाप्रति निकै जागरूक देखिन्छन् । उनी विभिन्न संघसंस्थाहरू (भानु सेवा समिति, हिन्दूधर्म एकता महासंघ, भोजपुरे सेवा समाज, पञ्चकुमारी सामाजिक गुठी बानेश्वर, उदयानन्द स्मारक गुठी, सगुन स्मृति समाज आदिमा संलग्न रहेको पाइन्छ ।[४७]

#### २.२.१.२ धार्मिक व्यक्तित्व

दैवज्ञराज न्यौपाने ईश्वरीय आस्थाभन्दा मानवीय कर्म र निष्ठामा विश्वास गर्दछन् ।[४८]

#### २.२.१.३ राजनीतिक व्यक्तित्व

दैवज्ञराज न्यौपानेलाई २०१५ सालमा भएको आम निर्वाचनले राजनीतिकतर्फ प्रभाव पारेको थियो । उनी २०१८ मा दिङ्ला संस्कृत पाठशालामा स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष २०२१ सालमा वाल्मीकि क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनमा सदस्य, २०२३ सालमा संस्कृत छात्रवास छात्र युनियनका अध्यक्ष र २०२७ सालमा ने. वि.सं को स्थापना भएपछि त्यसको संस्थापक सदस्य समेत भएका थिए ।[४९] उनी राजनीतिक व्यक्तित्व भएकै कारणले २०२१/२२ सालको छात्र आन्दोलनमा ४ महिना जेल पनि परेका थिए । हाल

---

४६ ऐजन ।

४७ शोधनायकबाट प्राप्त जानकारी ।

48 पार्वती घिमिरे, **गीतकार दैवज्ञराज न्यौपाने,** (अप्रकाशित शोधपत्र एम्.ए) नेपाली केन्द्रीय विभाग, २०६२, पृ.५६ ।

49 पूर्ववत् ।

न्यौपानेको प्रजातन्त्रप्रति आस्था रहे तापनि कुनै राजनीतिक पार्टीसँग आबद्ध रहेका छैनन् ।[५०]

### २.२.१.४ दार्शनिक व्यक्तित्व

दैवज्ञराज न्यौपानेले औपचारिक रूपमा नै दर्शन शास्त्रको अध्ययन गरेका छन् ।[५१] मिमांसा दर्शनमा आचार्यसम्मको अध्ययन गरेका न्यौपाने अध्यात्मवादलाई भन्दा जीवन र जगत्लाई सामाजिक दृष्टिकोणबाट हेर्छन् । उनको दार्शनिक मान्यता नै 'मानिस समाज उपयोगी हुनुपर्छ [५२] भन्ने रहेको छ ।

### २.२.१.५ अभिनेता व्यक्तित्व

दैवज्ञराज न्यौपाने अभिनय कलामा पनि निपूर्ण थिए । उनले २०२५ सालको दीक्षान्त समारोहमा आयोजित साँस्कृतिक कार्यक्रममा 'मालतीमाधव' नाटकको सहायक नायक 'मकरन्द' को भूमिका निर्वाह गर्नुका साथै भीमनिधि तिवारीको 'शिलान्यास' नाटकमा द्रव्य शाह बनेर प्रमुख भूमिका खेलेका थिए ।

दीक्षान्त समारोहमा उनले सहायक पात्रको सफल अभिनय गरेको हुनाले स्वर्ण पदक पनि प्राप्त गरेका थिए ।[५३] केटाकेटी अवस्थादेखि नै नाटकमा अभिनय गर्दै आएका न्यौपाने विश्वविद्यालयको विद्यार्थी छदाँ विजय मल्लको भोलि के हुन्छ ? नाटकमा अभिनय गर्नुका साथै सनातन धर्म सेवा समितिबाट विभिन्न धार्मिक नाटकहरूमा निर्देशनको भूमिका पनि निर्वाह गरेको पाइन्छ ।[५४]

### २.२.१.६ खेलाडी व्यक्तित्व

50 सुधा न्यौपानेबाट प्राप्त जानकारी ।

५१ शोधनायकबाट प्राप्त जानकारी ।

५२ ऐजन ।

५३ शोधनायकबाट प्राप्त जानकारी ।

५४ ऐजन ।

दैवज्ञराज न्यौपानेले विद्यार्थी जीवनमा पठनपाठनसँगसँगै लङजम, हाइजम, फुटबल, भलिबलजस्ता खेलकुदहरूमा पनि रूचि देखाएका थिए । उनले उच्च शिक्षाका लागि दाङमा बस्दा हाइजम र लङजममा भाग लिएर प्रथम भई राष्ट्रिय  रेकर्ड कायम गरेका थिए ।[५५]

### २.२.१.७ शैक्षिक व्यक्तित्व

दैवज्ञराज न्यौपानले आफ्ना बाबुको रेखदेखमा रहेर अनौपचारिक शिक्षा आफ्नै जन्मस्थलोमा रहेको संस्कृत विद्यालय हुँदै दिङला, दाङ र काठमाडौँसम्म गएर नेपाली साहित्यमा स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरे भने संस्कृत दर्शनमा पनि आचार्य गरेका छन् ।[५६]

## २.२.२ साहित्यिक व्यक्तित्व

### २.२.२.१  दैवज्ञराज न्यौपानेको बालसाहित्यकार व्यक्तित्व

बालसाहित्यकार व्यक्तित्व अन्तर्गत बालकवि व्यक्तित्व, बालकथाकार व्यक्तित्व बालजीवनीकार व्यक्तित्व, र गीतकार व्यक्तित्व आदि पर्दछन् ।[५७] यी विभिन्न बालसाहित्यकार व्यक्तित्वहरूलाई निम्नलिखित उपशीर्षकहरूमा अध्ययन गरिएको छ ।

### २.२.२.१.१ बालकवि व्यक्तित्व

दैवज्ञराज न्यौपानेले बालकहरूले बुझ्न सक्ने र उनीहरूलाई मन पर्ने बालकविताहरू थुप्रै लेखेका छन् । बालमनोविज्ञानलाई बुझेर बालकविता लेख्न सक्ने भएकाले उनी बालकविका रूपमा निकै चर्चित छन् । न्यौपानेका हालसम्म तोते बोली ( २०३८) गाँउखाने कविता (२०४३), बालसंसार (२०५३) र सबै हाम्रा साथी (२०५६) गरी चारवटा  बालकवितासङग्रह प्रकाशित भएका छन् भने बालक, मुना, किशोर आदि थुप्रै पत्रपत्रिकाहरूमा उनका बालरचनाहरू प्रकाशित भएको पाइन्छ ।[५८] उनका बालकविताहरू प्राथमिक तथा निम्नमाध्यमिक तहका कक्षाहरूका  पाठयक्रममा समेत समेटिएका छन् ।

### २.२.२.१.२ बालकथाकार व्यक्तित्व

---

[५५] ऐजन ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] शोधनायकबाट प्राप्त जानकारी ।

दैवज्ञराज न्यौपाने बालकथाकार पनि हुन् । उनका सङ्गृहित रूपमा बालकथासङ्ग्रह प्रकाशित नभए पनि मुना, गरिमा, बालसाथी र बालक आदि थुप्रै साहित्यिक पत्रिकाहरूमा प्रशस्त बालकथाहरू प्रकाशित भएका छन् ।[५९] उनका कथाहरू युनाइटेड नेपाल पब्लिकेसन प्रा.लि.ले अङ्ग्रेजी भाषामा र नेपाली भाषामा थुप्रै प्रकाशित गरेको पाइन्छ ।

#### २.२.२.१.३ बालजीवनीकार व्यक्तित्व

दैवज्ञराज न्यौपाने बालजीवनीकार व्यक्त्वि पनि हुन् । उनले बालबालिकालाई प्रेरणा र हौसला मिल्ने खालका विश्वका महान् व्यक्तिहरूको बाल्यकालको जीवनीमा आधारित पुस्तक 'हुने बिरूवाका चिल्ला पात' (२०४५), प्रकाशित गरेका छन् ।[६०]

#### २.२.२ं.१.४ बालगीतकार व्यक्तित्व

दैवज्ञराज न्यौपानेका बालगीतहरू छापा र सञ्चारमा प्रशस्त पाइन्छन् । उनको यो देश कसको ? जस्ता बालगीतहरू रेडियो नेपालमा रेकर्ड भएका छन् भने थुप्रै गीतहरू मुना, गरिमा, आदि पत्रपत्रिकाहरूमा छापिएका छन् ।[६१] हालका प्राथमिक तथा निम्नमाध्यमिक तहका कक्षाहरूका पाठयकममा नयाँ पाठयपुस्तकहरूमा र विभिन्न क्यासेटहरूमा यिनका आधा दर्जनभन्दा बढी बालगीत सङ्गृहित छन् ।

### २.२.२.२ प्रौढ साहित्यकार व्यक्तित्व

दैवज्ञराज न्यौपाने प्रौढ साहित्यकार व्यक्तित्व पनि हुन् । उनी बालक, युवा र वृद्धावस्थाका व्यक्तित्वहरूलाई बुझेर र देशप्रेम, प्रकृतिप्रेम, समाजप्रेममा भुलेर साहित्य सिर्जना गर्ने साहित्यकार हुन् । उनको प्रौढ साहित्यिक व्यक्तित्वअर्न्तगत कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, जीवनीकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, गीतकार व्यक्तित्व, भूमिकाकार व्यक्तित्व, सम्पादक व्यक्तित्व, समालोचक व्यक्तित्व, परामर्शदाता व्यक्तित्व, प्रेरक व्यक्तित्व र साहित्यिक सङ्गठक व्यक्तित्व पर्दछन् ।[६२]

#### २.२.२.२.१ कवि व्यक्तित्व

---

[५९] ऐजन ।

[६०] पार्वती घिमिरे, **गीतकार दैवज्ञराज न्यौपाने** (अप्रकाशित शोधपत्र एम्.ए.) नेपाली केन्द्रीय विभाग, त्रि.वि कीर्तिपुर (२०६२) पृ. २६

[६१] सौरभराज न्यौपानेबाट प्राप्त जानकारी ।

[६२] शोध नायकबाट प्राप्त जानकारी ।

दैवज्ञराज न्यौपानेले २०१४ सालदेखि कविता विधाबाट लेखन यात्रा प्रारम्भ गरेको पाइन्छ । उनको पहिलो रचित कविता 'सरस्वती स्तुति' हो भने पहिलो प्रकाशित कविता 'उनीमा निम्तो' (२०२०) हो ।[६३] उनका कविताहरूमा विषयवस्तुमा विविधता पाइनुका साथै विविध छन्द, रस र अलङ्कारको प्रयोग भएको पाइन्छ । उनका हालसम्म प्रौढ कविताहरूको सङ्ग्रहका रूपमा सिर्जनाको लहर (२०३५) र जोरमुरली (२०४६) गरी दुईवटा कृतिहरू प्रकाशित छन् ।[६४]

न्यौपानेको कवि व्यक्तित्वमा उनको हास्यकवि व्यक्तित्वलाई समेत समेट्न सकिन्छ । उनका 'सज्जन हे नभः देव्याष्टक', स्यूर लाली गुराँस' आदि सफल हास्यकविताहरू हुन् ।[६५]

### २.२.२.२.२. कथाकार व्यक्तित्व

दैवज्ञराज न्यौपाने सफल कथाकार पनि हुन् । उनका कथाहरूमध्ये पहिलो कथा 'योग्यताको कदर' हो भने उनका थुप्रै कथाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् ।[६६] न्यौपानेले पौराणिक कथाहरू मनुस्मृति, भागवत पुराण,शिव पुराण आदिबाट प्रसङ्ग लिएर मौलिक र समाज सापेक्ष किसिमका कथा लेखेको पाइन्छ ।[६७]

### २.२.२.२.३ निबन्धकार व्यक्तित्व

दैवज्ञराज न्यौपाने निबन्धकार पनि हुन् । उनको पहिलो निबन्ध 'नारी सम्बन्ध एक टिपोट' हो । भने अन्य निबन्धहरू भारत आसामबाट समेत प्रकाशित छन् । उनका अधिकांश निबन्धहरू राष्ट्रगौरव र नारी स्वतन्त्रताका पक्षमा लेखिएका छन् ।[६८]

### २.२.२.२.४ खण्डकाव्यकार व्यक्तित्व

---

[६३] ऐजन ।

[६४] पूर्ववत् ।

[६५] पार्वती घिमिरे, **गीतकार दैवज्ञराज न्यौपाने** (एम्. ए. अप्रकाशित शोधपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६२ पृ. २५१ ।

[६६] शोधनायकबाट प्राप्त जानकारी ।

[६७] पूर्ववत् ।

[६८] शोधनायकबाट प्राप्त जानकारी ।

दैवज्ञराज न्यौपाने सफल खण्डकाव्यकार हुन् । उनले प्रकृतिको चित्रण, ऐतिहासिक व्यक्तित्व, अतीतको सम्झना, देश भक्तिको भावना, नारी कुण्ठा, निराशा आदिलाई विषय बनाएर खण्डकाव्य सिर्जना गरेका छन् । उनको 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रह (२०६३) प्रकाशित छ ।[६९] त्यस सङ्ग्रहमा समेटिएका खण्डकाव्यहरू मूलत लघु आकारका छन् ।[७०] ती खण्डकाव्यहरूको विस्तृत विश्लेषण यस शोध पत्रमा गरिन्छ ।

### २.२.२.२.५ जीवनीकार व्यक्तित्व

दैवज्ञराज न्यौपाने प्रेरक व्यक्तित्वको जीवनी लेख्नमा ज्यादै चासो राख्दछन् । उनले बाल उपयोगी किसिमका जीवनी लेख्दा विश्व प्रसिद्ध प्रतिभाहरूको बाल्यकालको जीवनी लेखेका छन् भने नेपालका विशिष्ट ऐतिहासिक व्यक्ति प्रतिभाहरूको जीवनी पनि लेखेका छन् ।[७१] उनका राजेश्वरी ,कलाकार केटो आदि जीवनीपरक लेखहरू प्रकाशित छन् ।[७२]

### २.२.२.२.६ गीतकार व्यक्तित्व

दैवज्ञराज न्यौपानेको गीतकार व्यक्तित्व अत्यन्त सबल किसिमको देखिन्छ । बाल गीतहरूको अतिरिक्त उनले थुपै प्रौढ आधुनिक गीत, राष्ट्रगीतहरू लेखेका छन् । उनको 'इन्द्रेणी भई म आइदिन्छु' बोलको गीत २०२९ सालमा रेडियो नेपालमा प्रथम पटक रेकर्ड भएको हो ।[७३] न्यौपानेका एकदर्जन भन्दा बढी आधुनिक गीत, राष्ट्रगीत, बालगीतहरू रेडियो नेपालमा रेकर्ड भइसकेका छन् भने पद्मावती सिंह, दिपक खरेल आदिले उनका गीतहरू समेटेर क्यासेट पनि निकालिसकेका छन् ।[७४]

### २.२.२.२.७ भूमिकालेखक व्यक्तित्व

दैवज्ञराज न्यौपानेले एकल र संयुक्त विभिन्न कृतिहरूमा भूमिका लेखेको पाइन्छ । उनले मोहन कोइरालाको 'गजपथ' महाकाव्य, भूवनहरि सिग्देलको 'विभुधारा' महाकाव्य, राधेश्याम भट्राईको 'हलेसी' खण्डकाव्य, मित्रप्रसाद दाहालको 'प्रमद्धरा' खण्डकाव्य,

---

[६९] रमेश शुभेच्छुबाट प्राप्त जानकारी ।

[७०] ऐजन ।

[७१] ऐजन ।

[७२] ऐजन ।

[७३] पूर्ववत् ।

[७४] सुधा न्यौपानेबाट प्राप्त जानकारी ।

सीताराम अधिकारीको 'देवघाट' खण्डकाव्य, कुमार के.सी. को 'आँसुको उद्घोष' खण्डकाव्य, रमेश शुभेच्छुको 'माधव घिमिरे' बालखण्डकाव्य र सत्यराज आर्चायको 'पत्नीलाई चिठी' खण्डकाव्य लगायत अन्य कविता, कथाहरूमा गरी ४० भन्दा बढी एकल साहित्यिक कृतिहरूमा भूमिका लेखेका छन् ।[७५]

### २.२.२.२.८ सम्पादक व्यक्तित्व

दैवज्ञराज न्यौपानेले इलम, देउराली, धर्म सन्देश, भानुदर्शन, वाङ्मय, आदि धेरै साहित्यिक पत्रपत्रिकाहरू सम्पादन गर्नुका साथै त्रिभुवन विश्वविद्यालयका पाठ्यक्रम अनुसार तयार पारिएको कविता भाग १, २, ३, र ४ जस्ता पुस्तकको सम्पादन गर्न सहयोग पुऱ्याएका छन् ।[७६] यस पुस्तकमा सम्पादकत्रय प्रा. डा. वासुदेव त्रिपाठी ,प्राध्यापक दैवज्ञराज न्यौपाने र सहप्राध्यापक केशव सुवेदी रहेका छन् ।[७७] न्यौपानेले २०५१ सालमा भोजपुरे सेवा समितिद्वारा प्रकाशित भएको 'नारदमुनि थुलुङ् स्मृति ग्रन्थ' जस्ता विभिन्न ग्रन्थहरूमा पनि सम्पादकीय लेखेको पाइन्छ ।[७८]

### २.२.२.२.९ समालोचक व्यक्तित्व

दैवज्ञराज न्यौपाने कुशल समालोचक हुन् । उनको पहिलो समालोचनात्मक लेख 'कथाकार मैनाली र उनका प्रवृत्ति हो ।[७९] उनका कवि शिरोमणि लेखनाथ पौड्यालको तरूणतपसी, कवि मोतीराम भट्टका विभिन्न कृतिहरू,कविवर माधव घिमिरेको राष्ट्र निर्माता, साहित्यकार म.वी.वि. शाहका कृतिहरू, भारती खरेल र उनको 'कुमारी आमा उपन्यास', योगी नरहरिनाथ र उनका 'शिखरिणी यात्रा' खण्डकाव्य, मोहन कोइरालाको गङ्गा प्रवास (लामो कवितासङ्ग्रह) र लक्ष्मीप्रसाद देवकोटाका विभिन्न कृतिहरूमा समालोचनात्मक लेखहरू लेखेका छन् ।[८०] न्यौपानेका 'गुणराज उपाध्यायको

---

[७५] शोधनायकबाट प्राप्त जानकारी ।

[७६] ऐजन ।

[७७] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग -४** (२०४६) काठमाडौं : साझा प्रकाशन, आवरणभागबाट ।

[७८] शोधनायकबाट प्राप्त जानकारी ।

[७९] तीर्थराज घिमिरे,**दैवज्ञराज न्यौपानेको जीवनी,व्यक्तित्व र कृतित्व** (अप्रकाशित शोधपत्र, एम.ए.त्रि.वि.२०५४ पृ ३७ ।

[८०] शोधनायकबाट प्राप्त जानकारी ।

खण्डकाव्यहरूको मूल्याङ्कन' (२०४९) र 'नेपाली नाट्य परम्परा र भारती खरेलका नाटकहरू' (२०५४) गरी दुईवटा समालोचनात्मक ग्रन्थहरू प्रकाशित भएको पाइन्छ ।[८१]

### २.२.२.२.१० परामर्शदाता एवम् प्रेरक व्यक्तित्व

दैवज्ञराज न्यौपानेले गोरखापत्र संस्थानबाट प्रकाशित 'मुना' (बालमासिक पत्रिका ) र नेपाल बालसङ्गठनद्वारा प्रकाशित 'बालक' (बालसाहित्यिक पत्रिका) आदि पत्रिकाहरूमा सुरूदेखि नै परार्मशको भूमिका निर्वाह गर्दै आएका छन् ।[८२] नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरबाट प्रकाशित कुञ्जिनी (साहित्य समालोचना विशेषाङ्क) मा पनि उनलाई सल्लाहकारका रूपमा पाउन सकिन्छ ।[८३]

दैवज्ञराज न्यौपाने बालसाहित्यकार भएका हैसियतले शिशिर शर्मा लगायत थुप्रै बालबालिकाहरूको प्रेरक व्यक्तित्व बनेका छन् भने कतिपय रामेश्वरमातृदास, लालगोपाल सुवेदी, शिव अधिकारी, सुधा न्यौपाने आदि जस्ता प्रौढ साहित्यकारहरूले प्रेरक व्यक्तित्वका रूपमा नाम लिनु पर्दा दैवज्ञराज न्यौपानेको नाम उल्लेख गरेको पाइन्छ ।

### २.२.२.२.११ साहित्यिक सङ्गठक व्यक्तित्व

दैवज्ञराज न्यौपानेले १० वर्षकै उमेरबाट कविता विधामा कलम चलाएको पाइन्छ । उनले साहित्यिक यात्रालाई अगाडि बढाउने क्रममा विभिन्न साहित्यिक सङ्घसस्थाहरूसँग आबद्ध भएको पाइन्छ । भानु सेवा समिति ,भानु प्रतिष्ठान ,छिन्नलता पुरस्कार गुठी ,दीप स्मृति पुरस्कार गुठी, भारती खरेल प्रतिष्ठान, आदि संस्थाहरूमा उनको योगदान उल्लेखनीय छ ।

## २.३ कृतित्वको रूपरेखा

## २.३.१ प्रकाशित कृतिहरू

दैवज्ञराज न्यौपाने कुशल कवि तथा लेखक हुन् । उनका साहित्यिक र साहित्येत्तर गरी दुई प्रकारका करिब एक एक दर्जन जति कृतिहरू प्रकाशित भइसकेका छन् । यी प्रकाशित कृतिहरू यसप्रकार छन् [८४]

---

[८१] ऐजन ।

[८२] ऐजन ।

[८३] घनश्याम उपाध्याय, नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरबाट प्राप्त जानकारी ।

[८४] शोधनायकबाट प्राप्त जानकारी ।

१ सिर्जनाको लहर (गीतिकविता र गीतसङ्ग्रह, २०३५)

२ तोतेबोली (बालकवितासङ्ग्रह, २०३८ )

३ गाउँखाने कविता (बालकवितासङ्ग्रह, २०३४ )

४ हुने बिरूवाका चिल्ला पात, (२०४५)

५ जोर मुरली (कवितासङ्ग्रह, २०४६)

६ बालसंसार (बालकविता र गीतसङ्ग्रह, २०५३)

७ गुणराज उपाध्यायका खण्डकाव्यहरूको मूल्याङ्कन (समालोचनात्मक ग्रन्थ, २०४९ )

८ नाट्य परम्परा र भारती खरेलका नाटकहरू (समालोचना ग्रन्थ, २०५४ )

९ सबै हाम्रा साथी (बालकवितासङ्ग्रह, २०५६ )

१० सम्झनाको धरातलबाट (खण्डकाव्यसङ्ग्रह, २०६३ )

यी पुस्तककार कृतिका साथै उनका ३०० जति फुटकर लेखरचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् । ७१ पूवर्वत) यस शोध कार्यमा दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको मात्र निरूपण गरिने हुँदा प्रकाशित सबै लेख रचनाहरूको विवरण प्रस्तुत गर्न आवश्यक ठानिएन ।

## २.३.२ प्रकाशोन्मुख कृतिहरू

दैवज्ञराज न्यौपानेका माथि उल्लेखित प्रकाशित कृतिहरूका साथै एक दर्जन भन्दाबढी प्रकाशोन्मुख कृतिहरू रहेको समेत जानकारी पाइन्छ । ती प्रकाशोन्मुख कृतिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- घामले ढोका खोल्यो (प्राथमिक कवितासङ्ग्रह )
- किशोर (माध्यमिक कवितासङ्ग्रह)
- पोल्टाका गीतहरू (शिशु गीतसङ्ग्रह)
- मायाप्रीतिका छाल (गीतिकवितासङ्ग्रह)
- लहरबेली (कवितासङ्ग्रह)
- सीमाहीन आकाश (कवितासङ्ग्रह)

– पौराणिक बालकथासङ्ग्रह

– बालपहेँली (कवितासङ्ग्रह)

- एकादशी (बालकथासङ्ग्रह)

- तीन भँगाला (कवितासङ्ग्रह)

- घामछायाका तरेलीहरू (गीतिकवितासङ्ग्रह)

## २.४ प्राप्त सम्मान तथा पुरस्कार

दैवज्ञराज न्यौपानेले विभिन्न साहित्य सम्मेलन र कविता महोत्सवमा सम्मान तथा पाँच स्वर्ण पदक प्राप्त गरेका छन्  भने सम्मान तथा अन्य पुरस्कारहरू पनि धेरै प्राप्त गरेका छन् । ती सम्मान तथा पुरस्कारहरूको विवरण यस प्रकार छन् ।

### २.४.१ प्रथम पुरस्कार तथा स्वर्ण पदक

- उपत्यखण्डकाव्यापी अन्तर महाविद्यालय स्तरीय साहित्य प्रतियोगिता (२०२२)[८५]

- राष्ट्रव्यापी साहित्य सम्मेलन (२०२२)[८६]

- युवा महोत्सव ( २०२३ )[८७]

- त्रि. वि. सातौं दीक्षान्त समारोह (२०२४)[८८]

- ललितपुर जिल्ला सङ्गठन (२०४२)[८९]

### २.४.२ सम्मान तथा अन्य पुरस्कार

- युवावर्ष मोती पुरस्कार ( २०२४)

- बालहितकारी पुरस्कार (२०४९)

- बालसाहित्य पुरस्कार (२०४९)

- गुणराज व्याख्यान पुरस्कार (२०४९)

---

[८५] शोधनायकबाट प्राप्त जानकारी ।

[८६] ऐजन ।

[८७] ऐजन ।

[८८] ऐजन ।

[८९] ऐजन ।

- भारती खरेल व्याख्यान पुरस्कार (२०५४)
- छिन्नलता सम्मान पुरस्कार (२०५५)
- दीपस्मृति सम्मान पुरस्कार (२०५७)
- छिन्नलता विशेष सम्मान तथा पुरस्कार (२०६२)
- योगीनरहरिनाथ ट्रष्ट-अभिनन्दन पत्र (२०६३)
- उदयानन्द पुरस्कार (२०६४)

दैवज्ञराज न्यौपानेले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं महानगरपालिका, राप्ती साहित्य समिति आदि विभिन्न संस्थाद्धारा आयोजित कविता महोत्सव, साहित्य सम्मेलन आदि कार्यक्रमहरूमा अन्य विभिन्न पदक तथा पुरस्कार प्राप्त गरेका छन् ।

## २.५ स्वास्थ्य अवस्था

दैवज्ञराज न्यौपानेको २००४ साल माघ ३० गतेका दिनमा जन्म भएको थियो । उनी बाल्यावस्था, किशोरावस्था र युवावस्थामा अत्यन्त सुन्दर, स्वाथ्य भएका थिए । उनलाई गाउँका छरछिमेकीहरू र आफन्तले बाल्यकालमा फूलको कोपिला भन्ने गर्थे भने युवा अवस्थामा हिरो, सुन्दर, हट्टाकट्टा व्यक्ति भन्ने गर्थे ।[१०] तर उनलाई वयस्क अवस्थादेखि नै उच्चरक्तचाप र मधुमेहले सताएको पाइन्छ । उनलाई २०६३ भाद्र १५ बाट अपर्झट पक्षघात भएर हालसम्म पनि हिडडुल गर्न अशक्त अवस्थामा रहेका छन् ।

---

[१०] शोधनायकबाट प्राप्त जानकारी ।


# परिच्छेद तीन

## खण्डकाव्यको सैद्धान्तिक स्वरूप

### ३.१ साहित्यको एक विधाका रूपमा कविता

मान्छेको अन्तरतलका भाव तरङ्गहरूलाई कलात्मक भाषाका माध्यमबाट व्यक्त गरिने अभिव्यक्ति नै साहित्य हो । लयात्मक साहित्यलाई पद्य र लयइतर साहित्यलाई गद्य भनिन्छ । गद्य अर्न्तगत आख्यान र आख्यानेतर साहित्य पर्दछन् भने पद्य अर्न्तगत आख्यानरहित कविताहरू पर्दछन् । यस अर्थमा मानवीय अन्तरमनका अनुभूतिलाई भाषाका माध्यमबाट व्यक्त गरिने लयात्मक अभिव्यक्ति नै कविता हो ।

कविता एउटा विधा हो, यसका पनि अनेक उपविधात्मक रूपहरू छन् । दुई हरफे तुक्का,चारहरफे मुक्तकदेखि लाखौँ श्लोक सङ्ख्या भएका महाकाव्यात्मक कृतिहरू पनि कवितामा नै पर्दछन् । कविता विधाका उपविधात्मक स्वरूपहरूलाई सङ्क्षेपमा यसप्रकार देखाउन सकिन्छ ।[91]





91 वासुदेव त्रिपाठी र अन्य (सम्पा), नेपाली कविता भाग ४, साझा प्रकाशन : २०५३, पृ. ५६-५७ ।

उपर्युक्त रेखाचित्रका आधारमा कविताको स्वरूपलाई सामान्यतया बुझ्न सकिन्छ । यस आधारमा हेर्दा कविताको लघुतम् रूपमा मुक्तक, सायरी जस्ता लघुतम् रूपहरू पर्दछन् । यसमा अनुभूतिको सानो झिल्को मात्र हुन्छ । लघु रूप लघुतम् रूपको तुलनामा केही व्यापक आयामलाई ग्रहण गर्छ । यसले अनुभूतिको एक निश्चित प्रवाहलाई अभिव्यक्त गर्न सक्छ । यसमा फुटकर कविताहरू पर्दछन् । गीतलाई पनि यसै रूपमा अध्ययन गर्न सकिन्छ । कसै-कसैले पछिल्ला दिनमा विकसित गजललाई पनि यसैमा राखेर अध्ययन गर्ने गरेको पाइन्छ । लघु रूपभन्दा ठूलो र बृहत रूपभन्दा सानो आयाममा देखापर्ने अर्को कवितात्मक उपविधा खण्डकाव्य हो । यसलाई पूर्वमा खण्डकाव्यको रूपमा र पश्चिममा लामो कविताका रूपमा स्वीकार गरिएको छ । सबैभन्दा लामो आयामको कवितात्मक उपविधा बृहत् वा बृहत्तर रूप हो । यसमा प्रचलित महाकाव्यहरू इलियड ओडेसीजस्ता विकसनशील महाकाव्यहरू पनि पर्दछन् ।

कविताको संरचनाका प्रकार विभाजनका क्रममा केही नवीन दृष्टिकोणहरू पनि विकसित भएका छन् । कविता एउटा पूर्ण र जीवन्त विधा हो । संसारका जुनसुकै भाषामा रचिएका कविताको यान्त्रिक वा तार्किक विन्यासमा सामान्यतया भिन्नता पाइए पनि संरचनामा पूरै समानता पाइन्छ[९२] कविताका प्रकार जे भएपनि एउटै कुरा हो । तिनलाई निम्न लिखित तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।[९३]

- प्रगीतात्मक कविता
- आख्यानात्मक कविता
- नाटकीय कविता

यस वर्गीकरणलाई निम्न लिखित तालिकामा पनि हेर्न सकिन्छ :-




---

[९२] डा. खगेन्द्रप्रसाद लुईटेल, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार,२०६२, ।

[९३] ऐजन ।

माथिका दुई तालिका र तिनको वर्गीकरणका आधारमा हेर्दा आख्यानात्मक कविता र कविताको मझौलारूप 'खण्डकाव्य' बीच समानान्तरता पाउँन सकिन्छ । यस अर्थमा खण्डकाव्यलाई कवितात्मक उपविधाहरूमध्ये मध्यम रूप मानी अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## ३.२ खण्डकाव्य वा कविताको मध्यमरूप

साहित्यको एक विधा खण्डकाव्य वा कविता हो । कवितामा दुई पाउ/हरफका तुका,मुक्तकदेखि लिएर एकलाख श्लोक सङ्ख्यासम्मका बृहत/बृहत्तर आयाम भएका महाकाव्यसम्मका रूप छन् । ती मध्ये खण्डकाव्य कविताको मझौला रूप हो । संरचना र अनुभूति विस्तारका दृष्टिले कविताका पाँच श्रेणीहरू [९४] लघुत्तम् रूप, लघु रूप, मध्यम् रूप, बृहत् रूप र बृहत्तर रूप छन् । यी रूपहरूमध्ये खण्डकाव्य मध्यम रूप अर्न्तगत पर्दछ । यिनलाई क्रमशः मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य (कलात्मक महाकाव्य) र विकसनशील महाकाव्य पनि भनिन्छ । अतः कविताका पाँच श्रेणी वा उपविधामध्ये मझौला रूपको प्रतिनिधित्व गर्ने खण्डकाव्यचाँहि मझौला आयाम भएको कवितात्मक उपविधा हो । लघु रूपभन्दा ठूलो र बृहत्रूपभन्दा सानो मध्य विन्दुको रचना भएको हुनाले खण्डकाव्यलाई कविताको मध्यम रूप भनिएको हो । यसमा फुटकर कवितामा भन्दा विस्तृत हुँदै गइरहेको अनुभूतिको आख्यानलाई समात्छ र आख्यानले कवितालाई विकसित हुन मद्दत गर्दछ ।[९५]

पूर्वीय संस्कृत साहित्यका आचार्यहरूले कविताको मध्यम रूपलाई खण्डकाव्य नामकरण गरेको पाइन्छ । पूर्वीय आचार्यदेखि नेपाली साहित्यका थुप्रै विद्वान्हरूले खण्डकाव्य सम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् तर पाश्चात्य साहित्यमा भने कवितालाई खण्डकाव्य नै भनेर नामकरण गरिएको छैन । कविताको संरचनाभित्र पर्ने मध्यम किसिमको आख्यानयुक्त कवितालाई लामो कविताको संज्ञा दिइएको छ । संस्कृत र नेपाली साहित्य शास्त्रीहरूका खण्डकाव्य सम्बन्धी चिन्तनको अर्न्तमन्थन गर्दा खण्डकाव्यलाई यसरी परिभाषा गर्न सकिन्छ । खण्डकाव्य जीवनजगत्को विराटताका सट्टा जीवनको कुनै एक निश्चित घटना वा अंशको वर्णनका निमित्त आख्यानात्मक वा आख्यानरहित विषयवस्तुलाई

---

[९४] वासुदेव त्रिपाठी र अन्य (सम्पा) **नेपाली कविता भाग ४,** साझा प्रकाशन : २०५३, पृष्ट ५६-५७ ।

[९५] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,** काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७, पृष्ट ३ ।

अङ्गालेर रचिएको सर्गवद्ध वा सर्गरहित प्रबन्ध खण्डकाव्य हो, जुन लयात्मक भाषाशैलीको माध्यमले शृङ्खलित रूपमा प्रस्तुत गरिएको हुन्छ ।

## ३.३ खण्डकाव्यको परिभाषा

नेपाली खण्डकाव्य परम्परामा आउनु पूर्व पूर्वीय आचार्यहरूले खण्डकाव्य सम्बन्धमा विभिन्न धारणाहरू व्यक्त गरेका छन् । त्यस्ता आचार्यहरूमध्ये विश्वनाथको मत बढी स्मरणीय छ । यिनले नै संस्कृत साहित्यमा सर्वप्रथम 'खण्डकाव्य' शब्दको प्रयोग गरी सैद्धान्तिक अवधारणालाई अगाडि ल्याएका हुन् । यिनले एकादेशको अनुशरण गर्ने खण्डकाव्यलाई खण्डकाव्य हो भनेका छन् ।[९६] अर्का आचार्य रूद्रटले प्रबन्ध खण्डकाव्यका दुई भेद देखाउँदै ती दुई खण्डकाव्यका विभेदहरूको पनि सान्दर्भिक चर्चा गरेका छन् ।

नेपाली साहित्यमा खण्डकाव्य लेखनको परम्परा भानुभक्तदेखि नै आरम्भ भएको पाइन्छ । नेपाली साहित्य चिन्तकहरूमध्ये सर्वप्रथम सोमनाथ शर्माले आफ्नो धारणा अगाडि सारेको पाइन्छ । उनले खण्डकाव्यको एक टुका जस्तो कथानक लिएर शृङ्खलित रूपमा बीचबाट उठेर वीचैमा टुङ्गिएको सर्गबन्धन र सन्धिबन्धनहरू नभएको छोटो खण्डकाव्यलाई खण्डकाव्य मानेका छन् ।[९७]

खण्डकाव्य के हो भन्ने सन्दर्भमा बालचन्द्र शर्माले "बयानबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो खण्डकाव्य खण्डकाव्य हो"[९८] भनेका छन् त्यस्तै नेपाली साहित्यका अर्का विद्वान् केशवप्रसाद उपाध्यायले खण्डकाव्यलाई 'खण्डकाव्यमा जीवनको एक अङ्ग विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित काल खण्डमा वा अल्पावधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ' [९९] भनेका छन् ।

---

[९६] विश्वनाथ, **साहित्यदर्पण**, वाराणसी, चौरवम्बा विद्याभवन, (पाँचौं सं,) सन् १९९९, पृ. ५५५ ।

[९७] सोमनाथ शर्मा, **साहित्य प्रदीप,** काठमाडौ : रोयल नेपाल ऐकेडेमी, २०१६,पृ.१०९ ।

[९८] बालचन्द्र शर्मा, **नेपाली शब्दकोश,** काठमाडौँ: रोयल नेपाल एकेडेमी,२०१९ , पृ.१३१ ।

[९९] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश** (चौ' सं.) काठमाडौँ : साझाप्रकाशन, २०४४, पृ. १३१

मोहनहिमांशु थापाले 'खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ र एउटै तथ्यको उद्घाटन र एउटा यथार्थको विश्लेषण हुन्छ'[१००] भनेका छन् । खण्डकाव्य चिन्तक एवम् कवि भानुभक्त पोखरेलले भने 'कविताहरूमा पूर्वापर सम्बन्ध एकान्विति अथवा कथात्मकता भए पनि खण्डकाव्य एक रसात्मक द्रुतगामी सानो खण्डकाव्यकृति हो'[१०१] भनेका छन् । नेपाली खण्डकाव्यका अर्का चिन्तक समालोचक वासुदेव त्रिपाठीले 'खण्डकाव्यलाई कविता विधाको त्यस्तो मझौला रूपसम्मको उपविधागत भेद भन्न सकिन्छ, जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवन जगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक पक्ष वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ'[102] उपर्युक्त परिभाषका साथै दैवज्ञराज न्यौपाने, गोविन्द भट्टराई, महादेव अवस्थी आदिले पनि खण्डकाव्य सम्बन्धी आ-आफ्नो मत प्रस्तुत गरेका छन् । पछिल्लो समयमा प्रकाशित प्रयोगात्मक नेपाली शब्दकोशमा खण्डकाव्यको अर्थ 'खण्डकाव्य फुटकर कविताभन्दा ठूलो महाकाव्यभन्दा सानो एकप्रकारको प्रबन्ध खण्डकाव्य लघु खण्डकाव्य हो । उदाहरण- 'मुनामदन' 'गौरी' [१०३] भनेका छन् ।

उपर्युक्त परिभाषाहरूले खण्डकाव्यलाई के हो भनेर चिनाउन सघाएका छन् । नेपाली साहित्यमा भानुभक्त आचार्यको वधुशिक्षा, मोतीराम भट्टको 'पिकदूत', लेखनाथ पौड्यालको सत्यकलिसंवाद, देवकोटाको 'मुनामदन', माधव घिमिरेको 'राजेश्वरी', बालकृष्ण समको आगो र पानी, सिद्धिचरण श्रेष्ठ 'उर्वशी, मोहन कोइरालाको गङ्गाप्रवास, वासुदेव त्रिपाठीको 'अर्धनारीश्वर', घनश्याम कँडेलको 'देवयानी', हुँदै पछिल्लो समयमा प्रकाशित रामप्रसाद ज्ञावलीको 'एकादेशमा', देवी नेपालको श्रद्धाञ्जली' र रमेश शुभेच्छुको 'हजुरबा'जस्ता कृतिहरू यस आयाममा पर्दछन् । मोहन कोइरालाका लामो कविताहरूलाई पनि खण्डकाव्यात्मक सिर्जना मानी अध्ययन गर्ने गरेको पाइन्छ । त्यस्तै नेपाली साहित्यमा पछिल्ला दिनमा विकसित गजलको लामो आयाममा रचिने गजल गाथालाई पनि यसै आयाममा राखेर अध्ययन गर्न सकिन्छ । यस्ता कृतिमा शिव प्रणतको कुन्ती र रशुका 'सङ्कटमय स्वाभिमान' र मोतीलाई उदाहरणका रूपमा अगाडि सार्न सकिन्छ । यस्ता

---

[१००] हिमांश थापा, **साहित्य परिचय,** (ते.सं.) काठमाडौँ: साझा प्रकाशन,२०४०, पृ.५२ ।

[१०१] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य,** पृ.३३१ ।

[१०२] वासुदेव त्रिपाठी र अन्य **नेपाली कविता भाग-४,** (चौं सं.) काठमाडौं : साझा प्रकाशन, २०६०, पृ.४४ ।

[१०३] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१, पृ.७१ ।

सिर्जनाहरूलाई गीतमा लेखेको भए गीतिखण्डकाव्य र गजलमा लेखेको भए गजलखण्डकाव्य पनि भन्ने गरेको पाइन्छ ।

खण्डकाव्य सम्बन्धमा पूवीर्य आचार्यहरू, नेपाली विद्वान्हरू र विभिन्न शब्दकोषहरूमा दिइएका परिभाषाहरूलाई हेर्दा के स्पष्ट हुन्छ भने खण्डकाव्यमा कथा वा एकाङ्कीमा जस्तै जीवनको कुनै एक पक्षको उद्घाटन भएको हुन्छ भन्ने कुरामा सबैको एउटै मत रहेको पाइन्छ ।

समग्रमा, खण्डकाव्यमा जीवनको कुनै एक पक्षको मात्र चित्रण गरिएको हुँदा झिनु कथानक,थोरै पात्र,सानु परिवेशको चित्रण यसमा गरिएको हुन्छ । तसर्थ खण्डकाव्य फूटकर कविता भन्दा लामो,नव्यखण्डकाव्य वा महाकाव्य भन्दा छोटो कुनै एक घटना विशेषमा आधारित कथानकसहित वा रहित श्रृङ्खलित र लयबद्ध किसिमले लेखिएको प्रंबन्धात्मक खण्डकाव्य हो ।

## ३.४ खण्डकाव्यका तत्वहरू

साहित्यका विधा र उपविधाहरूको तत्व निर्धारण ती विधाका किसिम अनुसार गरिन्छ । तत्वहरूलाई घटक पनि भनिन्छ । तत्वहरू विधागत विशेषताका आधारमा निर्धारण गरिने हुँदा यिनीहरू निश्चित प्रकारका हुन्छन् तर कुनै-कुनै तत्वहरू समय ्अनुसार बदलिँदै आउँछन् । यसको उदाहरणको रूपमा प्राथमिक कालमा पद्य (छन्दमा) लेखिएको मात्र कविता भनिन्थ्यो भने अहिले गद्य पनि कविता हुन्छ । त्यस्तै आख्यान सहितको लामो कविता मात्र खण्डकाव्य हुने परम्परा विपरीत आख्यानहीन खण्डकाव्यहरूले पनि मान्यता पाउन थालेका छन् । कुनै पनि खण्डकाव्यलाई अध्ययन गर्नका लागि त्यसमा निहित विविध पक्षलाई निम्न घटनाहरूद्वारा पत्ता लगाउन सकिन्छ । खण्डकाव्यको पनि शीर्षक हुन्छ । यसको शीर्षक खण्डकाव्यमा वर्णित विषय,पात्रको नाम, कथानकका साथै परिवेश अनुसारको हुन्छ । खण्डकाव्यको शीर्षक त्यसमा अभिव्यक्त मूल विचारको प्रतिनिधित्व गरेर पनि राखिएको हुन सक्छ ।

### ३.४.१ संरचना

खण्डकाव्यको संरचना कविताको मझौलो वा मध्य रूपमा हुन्छ । संरचनालाई बाह्य वा आन्तरिक गरी अध्ययन गर्न सकिन्छ ।

#### ३.४.१.१ बाह्य संरचना

खण्डकाव्यको वाह्वय संरचनामा लय, खण्ड, गण, विश्राम, चरण वा पङ्ति, श्लोक योजनासँगसँगै सर्ग पनि हुन सक्छ । वाह्य संरचना भन्नाले भाषिक वा शैलीगत प्राप्तिलाई बुझ्नु पर्दछ ।

##### ३.४.१.१.१ सर्गविधान

सर्गविधानलाई खण्डकाव्यको अनिवार्य तत्वका रूपमा हेरिएको पाइँदैन । पूर्वीय साहित्याचार्य विश्वनाथले देखाएको खण्डकाव्य भेदकै पृष्ठभूमिमा खण्डकाव्यलाई हेर्दा यसमा सर्ग योजना भए अथवा नभए पनि हुन्छ । नेपाली विद्धान्हरूले पनि खण्डकाव्यको परिभाषा दिने क्रममा सर्ग योजनालाई यसको अनिवार्य तत्वका रूपमा लिइएका छैनन् । तर खण्डकाव्य कविताको मझौला रूप भएको हुनाले र यसमा अनुभूतिको आख्यानिकरण हुने भएकोले पाठकहरूको सहजताका लागि सर्ग योजना गरिनु अपेक्षित ठहरिन्छ । खण्डकाव्यको निर्माणका लागि भने सर्गयोजना गरिनु सार्थक देखिन्छ ।

#### ३.४.१.२ आन्तरिक संरचना

कृतिको आन्तरिक संरचना कृतिमा अँगालिएको कथन पद्धतिको माध्यमबाट थालिन्छ र कविकथन आख्यानिकरण वा नाटकीकरणसम्म पुगिन्छ ।[१०४] यसमा केन्द्रीय कथ्य र भाव विचारको उठान विकास र अन्तिम रागात्मक परिणतिको लक्ष्य पनि बुझिन्छ । यो बुनोट हो, यो बुनोट वृताकार ,चक्रात्मक नागबेलीदार र खण्डीय तथा स्वतन्त्र सहचार्यात्मक पनि हुन्छ ।[१०५] यसमा अन्तरलय र रूप तत्वलाई समेत हेरिन्छ । खण्डकाव्यमा वाह्य र आन्तरिक दुवै संरचनाको उतिकै महत्व रहन्छ ।

---

[१०४] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत,पृ. १८ ।

[१०५] ऐजन् ।

### ३.४.२ कथावस्तु

खण्डकाव्यका विविध तत्वहरूमध्ये कथावस्तुलाई पनि अनिवार्य तत्वका रूपमा लिइन्छ । त्यस्तो कथावस्तु सामाजिक, ऐतिहासिक, पौराणिक र कविकल्पित पनि हुन सक्छ । महाकाव्यभन्दा छोटो खण्डकाव्य भएकाले पनि यसमा कथावस्तुको आवश्यकता अपेक्षित रहेको हो । कविताबाट अलग गर्न पनि कथावस्तु नै अपेक्षित रहन्छ । कृतिकारले कथावस्तुको विन्यास शृङ्खलित वा वृताकारीय जसरी पनि गर्न सक्छ । पूर्वीय विद्धान्हरूले यसलाई शृङ्खलित हुनु पर्ने भन्दै कथावस्तुको बीज विभिन्न घटनाहरूका माध्यमले विकसित हुँदै चरमोत्कर्षमा पुगी अन्त्य भएको हुने बताएका छन् । यसलाई कथावस्तुको बीज भाग, विकास भाग र फल भागका नामले चिनिन्छ । खण्डकाव्यको विषयवस्तुलाई तीनदेखि चार सर्गसम्म विस्तार गर्नु राम्रो देखिन्छ । तीन किसिमको व्यवस्थालाई मुख, प्रतिमुख र निर्वाहरण गरी विभाजन गर्ने गरेको पाईन्छ ।  सर्गहरूको व्यवस्था गरिदैन भने त्यही अनुसारको सन्धिविधान गर्न आवश्यक छन् । आधुनिक कालमा आएर आख्यानरहित खण्डकाव्यहरू पनि रचना हुन थालेका छन तर त्यस्ता खण्डकाव्यहरूमा पनि विषयवस्तु -सँगसँगै सामान्य खालको कथावस्तु आएकै हुन्छ । खण्डकाव्य एउटा प्रबन्ध खण्डकाव्य भएकाले यसको प्रबन्धमा कथावस्तुलाई अनिवार्य तत्वकै रूपमा लिइन्छ ।

### ३.४.३ पात्रविधान

कवितालाई खण्डकाव्यत्व प्रदान गर्ने महत्वपूर्ण तत्व पात्र हो । खण्डकाव्यमा कथातत्वको सूत्रपात पात्रविधानबाट मात्र सम्भव हुन्छ । पात्रले कथावस्तुलाई गति प्रदान गर्दछ । कथावस्तुका सम्पूर्ण घटनाहरू पात्रमा निर्भर रहन्छन् । खण्डकाव्यको पात्र सशक्त सजीव र संवेद्य हुनु आवश्यक छ । खण्डकाव्यको नायक सुशील, संघर्षशीलमध्ये कुनै एक हुनु आवश्यक छ । धीरोदात्त नायकलाई बढी महत्व दिइन्छ ।  खण्डकाव्य नायक वा नायिका  प्रदान पनि हुनसक्छ । खण्डकाव्यको शीर्षकीकरण नै नायकको नामबाट हुन सक्दछ । नारी प्रदान खण्डकाव्य छ भने त्यसकी नायिका नारी जागृत, सचेत, कर्मठ, सङ्घर्षशील, पतिपरायण, स्वकीया,परकीयामध्ये कुनै एक हुन सक्छे । खण्डकाव्यमा प्रमुख र सहायक पात्रहरू हुन्छन् । ती पात्रहरूको वर्गीकरण गर्ने विभिन्न आधारहरू छन् । जस्तै- कार्यका आधारमा प्रमुख, सहायक र गौणपात्र, लिङ्गका आधारमा स्त्री र पुरुष पात्र, आसन्नताका आधारमा बद्ध र मुक्त पात्र, जीवन चेतनाका आधारमा वर्गगत र व्यक्तिगत

पात्र स्वभावका आधारमा गतिशील र गतिहीन पात्र र प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल पात्रहरू रहेका छन् । त्यस्तै खण्डकाव्यमा मानवीय र मानवेत्तर पात्रहरूमध्ये दुवै पात्रको पनि समावेश भएको हुन सक्छ । यी मानवीय र मानवेत्तर पात्रहरूले नै खण्डकाव्यलाई जीवन्त र गतिशील बनाएका हुन्छन् । त्यसैले खण्डकाव्यमा पात्रविधानको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३.४.४ परिवेशविधान

परिवेशविधान खण्डकाव्यको अर्को महत्वपूर्ण तत्व वा घटक हो । परिवेश भन्ने बित्तिकै देश, काल, र परिस्थिति वा वातावरण भन्ने बुझिन्छ । कथावस्तुका पात्रद्वारा भोगिएको वा पात्रहरूले निर्वाह गरेको जीवन जगत्को केन्द्रबिन्दु नै परिवेश हो । पात्रका जीवनका घटनाहरू घट्ने ठाउँ नै परिवेश हो । कुनै पनि खण्डकाव्यमा देश, काल र वातावरणको चित्रण कुनै न कुनै रूपमा भएकै हुन्छ तर महाकाव्यमा जस्तो व्यापक परिवेशको चित्रण नभएर खण्डकाव्यमा सङ्क्षिप्त वर्णन गरिएको हुन्छ र परिवेशले देश, काल र परिस्थितिलाई जनाएको हुन्छ ।[१०६] पात्रको मनस्थिति पनि परिवेशसँग सम्बन्धित हुन्छ । यस अर्थमा परिवेशले पात्रको मनस्थितिलाई समेत प्रभाव पार्न सक्ने देखिन्छ । खण्डकाव्यमा आवश्यकता र स्वभाविकतालाई हेरी परिवेशको उपयोग गर्ने गरिन्छ । परिवेशविधान कथावस्तु अनुरूप भएन भने  अनर्थ हुन्छ । परिवेशलाई स्थानगत, कालगत आदिका आधारमा पनि हेर्न सकिन्छ । जे जसरी हेरिए पनि खण्डकाव्यमा परिवेशविधानको चित्रण व्यापक किसिमले गरिएको हुँदैन तर अनिवार्य रूपमा भएको हुन्छ । त्यसैले खण्डकाव्यमा परिवेशविधान महत्वपूर्ण तत्व हो ।

### ३.४.५ काव्योद्देश्य

प्रत्येक कृतिमा रचनाकारको कुनै न कुनै भाव रहन्छ । जीवन जगत्का यथार्थ घटनाहरूले  लेखकमा कुनै एक किसिमको भाव जागृत गर्दछन् । त्यस्ता भावलाई लेखकले केन्द्रीय भावका रूपमा लिन सक्छन् । पूर्वीय साहित्यमा रसवादी चिन्तकहरूले रति, शोक, उन्मात, भय आदि स्थायी भावमध्ये एउटालाई केन्द्रीय भावका रूपमा व्यक्त गरेका छन् । ती केन्द्रीय भावको परिपुष्टिका लागि लज्जा, मोह, उग्रता, उन्माद आदि जस्ता सञ्चारी

---

[१०६] घनश्याम दाहाल र अन्य, **खण्डकाव्य सिधान्त र नेपाली खण्डकाव्य,** काठमाडौँ :भुडींपुराण प्रकाशन, (प्र. सं.) २०५७,पृ. ४० ।

भावहरूको चित्रण गरेको पाइन्छ । यस प्रकारका विभिन्न भावका सहयोगले कृतिमा रहेको मुख्य भाव परिपाकमा पुग्दछ र पाठकलाई आनन्दानुभूति प्राप्त हुन्छ । भाव शब्दले यहाँ रसको स्थायी भावका रूपमा बुझाए पनि मुख्य विचार वा खण्डकाव्योद्देश्यलाई पनि भाव शब्दले पुष्टि गर्दछ । कृतिमा यस्ता भावहरू प्रशस्त मात्रामा रहेका हुन्छन् । ती भावहरूले मुख्य भावलाई परिपाकमा पुऱ्याएका हुन्छन् र खण्डकाव्य मिठासपूर्ण बन्दछ ।

### ३.४.६ लयविधान

खण्डकाव्य भन्ने वित्तिकै कवितात्मक उपविधा भन्ने बुझिन्छ । कविता र कवितात्मक उपविधाहरूमा लयको अनिवार्य आवश्यकता हुन्छ । गेयात्मक अभिव्यक्ति कविताको एक प्रमुख विशेषता नै हो । लय चेतनाको अभावमा कवितात्मक अभिव्यक्ति संवेदनशील बन्न सक्दैन । छन्द, कविता विधाको गम्भीरता, नैतिकता र प्रतिष्ठाको प्रतीक हो ।[१०७] लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वर व्यञ्जन वर्णको विवरणबाट निर्मित चरण, पाउ, वा पङक्तिको गतिक्रम र यतिक्रममा आधारित हुन्छ । खण्डकाव्यमा विशेष गरी वार्णिक, मात्रिक, झ्याउरे लयको प्रयोग भएको पाइन्छ । नेपाली खण्डकाव्यमा पनि विभिन्न लयमा आधारित खण्डकाव्यहरू रचिएका छन् । कतिपय खण्डकाव्यहरू मुक्तलय वा गद्यलयका पनि छन् । त्यसमा झट्ट हेर्दा कुनै लय वा छन्दको प्रयोग भएको नदेखिए पनि अन्तर लयको संयोजन गरिएको हुन्छ । तसर्थ खण्डकाव्यमा लयविधानको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३.४.७ दृष्टिविन्दु

दृष्टिविन्दुलाई कथनपद्धति पनि भन्ने गरिन्छ । कृतिको समग्र भाषा कथनपद्धतिको आधारमा अगाडि बढेको हुने हुँदा खण्डकाव्यात्मक तत्वको रूपमा यसको विशिष्ट स्थान छ । कवितात्मक अभिव्यक्तिमा कवि प्रौढोक्ति र कविनिवद्धप्रौढोक्ति अथवा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको हुन सक्छ । एउटै कृतिको रचनामा पनि यसको विविधता हुन सक्छ । यो कृतिभित्र लक्ष्यसम्म पुग्ने भाषिक माध्यमसँग निकट देखिन्छ । कवि स्वयम्ले कृतिभित्र म पात्रका रूपमा उपस्थित भई कृतिको भावव्यक्त गरेमा त्यो प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने कविले छुट्टै पात्रका माध्यमबाट भाव प्रकट गरेमा त्यो तृतीय

---

[१०७] रमेश शुभेच्छु र (अन्य), **मेची पद्यमाला,** इलाम : सम्पादकस्वयम, २०५९, भूमिकाबाट ।

पुरुष दृष्टिविन्दु हुन्छ । जे जसरी प्रयोग गरिए पनि खण्डकाव्यमा दृष्टिविन्दुलाई प्रमुख तत्व कै रूपमा हेर्न सकिन्छ ।

### ३.४.८ भाषाशैली

कुनै पनि कुराको अभिव्यक्ति भाषाका माध्यमबाट हुने गर्दछ । साहित्य पनि भाषिक अभिव्यक्ति भएको हुनाले जुनसुकै साहित्यको लागि भाषाको आवश्यकता पर्दछ । सामान्य भाषामा भनिने तरिकालाई विशेष परिष्कार दिएपछि त्यो शैली हुन्छ ।[१०८] भाषाशैली अर्न्तगत वर्ण, पद, श्लोक, पङ्क्ति जस्ता भाषिक विकल्पमध्येबाट उपयुक्त ललित, रागात्मक, आलङ्कारिक, रसात्मक, बिम्बात्मक, प्रतीकात्मक र लयात्मक भाषिक एकाइको छनौट नै खण्डकाव्यको भाषाशैली हो । भाषाशैलीअन्तर्गत रस, अलङ्कार, बिम्ब, प्रतीक, लय जस्ता विभिन्न तत्वहरु पर्दछन् । यद्यपि प्रस्तुत शोधपत्रमा लयात्मक भाषिक एकाइलाई भाषाशैलीअन्तर्गत नराखी लयविधान नामकरण गरी दैवज्ञराज न्यौपानेका खण्डकाव्यकृतिको अध्ययन र विश्लेषण गरिएको छ । नेपाली खण्डकाव्यकारहरूले तत्सम, तद्भव, आगन्तुक र ठेट वा झर्रो नेपाली शब्दहरूलाई मिठासपूर्ण भाषाशैलीका माध्यमबाट खण्डकाव्यमा प्रयोग गरेको पाइन्छ । कुनै पनि साहित्यिक रचनाको केन्द्रीय भावको संवाहक नै भाषिक चयन भएको हुनाले लेखकहरूले आफ्ना खण्डकाव्यकृतिहरूमा आफ्ना विशेषता अनुरूप विशेष शैलीको प्रयोग गरेका हुन्छन् । त्यसकारण खण्डकाव्यमा भाषाशैलीको भूमिका अपरिहार्य छ ।

## ३.५ निष्कर्ष

कवितात्मक प्रबन्ध खण्डकाव्यको बृहत् वा बृहत्तर रूप महाकाव्य हो भने त्यसको मझौला रूप वा उपविधाको रूपमा खण्डकाव्यलाई चिनिन्छ । यो फुटकर कविताभन्दा ठूलो र महाकाव्यभन्दा सानो अर्थात् मझौला किसिमको हुन्छ । खण्डकाव्यमा महाकाव्यमा जस्तो जीवन जगत्को सम्पूर्णताको चित्रण गरिएको हुँदैन । यसमा जीवन जगत्को कुनै एक पक्ष वा एकादेशको मात्र चित्रण गरिन्छ । त्यस्तै चर्तुवर्गमध्ये कुनै एकको प्रयोग, विभिन्न नौरसहरू मध्ये कुनै एक रसलाई प्रमुखता दिइएर रस परिपाकमा पुर्‍याइएको हुन्छ ।

खण्डकाव्यमा कविताको आख्यानिकरण गरिन्छ । एउटा सुसङ्गठित खण्डकाव्य निमार्णका लागि आवश्यक पर्ने प्रमुख तत्वहरू कथावस्तु, पात्रविधान, परिवेशविधान,

---

[१०८] दैवज्ञराज न्योपाने, **खण्डकाव्यको सैद्धान्तिक परिचय,** वाङ्मय, २०५५/५६, पृ.४९ ।

लयविधान, खण्डकाव्योद्देश्य, दृष्टिविन्दु र भाषाशैली नै प्रमुख हुन् । यी नै तत्वहरूमा दैवज्ञराज न्यौपानेको खण्डकाव्यहरूको सङ्क्षिप्त परिचय र खण्डकाव्यको शीर्षकीकरणलाई समाहित गरेर यस शोधपत्रमा क्रमशः उनका खण्डकाव्यकृतिहरूको अध्ययन र विश्लेषण गरिन्छ ।

# परिच्छेद चार

## खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्रा

### ४.१ खण्डकाव्यकार न्यौपाने

दैवज्ञराज न्यौपाने बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व हुन् । उनी कवि, कथाकार, समालोचक,सम्पादक जस्ता व्यक्तित्वहरू भएका प्रखर व्यक्तिका रूपमा देखापरेका छन् । बाल साहित्यका क्षेत्रमा कथा र कविताका माध्यमबाट पुऱ्याएको योगदान निकै उल्लेख्य छ । न्यौपानेका विभिन्न व्यक्तित्वहरूमध्ये कवि व्यक्तित्व नै बढी सबल रूपमा देखापर्दछ । उनले मुक्तकदेखि कविता हुँदै यस व्यतित्वलाई खण्डकाव्यकार व्यतित्वसम्म विकसित गरेको देखिन्छ, । कवि न्यौपानेले वि.सं २०२० सालबाटै कविताको सार्वजनिक यात्रा थालनी गरेका हुन् । उनको खण्डकाव्य यात्रा भने वि.सं २०२४ सालबाट सुरू भएको देखिन्छ । वि.सं २०२४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित कविता प्रत्रिकाको खण्डकाव्य विशेषाङ्कमा 'शोभा' शीर्षकको खण्डकाव्य प्रकाशन भएबाट न्यौपानेको खण्डकाव्यलेखनयात्राले औपचारिक स्वरूप ग्रहण गर्दछ । त्यसपछि छुट्टै कृतिका रूपमा खण्डकाव्य प्रकाशन नगरे पनि खण्डकाव्य लेखनलाई भने निरन्तरता दिइरहेको पाइन्छ । न्यौपानेको खण्डकाव्य यात्रामा औपचारिक रूपमा देखापरेको दोस्रो खण्डकाव्य 'राजा त्रिभुवन' हो । यो खण्डकाव्य त्रिभुवन स्मृतिग्रन्थ वि.सं २०२७ सालमा प्रकाशित छ । त्यसपछि देखापरेको २०३४ सालमा मधुपर्क मासिकमा प्रकाशित 'आजको धर्तीलाई शान्तिको कामना' शीर्षक अलि लामो आकारको कविताले न्यौपानेको खण्डकाव्ययात्रालाई अगाडि बढाएको देखिन्छ, । त्यसलाई पछि केही परिष्कृत गरि शान्तिको कामना शीर्षकमा खण्डकाव्यको स्वरूप दिएको पाइन्छ । वि.सं २०२४ देखि २०३४ सालसम्म प्रकाशित उल्लेखित तीनवटा कृतिहरूको आकार भने लघु खण्डकाव्यका रूपमा लिन सकिने देखिन्छ । बालसाहित्य र कविता सिर्जनाको तुलनामा अलि कम चासो देखाउँदै आएका कवि न्यौपानेले वि.सं २०५५ सालमा सम्झनाको धरातलबाट शीर्षकको पत्रात्मक खण्डकाव्य तयार पारेको देखिन्छ । खण्डकाव्यलाई छुट्टै पुस्तकाकार कृतिमा प्रकाशन गर्ने चासो नदेखाए पनि खण्डकाव्य लेखनको क्रम भने निरन्तर रहिरहेको देखिन्छ । यसै क्रममा वि.सं २०५५ सालमा 'ती रोइन् त्यसरी किन' खण्डकाव्यको लेखन र वि.सं २०६०-६२ सालमा आएर 'चासो र चिन्तन' खण्डकाव्यको लेखनबाट कवि न्यौपानेलाई छ ओटा खण्डकाव्यका

सर्जकका रूपमा पाउन सकिन्छ । कवि न्यौपानेको समग्र खण्डकाव्ययात्रालाई निम्न दुई चरणमा अध्ययन गर्न सकिन्छ ।

४.१.१ पूर्वाद्ध चरण ( वि.सं २०२४ देखि २०३४ सम्म )

४.१.२ उतराद्ध चरण ( वि.सं २०३४ देखि निरन्तर )

यी दुई चरणलाई सङ्क्षेपमा यस प्रकार देखाउन सकिन्छ ।

### ४.१.१ पूवार्द्धचरण (वि.सं २०२४ देखि २०३४ सम्म)

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्राको पहिलो चरणको रूपमा वि.सं २०२४ देखि २०३४ सालसम्मको समयावधिलाई लिनु उपयुक्त देखिन्छ । यस अवधिमा उनका जम्मा तीनवटा खण्डकाव्यहरू प्रकाशित छन् । लेखन प्रकाशनका दृष्टिले न्यौपानेको पहिलो खण्डकाव्य 'शोभा' (२०२४) हो । यसलाई न्यौपाने स्वयम्ले प्रकृति खण्डकाव्यको संज्ञा दिएका छन् । प्रकाशनका दृष्टिले देखापरेको दोस्रो खण्डकाव्य 'राजा त्रिभुवन' (२०२७) हो । यस खण्डकाव्यलाई न्यौपानेले ऐतिहासिक खण्डकाव्य हो भन्ने कुरा स्वीकारेका छन् । यसै चरणमा देखापरेको न्यौपानेको अर्को खण्डकाव्य 'शान्ति कामना' हो । जुन मधुपर्क मासिकमा वि.सं २०३४ सालमा 'आजको धर्तीलाई शान्तिको कामना' शीर्षकमा प्रकाशित भएको थियो । यसै खण्डकाव्यलाई संशोधन गरी 'शान्ति कामना' शीर्षकमा प्रकाशन गरेको पाइन्छ । यी खण्डकाव्यहरूमध्ये पहिलो खण्डकाव्य छन्दका दृष्टिले सफल भए पनि व्याकरणिक दृष्टिले केही कमजोर देखिन्छ । दोस्रो खण्डकाव्यमा पहिलो खण्डकाव्यका तुलनामा छन्द प्रयोग र खण्डकाव्य कौशल निकै विकसित हुँदै आएको पाइन्छ । यी खण्डकाव्यहरूमध्ये पहिलो खण्डकाव्य छन्दका दृष्टिले सफल भए पनि व्याकरणिक दृष्टिले केही कमजोर देखिन्छन् । दोस्रो खण्डकाव्यका तुलनामा छन्द प्रयोग र खण्डकाव्य कौशल निकै विकसित हुँदै आएको पाइन्छ । त्यस्तै यसै चरणको अर्को तेस्रो खण्डकाव्यमा आइपुग्दा खण्डकाव्यकार न्यौपानेको कलम निकै तीखो बनिसकेको पुष्टि हुन्छ । यी तीन खण्डकाव्यहरूका आधारमा खण्डकाव्यकार न्यौपानेको खण्डकाव्ययात्राको पूर्वार्द्धचरणका खण्डकाव्य प्रवृतिगत विशेषताहरूलाई निम्नानुसार आँकलन गर्न सकिन्छ :-

- शास्त्रीय छन्दमा खण्डकाव्य लेख्ने खण्डकाव्यकार,
- लघु आकारका खण्डकाव्य लेख्ने खण्डकाव्यकार,

- प्रकृति चित्रणमा रूचि राख्ने खण्डकाव्यकार,
- ऐतिहासिक विषयलाई महत्व दिने खण्डकाव्यकार,
- युद्ध विरोधी शान्तिकामि खण्डकाव्यकार,
- लय सचेत खण्डकाव्यकार,
- स्वच्छन्दतावादी र शास्त्रीयतावादी खण्डकाव्यकार र
- खण्डकाव्यलाई कविताकै विस्तारित रूपमा हेर्ने खण्डकाव्यकार ।

### ४.१.२ उत्तरार्द्ध चरण (वि.सं २०३४ पछि निरन्तर)

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्य यात्राको उत्तरार्द्ध चरणमा पनि तीनवटै खण्डकाव्य सिर्जना भएका छन् । यी खण्डकाव्यहरूमध्ये एउटा 'सम्झनाको धरातलबाट' हो । यसको केही अंशको रचना २०५५ साल रहेको कविको आत्मस्वीकृति रहेको छ । यस चरणको अर्को खण्डकाव्य 'चासो र चिन्तन' हो । त्यस्तै यसै चरणको अर्को खण्डकाव्य 'ती रोइन् त्यसरी किन? रहेको छ । यसको पनि पहिलो खण्ड २०५५ सालतिर नै रचना गरेको र २०६३ सालमा मात्र प्रकाशनमा ल्याएको बुझिन्छ ।[१०९] उत्तरार्द्ध चरणमा उल्लेखित खण्डकाव्यहरूमध्ये 'सम्झनाको धरातलबाट' पत्रात्मक खण्डकाव्य हो । यसलाई व्यक्तिगत अनुभव भए पनि यसको साधारणीकरणबाट अरू धेरैको जीवनयात्रा बन्न सक्छ भन्ने ठानेर खण्डकाव्यका रूपमा प्रकाशन गरेको कविको आत्म स्वीकृति रहेको छ । यसले यात्रा संस्मरणात्मक निबन्धझैं कवितात्मक अभिव्यक्तिलाई अँगालेको छ । यसभित्र पत्रात्मक शैलीमा संस्मरणका धेरै कुरा र समकालीन जनजीवनका कुराहरूलाई समेटिएको छ । त्यस्तै यसै चरणको अर्को खण्डकाव्य 'चासो र चिन्तन' हो । कविले चिन्तनबाट चासो नभई चासोबाट चिन्तन आएकाले खण्डकाव्यको शीर्षक नै 'चासो र चिन्तन' राखेको आत्म स्वीकृति दिइएका छन् । यो एउटा सामाजिक वैचारिक खण्डकाव्य हो । यसले सामाजिक वैचारिक विषयलाई उठाउँदै व्यक्तिगत चिन्तन अथवा चासोलाई प्रक्षेपित गरेका छन् । यसै खण्डकाव्यमा राष्ट्र, राष्ट्रियता र नेपाली संस्कृतिका मूल्य मान्यताहरूको खोजी रहेको पनि पाइन्छ । यो एक किसिमको नैतिक अथवा आदर्श खण्डकाव्य पनि हो । खण्डकाव्यकारको यस चरणमा लेखिएको अर्को खण्डकाव्य 'ती रोइन् त्यसरी किन?' पनि एउटा संस्मरणात्मक

[१०९] दैवज्ञराज न्यौपानेबाट प्राप्त जानकारी ।

खण्डकाव्य हो । यस खण्डकाव्यले ‘सम्झनाको धरातलबाट’ को तुलनामा संस्मरण पक्षलाई अझ तीव्र बनाएको छ । नेपाली ग्रामीण समाजमा देखापरेका समस्याहरूलाई उजागर गर्नु पनि यसको एउटा विशेषता हो । पूर्वार्द्ध चरणका तुलनामा यस चरणका खण्डकाव्यहरू लय सचेत, खण्डकाव्यात्मक रूपमा पूर्ण र परिष्कृत देखिन्छन् । चेतनाका दृष्टिले समेत यस चरणका खण्डकाव्यहरू निकै अगाडि छन् । शास्त्रीय छन्द अन्तर्गत वार्णिक छन्दमा संरचित प्रस्तुत खण्डकाव्यहरू प्रतीकात्मक, बिम्बात्मक र अलङ्कृत पनि बनेका छन् । प्रस्तुत तीनवटा खण्डकाव्यहरूका आधारमा उत्तरार्द्ध चरणका खण्डकाव्यकार न्यौपानेका खण्डकाव्यात्मक प्रवृत्तिहरूलाई यस प्रकार अङ्कित गर्न सकिन्छ ।

- खण्डकाव्यमा पत्रात्मक शैलीको प्रयोग गर्ने खण्डकाव्यकार,
- खण्डकाव्यमा संस्मरणात्मक शैलीको प्रयोग गर्ने खण्डकाव्यकार,
- स्वच्छन्दतावादी, प्रकृतिवादी र शास्त्रीयतावादी भाव धाराहरूको संयोजन गर्ने खण्डकाव्यकार,
- सामाजिक विषयवस्तुलाई महत्व दिने खण्डकाव्यकार ।
- खण्डकाव्यात्मक मानवतामा जोड दिने खण्डकाव्यकार,
- सांस्कृतिक सञ्चेतनायुक्त खण्डकाव्यकार,
- मानवीय संवेदनालाई उजागर गर्ने खण्डकाव्यकार आदि ।

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्राका पूवार्द्ध र उत्तरार्द्ध दुवै चरणका खण्डकाव्यहरू ‘सम्झनाको धरातलबाट’ नामक शीर्षकमा सङ्गृहीत बनेर वि.सं २०६३ सालमा प्रकाशनमा आएका छन् । अत : न्यौपानेका खण्डकाव्यहरूको अध्ययन फरक-फरक सालमा लिखित र प्रकाशित खण्डकाव्यको रूपमा भन्दा २०६३ सालमा प्रकाशित खण्डकाव्यसङ्ग्रहमा सङ्गृहीत खण्डकाव्यहरूका रूपमा अध्ययन गर्नु बढी सहज हुने देखिन्छ ।

# परिच्छेद पाँच

## दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको विश्लेषण

यस परिच्छेदमा खण्डकाव्यकार दैवज्ञराज न्यौपानेका अहिलेसम्म प्रकाशित सम्पूर्ण खण्डकाव्यहरूलाई खण्डकाव्य तत्वहरूका आधारमा विश्लेषण गरिएको छ तर संरचना तत्वलाई सर्ग- विधान र लयविधानको योजनाबाट हेरिएको छ । खण्डकाव्य अध्ययनका लागि 'सम्झनाको धरातलबाट' शीर्षकमा सङ्गृहीत ६ वटा खण्डकाव्यहरूलाई आधार बनाइएको छ । ती खण्डकाव्यहरू - 'शोभा', 'राजा त्रिभुवन', 'शान्तिकामना', 'सम्झनाको धरातलबाट', 'चासो र चिन्तन' र 'ती रोइन् त्यसरी किन ?' हुन् । यी खण्डकाव्यहरूलाई रचना कालको क्रममा राखिएको छ । एक किसिम यो अध्ययन 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहको अध्ययनको रूपमा प्रस्तुत छ ।

### ५.१ सम्झनाको धरातालबाट खण्डकाव्यसङ्ग्रह (२०६३)

'सम्झनाको धरातलबाट' कृति खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्यसङ्ग्रह हो । यस कृतिमा प्रकाशन मिति २०६३ साल पौष भनी उल्लेख गरिएको छ । यसलाई भूषणराज न्यौपाने र अर्चना आचार्यले प्रकाशनमा ल्याएका हुन् ।[११०] यस कृतिमा खण्डकाव्यकारको दुई पृष्ठको आत्मकथन साथै छ वटा खण्डकाव्यहरू सङ्गृहीत छन् । डिमाइ आकारमा ८८ पृष्ठसम्म विस्तारित प्रस्तुत खण्डकाव्यसङ्ग्रहलाई हेर्दा निकै मानक पुस्तककार कृतिका रूपमा देखिन्छ । सङ्ग्रहको पछिल्लो पृष्ठमा रमेश शुभेच्छुको 'खण्डकाव्यकार दैवज्ञराज न्यौपाने' शीर्षकको आलेखसँगै खण्डकाव्यकारको फोटो पनि प्रकाशित छ । खण्डकाव्यकारले प्रस्तुत कृतिलाई खण्डकाव्यका सबै पात्रहरूमा भनी समर्पण गरेका छन् । यस खण्डकाव्यसङ्ग्रहका खण्डकाव्यकृतिहरूलाई खण्डकाव्यतत्वका आधारमा निम्नअनुसार अध्ययन गर्न सकिन्छ ।

[११०] सम्झनाको धरातलबाट २०६३, (खण्डकाव्यसङ्ग्रह) काठमाडौं : विवरणखण्डबाट ।

### ५.१.१ 'शोभा'खण्डकाव्यको विश्लेषण

#### ५.१.१.१ परिचय

'शोभा' खण्डकाव्य नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित हुने कविता पत्रिका (२०२४) खण्डकाव्यसङ्ग्रहमा समेटिएको देखिन्छ । २०२४ सालमा प्रथम पटक प्रकाशित भए पनि यसको रचना भने २०२३ साल भाद्र १० गतेमा नै भएको पाइन्छ [111]। त्यही खण्डकाव्यलाई यथावत रूपमा 'सम्झनाको धरातलबाट' भित्र सङ्कलन गरिएको छ । यसमा मसिना-मसिना ५ खण्ड वा सर्गहरू रहेका छन् । खण्डकाव्य जम्मा वर्णमात्रिक छन्दका १४ गुच्छामा संरचित छ । प्रस्तुत खण्डकाव्य खण्डकाव्यकार न्यौपानेको लघु आकारको खण्डकाव्य कृति हो । यो खण्डकाव्यले 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहको प्रथम पृष्ठदेखि सातौँ पृष्ठसम्म ओगटेको छ ।

#### ५.१.१.२ शीर्षकीकरण

कुनै पनि रचनाको शीर्षकीकरणमा त्यसको शीर्षक के कसरी राखिन्छ भन्ने कुराको अध्ययन गरिन्छ । यो साहित्यिक विधाहरूको साझा तत्व पनि हो । खण्डकाव्यमा पनि यसको स्थान महत्वपूर्ण देखिन्छ । 'शोभा' खण्डकाव्यको शीर्षकीकरणलाई हेर्दा सौन्दर्य वा आकर्षणका रूपमा शोभा शब्दको प्रयोग गरेको पाइन्छ । यो तत्सम शब्द हो । खण्डकाव्यको सुरूदेखि अन्त्यसम्म नै प्रकृतिमा हुने सौन्दर्य आकर्षण वा चमकलाई देखाइएको हुँदा खण्डकाव्यको शीर्षक शोभा सार्थक छ भन्न सकिन्छ । शोभालाई अलङ्कार र गहनाको रूपमा पनि चिनिने हुँदा प्रकृति पृथ्वीको गहना हो अथवा अलङ्कार हो भन्ने अर्थमा पनि प्रस्तुत खण्डकाव्यको शीर्षकीकरण औचित्यपूर्ण वा सार्थक बन्न आएको देखिन्छ ।

#### ५.१.१.३ कथानक

कथानक खण्डकाव्यको अनिवार्य तत्व हो । 'शोभा' खण्डकाव्यले त्यति सबल रूपमा नभए पनि कथानकलाई अँगालेको छ । यस खण्डकाव्यका नायक खण्डकाव्यकार आफैँ हुन् । उनले आफू गाई हेर्न एक्लै वनमा गएको बाल्यकालको झिनो स्मृतिलाई खण्डकाव्यको आख्यान बनाएका छन् । खण्डकाव्यमा गाई हेर्न वनमा गएको गोठालो पात्रले त्यस प्रकृतिमा गरेको व्यवहारको स्मरण गरेको छ । शोभालाई प्रकृतिको मानवीकृत रूपमा उभ्याइएको छ । प्रकृतिले गाई हेर्ने र उनका काखमा विभिन्न बालकीडा गर्ने बालकलाई

111 शोधनायकबाट प्राप्त जानकारी ।

खुब माया गरेकी हुन्छिन् । तर त्यस प्राकृतिक संसारबाट छुटेपछि त्यो हिजो गाई हेर्ने बालक दु:खी बनेको छ । ऊ एक्लै ढुकुरझैँ र विरही कोइलीझैँ बनेको छ । बाल्यकालमा देखिएकी शोभाको छायासम्म देख्न नपाउँदा ऊ धेरै व्यथित छ । उसले शोभाको सम्झना गर्दै उनी नदी किनारहरूमा आएर खेल्दै होलिन्, वसन्तको नव-छायालाई हेर्दै होलिन्, खेतमा धानका बालासित लहबरी गर्दै होलिन्, पोखरीका माझमा गएर कमलको फूल रोपिरहेकी होलिन्, लालीगुराँसको फूलसँगै हाँसिरहेकी होलिन, हिमालको छायाचित्रसँग रमाउदैँ उनका थाप्लामा घाममा झुल्का बनेर झुल्किरहेकी होलिन् भन्ने कल्पनामा डुबेको देखिन्छ । आफू नवयुवक बनिसक्दा उनीभन्दा टाढा पुगेको तर उनीसँगको प्रेम अमर रहेको भन्दै आफ्नो जीवन टाढिए पनि आपसको प्रेम अमर रहिरहने कल्पनामा र उनीसँग कुनै दिन भेट होला भन्ने मीठो आशामा रहेको छ । कथानकलाई कवित्वले पेलेकोपेल्यै गरेर शिर उठाउनै दिएको छैन । वास्तवमा खण्डकाव्यको अपेक्षा कथानक भन्दा बढी कवित्व नै रहने हुँदा यसको कथानकलाई कमजोर भन्न मिल्दैन । कथानक संस्मरणात्मक शैलीमा मुखरित भएको छ । नायकको एकालाप भने पनि हुने खालको झिनो कथानकले खण्डकाव्यको स्वरूप ग्रहण गरेको छ ।

माथिको कथा सारै झिनु छ तर खण्डकाव्यलाई स्वरूप प्रदान गर्न सफल छ । प्रकृतिलाई मानवीकृत गरेर शोभाको रूपमा मानव पात्रझैँ उभ्याइएको छ । कवि न्यौपाने स्वच्छन्दतावादी कवि भएकाले प्रकृतिको चित्रण गर्दै स्वच्छन्द रूपमा भावनाको घोडदौड गर्नु अस्वभाविक देखिँदैन । खण्डकाव्य पढ्दा शोभा साँच्चै मानवीय पात्रझैँ नायिकाका रूपमा आउँछिन् । यस लघु सूत्रात्मक कथानकले शोभा खण्डकाव्यलाई कथा प्रदान खण्डकाव्य नभई भाव प्रदान खण्डकाव्य बन्नमा बल पुऱ्याएको छ । तैपनि कथावस्तुले खण्डकाव्यलाई डोऱ्याइ राखेको छ ।

### ५.१.१.४ पात्रविधान

पात्रविधानलाई खण्डकाव्यको एक अनिवार्य तत्वको रूपमा लिइन्छ । पात्रको गतिशीलता बिना न त खण्डकाव्यको कथानक अगाडि बढ्न सक्छ न त कविताले नै एउटा निश्चित आकार ग्रहण गर्न सक्छ । प्रस्तुत खण्डकाव्यमा 'म' पात्र वा नवयुवक प्रमुख पात्र हो । त्यस्तै शोभा प्रकृतिलाई मानवीकृत गरिएकी पात्र हो । अन्य पात्रहरूको भूमिका ज्यादै

शून्य छ । युवकका साथीहरू र केही मानवेत्तर पात्रहरूको गौण भूमिका देखिन्छ । यस खण्डकाव्यका प्रमुख पात्रहरूको चरित्र निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ५.१.१.४.१ युवक वा 'म' पात्र

युवक यस खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । ऊ शोभाको प्रेमीको रूपमा उपस्थित छ । ऊ बालक कालमा गाई चराउने गोठालो भए पनि पछि अन्य कुनै इलममा लागेको छ तर उसलाई बाल्यकालको स्मृति सधैँ आलो बनेर आइरहन्छ । ऊ खण्डकाव्यको अनुकूल पात्र हो । ऊ गाढा स्मृति भएको,कोमल भावुक एव्म मायालु छ । उसले नायक बनेर अन्य कुनै पात्रमाथि अन्याय गरेको छैन । अत. ऊ सत् पात्र पनि हो । ऊ पेसाले गतिशील भए पनि भावनाले स्थिर छ । उसको सामाजिक भूमिका भने त्यति प्रष्ट देखिँदैन तर प्राकृतिक पक्षसँग गाढा नाता रहेको छ ।

### ५.१.१.४.२ शोभा

शोभा प्रकृतिको प्रतिरूप वा प्रकृतिको मावविकृत पात्र हुन् । उनी सुन्दर चञ्चल र मायालु छन् । उनी युवककी प्रेमिका हो । उनको कुनै पनि कमजोरी देखिदैन् । अतः उनी सत् पात्रका रूपमा छन् । उनीप्रति युवक सारै भावुक बनेर उनको प्रतिक्षामा छ तर उसको खास उपस्थिति देखिदैन् । युवकले भने उनलाई प्रकृतिका हरेक छटा-छटामा पाएको छ । पोखरीमा कमल बनेर फूलेको गुराँसमा मुस्कान बनेर खुलेको हरेक बिहान घामको झुल्कासँगै हिमालमा लागेको आदि कल्पना गरेको छ । शोभा आफ्नै कार्य व्यापारभन्दा पनि युवकको कल्पना र वर्णनमा बढी खुलेकी छन् ।

पात्र विधानका दृष्टिले प्रस्तुत खण्डकाव्य अत्यन्तै थोरै पात्र भएको खण्डकाव्य हो । ती पात्रहरूको भूमिका अत्यन्तै न्यून छ । यस खण्डकाव्यमा मानवेत्तर पात्रहरू जस्तै गाई,ढुकुर,कोइली आदि पनि आएका छन् । यी पात्रहरू गौण भए पनि बद्ध छन् ।

## ५.१.१.५ परिवेशविधान

शोभा खण्डकाव्य आफैँमा एउटा प्रकृति खण्डकाव्य हो । यस ठाउँको यो प्रकृति भनेर चित्रण गर्नु भन्दा पनि वन, हिमाल, पहाड, तराई, लेक, बेँसी, झरी परेको समय, लालीगुराँस फूलेको ठाउँ,घामको पहिलो झुल्को पर्ने हिमाल, बटुवाको बाटो जस्ता विभिन्न ठाउँलाई परिवेशको रूपमा लिएको छ । परिवेश चित्रणमा कुनै पनि स्थानको नाम तोकिएको छैन् । यसरी हेर्दा यस खण्डकाव्यको परिवेश सिङ्गो नेपाली प्राकृतिक परिवश हो भन्न

सकिन्छ । यो नेपालको जुनसुकै ठाउँको प्रकृति हो भने पनि सुहाउने देखिन्छ । खण्डकाव्यको आरम्भ नै यसरी गरिएको छ -

राम्रो लाग्छ सधैँ हरा प्रकृतिको
एकान्तको निर्जन
गाई हेर्न भनी खुसी हृदयले
जान्थैँ म एक्लै वन

शोभा त्यै वनभित्र शान्त वनकी
बस्थिन् अकेली परी
लाग्थ्यो रौस मलाई त्यो सुनचरी
छोपौँ कि छोपौँ सरि । (पृ.२।)

त्यस्तै अर्को प्रकृति चित्रणको नमुना यस्तो रहेको छ -

कैले पूर्ण उमङ्गका लहरमा
थुम्का चढी आउथिन्
कैले भावुकता बढी लहडले
खोला झरी ल्याउँथिन्
(ऐजन ।)

त्यस्तै वियोगपूर्ण प्रकृति चित्रणको नमुना यस्तो रहेको छ ।

फ्याँकी आकुल यी तरङ्ग दुःखले
टाढा नदी खोज्दछ
एक्लो ढुक्कुर निर्मिमेष वनमा
खेज्दैछ साथी अझ
यात्री साथ छुटेर एक अघिको
कुर्दैछ बाटो अझ । (पृ.४।)

वियोग भावलाई नै देखाउन प्रयोग गरिएको अर्को प्रकृति चित्रणको नमुना यस्तो रहेको छ ।

हेर्छन यी अब खाली शैल चुचुरा
निस्ताई एकान्तमा
बास्छन् झ्याउँकिरी किनार वनको
गै शून्य बैरागमा
फर्की आउँछ स्निग्ध बादल सधैँ
हेरेर टाढा तक

सच्चा रूप छिपेर आज उनको
देखिन्न छायातक । (पृ. ४)

परिवेश विधानकै क्रममा प्रकृति, नदी, ऋतु, परिवर्तन आदिलाई देखाउने खालको कविताको फाँकी यस्तो रहेको छ ।

रानी सात नदी किनारहरूमा
आएर खेल्छिन् अझ
धर्ती माथि वसन्तको नवछटा
आएर हेर्छिन अझ
उन्कै राग छ कोइलीसँग मिठो
गाना यहाँ गाउँछन्
उनकै बैंस छ कल्प कल्प रहने
जो रूप मुस्काउँछन् (पृ.५)

त्यस्तै जुनेली रात र लहबरी धानका बाला झुलेका खेतको अनि कमल फूलेको पोखरीको चित्रण यसरी गरिएको छ ।

छर्छिन् ती शरदीय शुभ्र शुषमा
छाया जुनेलीसित
गर्छिन् ती अझ खेतमा लहवरी
यी धान बालासित
यौटा रूप उडाउँछिन् कमलको
गै पोखरी माझमा
यौटा बैंस छिपाउँछिन् अझ यही
प्रत्युषमा साँझमा

(पृ.५-६)

त्यस्तै लालीगुराँस फूलेको प्रकृति, हिमालमा घाम झुल्किएको प्रकृति र एकान्त स्थलको चित्रण गरिएको भावाभिव्यक्ति यस्तो रहेको छ -

फूल्दा लाली गुराँसमा रहरको
मुस्कान ती ल्याउँछिन्
छाया चित्र हिमालको परपरै
सौन्दर्यमा आउँछिन्
झुल्का शान्त हिमालमाथि पहिले

दिन्छिन् यिनै सुन्दरी
मेरो जीवन खिच्छ बैसँ उनकै
एकान्तको माधुरी । (पृ.६)

त्यस्तै बटुवाले हिड्ने बाटोको चित्र खिचिएको अर्को कविता फाँकी यस्तो रहेको छ -

यात्रा भुल्दछ रित्तिएर बटुवा
सिद्धिन्छ बाटो जब
मान्छे भुल्दछ साथ दुःख अघिको
रित्तिन्छ आँसु जब
यस्तै जीवनको अनेक पथमा
संसार भुल्दा पनि
आत्मा भित्र छ प्रेमको अमरता
भुल्दैन कोही पनि । (पृ.६)

त्यस्तै बादलको प्रकृति चित्रण गरिएको फाँकी यस्तो रहेको छ -

साना बादल सृष्टिका नवकणा
बोकी यहाँ आउलान्
त्यो बेला पनि शान्त स्निग्ध दिलकी
शोभा यहाँ आउँछिन्
आफ्नो प्रीतम निम्ति एक खुसीको
सौगात ती ल्याउँछिन् । (पृ.७)

यी माथिका उदाहरणहरूबाट पनि पुष्टि हुन्छ कि शोभा एक सशक्त प्रकृति खण्डकाव्य हो । यसमा प्रकृतिका विभिन्न स्वरूपहरू कही ऋतु परिवर्तनका आधारमा त कही भौगोलिक परिवेशका आधारमा प्रस्तुत गरिएको छ ।

यस्तै खण्डकाव्य भित्रको नायकको मनोदशा अनुसार पनि विभिन्न प्राकृतिक छटाहरूको प्रयोग गरिएको छ । कतिपय प्राकृतिक छटाहरू मञ्चीय रूपमा प्रस्तुत भएका छन् । परिवेश विधानका दृष्टिले यस ठाउँको यो गाउँ ठाउँ वा क्षेत्र भनेर किटान नगरे पनि खण्डकाव्य सफल छ । खण्डकाव्यले परिवेश विधानकै माध्यमबाट आफूलाई प्राकृतिक खण्डकाव्यका रूपमा उभ्याउन सफल भएको छ ।

### ५.१.१.६ खण्डकाव्योद्देश्य

'शोभा' एउटा प्रकृति खण्डकाव्य हो । यसको मूल भाव वा सन्देश भन्नु नै प्राकृतिक मनोहारितालाई औंल्याउनु हो । मान्छे ठूलो भएर आफ्नो कर्म क्षेत्र परिवर्तन गरेपछि उसलाई आफ्नो बाल्यकालको स्मृतिमा रहेको प्राकृतिक किडा वा खेलहरू प्यारो हुन्छन् भन्ने सन्देश दिँदै मान्छेमा बनावटी भौतिक कुराभन्दा प्रकृति महत्वपूर्ण, मूल्यवान र प्रेमपूर्ण हुन्छ भन्ने भावको प्रचार गर्नु नै यस खण्डकाव्यको मूल उद्देश्य बनेको छ । स्वच्छन्दतावादी कवि न्यौपानेले प्रकृति चित्रणबाट आफूलाई थप प्रभावित गर्ने प्रयन्त यस खण्डकाव्यमा गरेको देखिन्छ ।

### ५.१.१.७ सर्गविधान

सर्गविधान खण्डकाव्यको एक वैकल्पित तत्व हो । सर्ग योजना गरेर र नगरी पनि खण्डकाव्यको सिर्जना गर्न सकिन्छ । कवि दैवज्ञराज न्यौपानेको प्रस्तुत खण्डकाव्य शोभा लघु आकारको खण्डकाव्य हो । लघु आकार नै रहे पनि यसलाई तीन खण्डमा विभाजन गरिएको छ । विभाजन अनुसार पहिलो खण्डमा प्रकृतिको काखमा रहेका मृदुल बाल्य संस्मरणहरू समेटिएका छन् । जहाँ कविले पाएको प्राकृतिक सौन्दर्य र न्यानो छहारीलाई अत्यन्तै कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै दोस्रो खण्डमा प्रकृतिसँगको वियोगभाव व्यक्त गरिएको छ । जहाँ क्रोध विधिको झम्टा परेर गुण लगाउँदै चरा पासामा परेजस्तै, लागि रहेको तारा अस्ताए जस्तै, कोपिलामै फूलको सौन्दर्य नष्ट भए जस्तै, वनचरीले एक्लै वनभन्दा टाढा बाँच्नु परे जस्तै, एक्लो ढुकुरले वनवनमा साथीखोजे जस्तै, यात्रीलेसँगै हिडेका साथी छुटेकामा  बाटो कुरिरहे जस्तै, प्रकृतिसँग टाढा हुँदाको मनोदसालाई व्यक्त गरिएको छ । यस्तै भावना अभिव्यक्तिका क्रममा न्याउलीहरू व्याकुल बनेर रोए जस्तै, हरेक शीतका थोपासँगसँगै गहमा आँसु  डबडबाइरहने दुःखद क्षणमा आफूले कसैलाई नदेखेको, नहेरेको र वास्ता नगरेको तर शोभा भएकी भए यी सबै कुरा म उनैलाई सुनाउने थिएँ भन्ने मृदुल भाव व्यक्त गरिएको छ । खण्डकाव्यको तेस्रो खण्डमा आफूलाई आफैँ सम्झाउने प्रयत्न गरिएको छ । जहाँ गाना गाउने कोइलीको स्वरमा उनको राग रहेको अनि हरेक कल्प कल्प उनको रूप रहेको ठानिएको छ । चौथो खण्डमा सम्झनाकै क्रममा हरेक जुनेलीमा उनको उपस्थिति हुने पोखरीको माझमा कमलका फूल र लाली गुराँसको फूलाइमा मुस्कान बनेर आउने हिमालको छाया चित्रमा आउने र युवकको

वैश खिचेर लैजाने जस्ता अघिल्लो खण्डका कुरालाई थप महत्व दिएको छ । यस खण्डकाव्यको अन्तिम खण्डले आशावादी दृष्टिकोण अँगालेको छ । यसमा प्रेम अमर हुने र शुद्ध प्रेमकै तपस्याले शोभासँगै भेट हुने भावना व्यक्त गरिएको छ । यसरी हेर्दा शोभा लघुखण्डकाव्य भए पनि यो पाँच खण्डमा विभाजित छ । हरेक खण्ड छोटा-छोटा भए पनि आफैँमा पूर्ण छन् ।

### ५.१.१.८ लयविधान

खण्डकाव्यमा लयविधानलाई एक प्रमुख तत्व वा घटकका रूपमा लिइन्छ । प्रस्तुत खण्डकाव्य 'शोभा' मा शास्त्रीय संस्कृति वाणिक छन्द अन्तर्गत शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । नेपाली छन्दोबद्ध कविताहरूमा अत्याधिक मात्रामा प्रयोग हुने प्रस्तुत छन्द म गण, स गण, ज गण, स गण, दुई वटा त गण र एउटा गुरू गरि जम्मा १९ अक्षरमा संरचित छ । यस सूत्रलाई यस्तो सङ्केतमा देखाउन सकिन्छ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | स | ज | स | त | त | गुरू |
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

रामो लाग्छ सधैँ हरा प्रकृतिको
एकान्तको निर्जन
गाई हेर्न भनी खुशी हृदयले
जान्थेँ म एक्लै वन
शोभा त्यै वनभित्र शान्त वनकी
बस्थिन् अकेली परी
लाग्थ्यो रौस मलाई त्यो सुनचरी
छोपौँ कि छोपौँ सरी । (पृ. १)

शार्दूलविक्रीडित छन्दमा चारहरफको एक श्लोक मानिने परम्परा हुन्छ । यस खण्डकाव्य भने छन्दको विश्राम स्थललाई आधार मानि अथवा १२ अक्षर पछिका अक्षरलाई टुक्राई अर्को एक हरफ निर्माण गरी जम्मा ७ हरफको एक पङ्क्ति/गुच्छा बनाइएको छ । लय प्रयोगका दृष्टिले खण्डकाव्य निक्कै सफल छ । कतैकतै वर्णविन्यासगत अप्ठ्यारा देखिए पनि यो खण्डकाव्यको लयविधान सफल देखिन्छ ।

### ५.१.१.९ दृष्टिविन्दु

प्रस्तुत खण्डकाव्यमा दृष्टिविन्दुको प्रयोगलाई हेर्दा यो प्रथम पुरुष दृष्टिविन्दुमा संरचित देखिन्छ । यस खण्डकाव्यको समाख्याता अन्य कुनै छुट्टै पात्र नभइ 'म' पात्र रहेको छ । खण्डकाव्यमा सुरूदेखि अन्त्यसम्म नै लगातार रूपमा 'म' पात्रका कुराहरू आएका छन् र उनले सर्वज्ञ लेखकका रूपमा प्रकृतिको सौन्दर्यगान गरेका छन् । प्रकृतिका सुन्दरताहरूबाट प्रभावित बनेर आफूलाई एकोहोरो प्रेमीका रूपमा प्रतिष्ठापन गर्दै प्रेमिकासँगको सम्वन्धका रूपमा प्रकृतिको मानव सम्वन्धलाई देखाएकाछन् । यस किसिमको विषयवस्तुलाई दोहोऱ्याई लेखक स्वयंमले कथावस्तुलाई अगाडि बढाएका हुँदा यस खण्डकाव्यमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.१.१.१० भाषाशैली

कुनै पनि खण्डकाव्यकृतिको मूल अभिव्यक्तिको माध्यम भनेकै भाषा र त्यसको शैली हो । 'शोभा' खण्डकाव्य भाषाशैलीका दृष्टिले निकै उत्कृष्ट छ । स्वच्छन्दतावादी परिष्कारवादी न्यौपानेले यो मेरो पहिलो खण्डकाव्य हुँदा भाषाशैलीका दृष्टिले त्यति उत्कृष्ट नहुन सक्छ भन्ने आत्म स्वीकृति दिए तापनि खण्डकाव्यले भाषाशैलीको फितलोपन व्यहोर्नु परेको छैन । केही-केही आगन्तुक केही तत्सम अनि केही तद्भव र ठेट नेपाली छन्दहरूको प्रयोग गरिएको प्रस्तुत खण्डकाव्य रसविधान र अलङ्कार विधानका दृष्टिले समेत मूल्यवान छ । उपमा, उत्प्रेक्षा, आदि अलङ्कार सहितको लयात्मक वार्णिक छन्दमा संरचित भाषाशैली पढ्न थालेपछि छोड्दै नछोडी पढिरहु लाग्ने कोमल र प्रभावशाली छ । पद प्रयोगका दृष्टिले कल्प, विरह, नष्ट, माधुरी, स्वप्न, इन्द्रिय, क्रूर, पढ जस्ता तत्सम, अकेली, तक, सौगात, वर्गत जस्ता आगन्तुक अनि आँसु, लस्त, जगत् आदि जस्ता तद्भव र लठ्ठा, बनबुट्टा जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले भाषा सरल सहज र सम्प्रेष्य बनेको छ ।

## ५.१.२ 'राजा त्रिभुवन' खण्डकाव्यको विश्लेषण

### ५.१.२.१ परिचय

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको 'राजा त्रिभुवन' एक ऐतिहासिक खण्डकाव्य हो । यो खण्डकाव्यमा वि. सं. २००७ सालको परिवर्तनका सन्दर्भमा राजा त्रिभुवनको भूमिकालाई देखाउने काम गरिएको छ । यसको रचना वि.सं.२०२३ सालमा भएको र त्रिभुवन स्मारक

ग्रन्थमा प्रकाशन भइसकेको थियो । प्रस्तुत खण्डकाव्यलाई 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङग्रह भित्र पृष्ठ ८ देखि १५ सम्ममा अँटाइएको छ । जम्मा दुई खण्ड ३४ श्लोकमा संरचित प्रस्तुत खण्डकाव्य पनि न्यौपानेका खण्डकाव्यहरूमध्ये लघु आकारको खण्डकाव्यको रूपमा पाइन्छ ।

### ५.१.२.२ शीर्षकीकरण

'राजा त्रिभुवन' खण्डकाव्य खण्डकाव्यकार न्यौपानेको पात्रप्रधान खण्डकाव्य हो । यसमा न्यौपानले निरङ्कुश राणा शासनको त्रस्त र शोषणले ग्रस्त बनेका नेपाली जनताका कुण्ठा, निराशालाई प्रथम खण्डमा व्यक्त गरेका छन् भने द्वितीय खण्डमा प्रजातन्त्र प्राप्ति पछिको नेपाल र नेपाली जनता अनि राजा त्रिभुवनको देश र जनताप्रतिको भक्ति भाव, निस्वार्थ स्वभाव जस्ता कुरालाई समेटिएको पाइन्छ । खण्डकाव्यभरि नै न्यौपानेले एक असल, निस्वार्थी, देश र जनताको इच्छा बमोजिम काम गर्ने कुनै छल कपट नभएका शासकको खाँचो परेको र राजा त्रिभुवनले नै त्यस खाँचोलाई टार्न सफल भएको कुरा सहज किसिमले सरल भाषाशैलीमा व्यक्त गरेको छन् । तसर्थ खण्डकाव्यमा राजा त्रिभुवन धीरोदात्त, सत्, गतिशील, वद्ध जस्ता गुण भएका पात्रका रूपमा चिनिनु जनताको मन जित्न सफल हुनु र प्रमुख पात्रकै रूपमा खण्डकाव्यमा चित्रण गरिनुले यस खण्डकाव्यको शीर्षक 'राजा त्रिभुवन' राखिनु सार्थक देखिन्छ ।

### ५.१.२.३ कथानक

'राजा त्रिभुवन' खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यलाई दुई खण्डमा विभाजित गरिएको छ । यसका प्रथम खण्डमा निरङ्कुश राणा शासनको समयावधीको इतिहासलाई प्रस्तुत गरिएको छ । यस खण्डमा राणाकालीन समयमा नेपाली जनताले भोग्नु परेको दुःख, दर्द र त्रासदीपूर्ण वातावरणको चित्रण सरल र सहज भाषाशैलीको माध्यमबाट गरिएको छ । यसका साथै नेपाली जनताहरू माउबिनाको बचेरा जस्तै अवस्थामा रहेकाले नेपाल आमा र नेपाली जनताको राम्रो सम्वन्ध कायम राख्ने चाहना, अत्याचार र कोलाहलको अन्त्य, शान्तिको चाहना, देशप्रेमको भावना, स्वच्छ र सुन्दर नेपालको कल्पना, देशको इतिहासको गौरवगान गाउँने इच्छा, निस्वार्थी, असल शासकको चाहना जस्ता विषयवस्तुलाई यसरी प्रस्तुत गरिएको :-

नेपालीपन एउटै छ सबको नेपाल हाम्रो धनी

राजा हैन सदैब रहने हुँ यो प्रजा मै पनि
आफ्नो राष्ट्रियता  लिएर खँदिलो जो भावना भर्दछ
जल्ले स्नेह फिँजार्न सक्छ जनमा सेवा उही गर्दछ ।

यसै खण्डकाव्यको दोस्रो खण्डमा नेपालको २००७ सालको परिवर्तनको घटनालाई कथावस्तुको रूपमा उपयोग गरेको छ । राजा श्री ५ त्रिभुवनले आन्दोलनकारी जनताहरूसँग मिलेर राणाहरूको विरोध गर्दै दरबारमा कैदीको रूपमा बस्नुभन्दा गद्दी छाडेर छिमेकी मुलुक भारत पुगेर देशको शासन व्यवस्था सुधार्ने पहल गरी राणा शासनको अन्त्यसँगै पुनः आफ्नो गद्दी सम्हाल्न पुग्छन् । राजगद्दीको वास्था नगरी निजी स्वार्थभन्दा माथि उठेर देश र जनताका निम्ति समर्पित बन्न सक्ने राजा त्रिभुवनको चरित्र चित्रण नै यस खण्डकाव्यको कथानक हो ।

दोस्रो खण्डको अन्त्यतिर खण्डकाव्यकारले नेपाली जनताको प्रतिनिधित्व गर्दै जनताको चाहना अनुसारको राजा पाइएको र सबै जनतालाई समान रूपले हेर्ने र गुण लगाउने राजा त्रिभुवनले पूर्खाको विंडो थाम्न सफल भएका छन् । उनले आफ्नो निम्ति नभएर देश र जनताका निम्ति पसिना बगाउने मात्र देशको राजा बन्ने कुरा प्रकट गरेका छन् ।

कुनै पनि देशको वास्तविक शासक निस्वार्थी, देशभक्ति, धैर्यवान्, बुद्धिमान, दूरदर्शी, शान्तिकामि, वीर, निडर र साहसी किसिमको नै हुनुपर्ने र यी गुण राजा त्रिभुवनमा पाइएको तर वर्तमान समयमा देशको शासकमा यी गुणहरुको अभाव हुँदै गएको र नेपाली जनताले देश र प्रजाको निम्ति काम गर्ने असल शासकको अपेक्षा राखेको कुरा खण्डकाव्यकार न्यौपाने यसरी व्यक्त गर्दछन् :-

राजा हुन्छ सदैव स्वच्छ जनता पार्ने महान् शासक
राजा बिग्रिदिए रहन्छ अनि के खोज्लान् कुनै रक्षक
आफ्नो दीर्घ भविष्य रक्षित हुने आधार खोज्छन् जन
अर्काको हक खोस्न उद्यत बनी चाहेन राजा हुन ।

समग्रमा 'राजा त्रिभुवन' खण्डकाव्य नेपालको राणाकालीन समय र प्रजातन्त्र प्राप्त पछिको इतिहास झल्काउने खण्डकाव्य हो । राणाहरुको दबदब स्थितिबाट स्वतन्त्र भएका नेपाली जनताले वर्तमानमा पुनः अशान्ति, कोलाहल, आतङ्क, हत्याहिंसा, रक्तपात जस्ता

त्रासदीपूर्ण जीवन बिताउनु परिरहेको, शासकको फित्तलोपनाले यस्तो स्थिति बनेको र जनताले निस्वार्थी शान्तिकामि निडर, वीर शासक र नयाँ नेपालको चाहनाको आव्हान गरेको कुरा खण्डकाव्यको कथानक हो ।

### ५.१.२.४ पात्रविधान

पात्रविधानको दृष्टिले कवि न्यौपानेको खण्डकाव्य ‘राजा त्रिभुवन’ निकै उच्च छ । खण्डकाव्य नै पात्रप्रधान रहेको देखिन्छ । यस खण्डकाव्यमा राजा त्रिभुवन प्रमुख पात्रका रूपमा देखा परेका छन् भने राणा शासक र जनताहरू सहायक पात्रका रूपमा आएका छन् ।यस खण्डकाव्यमा प्रस्ट रूपमा चरित्रचित्रण गर्न लायक एक मात्र पात्र राजा त्रिभुवन हुन् । राजतन्त्रको इतिहासमा राजगद्दीको समेत वास्ता नगरी जनपक्षीय राजा बन्न सक्नु उनको ठूलो त्याग हो । राजाहरू आफ्नो स्वार्थका लागि जे पनि गर्न सक्छन् तर त्रिभुवनले आफूलाई ठूलो त्यागी राजाका रूपमा देखाएका छन् । उनी धीर,चतुर र दुरदर्शी छन् । उनी दरवारीया सुख सुविधालाई त्यागेर प्रवासिनु र प्रवासमा बसेर राणा विरोधी आन्दोलनमा सम्लग्न जनताहरूसँग मिलेर राणा शासन अन्त्यको पहल गर्नु उनको असाधारण काम हो । म आफू पनि प्रजा सो सरह हुँ भनेर गद्दी त्याग्न सक्नु कुनै पनि राजाको कम ठूलो त्याग होइन ।

माथिका आधारमा राजा त्रिभुवन नै यस खण्डकाव्यका प्रमुख पात्र हुन् । उनी पुरुष पात्र हुन् । उनी सत् पात्र हुन् । खण्डकाव्यमा उनको उपस्थिति नरहने हो भने खण्डकाव्य अपाङ्ग बन्ने हुँदा उनी बद्ध पात्र हुन् । उनी खण्डकाव्यका अनुकुल पात्रका रूपमा देखिएका छन् । समग्र कार्यकलापका आधारमा उनी मञ्चीय प्रमुख पात्र हुन् ।

राजा त्रिभुवन बाहेक अन्य खास पात्रको चरित्र चित्रण गर्न सकिने आस्था छैन् । यहाँ केही राणा शासक र उनका भाइ भारद्धार पात्रका रूपमा देखिन्छन् तर कुनै पात्रको नाम प्रस्ट उल्लेख गरिएको छैन् । सम्पूर्ण नेपालीहरूलाई पात्रकै रूपमा लिएको यस खण्डकाव्यमा अन्य पात्रको चरित्र चित्रण त्यति वैज्ञानिक देखिँदैन ।

### ५.१.२.५ परिवेशविधान

खण्डकाव्यमा अरू तत्व जस्तै परिवेशविधान पनि प्रमुख तत्व हो । यो राजा त्रिभुवन खण्डकाव्यको पहिलो खण्डमा निरङ्कुश राणा शासन कालमा नेपाली जनताले खप्नु परेको दूर्दशा प्रस्तुत गर्दै राणाकालीन परिवेशको चित्रण यसरी गरिएको छ ।

राणाकाल थियो र पिस्न जनता मौका उनैका थियो
राजासम्म छलेर बाहिर सबै धोका उनैको थियो
बाटो कुर्नु थियो र साहस गरी मौका नचुक्नु थियो
हाम्रा कल्पित स्वप्नभित्र पनि ता आशा कसैको थियो ।

प्रस्तुत खण्डकाव्यको दोस्रो खण्डमा प्रजातन्त्र प्राप्ति पछिको परिवेशका चित्रण गरिएको पाइन्छ । जनताको इच्छा अनुसार जनताको पक्षमा मरिमेटेर काम गर्ने राजा त्रिभुवन र उनको देशभक्तिको भावनाको चित्रण सहज किसिमले गरिएको छ । समग्रमा भन्दा यो खण्डकाव्य ऐतिहासिक खण्डकाव्य हो । यसमा नेपालको राणाकालीन समयको निरङ्कुश शासन र प्रजातन्त्र प्राप्ति पछिको नेपाल र नेपाली जनताको इतिहासलाई परिवेशको रूपमा लिइएको छ । परिवेशविधानका दृष्टिले यो खण्डकाव्यलाई उत्कृष्ट नै मान्न सकिन्छ ।

### ५.१.२.६ खण्डकाव्योद्देश्य

यस खण्डकाव्यको मूलभाव वीरता हो । यहाँ नेपालको राजतान्त्रिक शासन व्यवस्थामा अरूभन्दा पृथक र त्यागी राजाका रूपमा त्रिभुवनलाई चिनाउने काम गरिएको छ । यो एक उत्साह भावको खण्डकाव्य पनि हो । यो देश विषयक रति भावलाई परिपाकमा पु-याइएको खण्डकाव्य हो । देश विषयक रतिलाई पनि भाव मान्ने प्रचलन भएकाले त्रिभुवन विषयक रतिलाई उत्साह भाव पनि मानिन्छ । यहाँ पृथ्वीलाई अथवा आफ्नो देशलाई आमासरह मानिएको छ र देशवासीहरूलाई उनै आमाका सन्तानहरूका रूपमा देखाइएको छ । खण्डकाव्यकारले खण्डकाव्य नायकप्रति गरेको श्रद्धाबाट केही भक्तिभाव पनि झल्किएको छ । यसको सबैभन्दा मुख्य भावचाहिँ उत्साह भाव नै हो । केही - केही विस्मय भाव रहे पनि उत्साह भावले त्यस पक्षलाई ओझेलमा पारेको छ । नेपालको इतिहासमा राजा भएर पनि आफ्नो राजगद्दीलाई समेत बाजीमा राखेर देश र जनताको चाहना अनुरूप चल्न सक्ने एक त्यागी साहसी र वीर पुरुषको अमरताप्रतिको श्रद्धा नै प्रस्तुत खण्डकाव्यको मूल भाव वा उद्देश्य हो ।

### ५.१.२.७ सर्गविधान

'राजा त्रिभुवन' ऐतिहासिक विषयवस्तुलाई सामान्य आख्यानीकरण गरी लेखिएको लघु आकारको खण्डकाव्य हो । संरचनाका दृष्टिले हेर्दा खण्डकाव्यले त्यति पूर्णता पाएको देखिदैन् तर लघु खण्डकाव्यका दृष्टिले हेर्दा भने पूर्णता पाएको छ ।

यो खण्डकाव्यलाई दुई खण्ड र ३४ श्लोकका संरचित छ । पहिलो खण्डमा २००७ साल अघिको जहाँनिया राणा शासन रहेको नेपालको जर्जर अवस्था र त्यस अवस्थामा नेपाली जनता र राजाबाट व्यक्त गरिएका भावहरूलाई अटाएको छ । 'राजा त्रिभुवन' खण्डकाव्यको दोस्रो खण्डमा देशको जर्जर अवस्थादेखि जागृतिको दियो बाल्नका लागि आफ्नो छोटो जीवनमा गरिने सुख सयललाई वास्ता नगरी जनपक्षीय हितका लागि सेवा र सत्कर्मलाई महत्व दिने आफ्नो प्राणको बाजी राखी प्रजातन्त्रको सङ्खघोष गर्ने राजा त्रिभुवनका असल कर्महरूको महत्व गायन गरिएको छ । समग्रमा 'राजा त्रिभुवन' लघुखण्डकाव्यको संरचना विधानलाई हेर्दा यसमा ३४ वटा कविता श्लोककहरूलाई दुई खण्डमा विभाजन गरी संयोजन गरिएको पाइन्छ ।

## ५.१.२.८ लयविधान

लयविधान खण्डकाव्यको अनिवार्य तत्व हो । कवि दैवज्ञराज न्यौपानेका खण्डकाव्यहरू प्राय सबै लयका दृष्टिले सशक्त देखिन्छन । उनको यो 'राजा त्रिभुवन' खण्डकाव्यमा अघिल्लो खण्डकाव्य 'शोभा' माफैँ शार्दूलविकीडित छन्दको प्रयोग गरिएको छ । अघिल्लो खण्डकाव्यमा १९ अक्षरको एक हरफ हुने शार्दूलविकीडित छन्दका कविताका श्लोकहरूलाई १२ र ७ अक्षरमा टुकयाएर दुई श्लोककमा गणना गरिएको पाइन्छ भने यस खण्डकाव्यमा त्यसरी एउटै हरफलाई नटुकयाइकन १९ अक्षरकै एक हरफ हुने गरी चार हरफको एक श्लोक हुने खण्डकाव्य रचना गरिएको छ । यस खण्डकाव्यको नमुना तल प्रस्तुत गरिएको छ -

हामीथ्यौँ घनघोर अन्ध तममा जो नीदं हाम्रो थियो
हामीथ्यौँ वनभित्र त्रस्त युगको चीत्कार हाम्रो थियो
राजासाथ मिलेर बस्नु जनता यो आश हाम्रो थियो
नामै मात्र लिएर सम्फनु थियो यो देश हाम्रो थियो ।

यसरी यस खण्डकाव्यमा सरल सहज भाषाशैलीको प्रयोग गरी मिठासपूर्ण लयको प्रयोग भएको पाइन्छ ।

## ५.१.२.९ दृष्टिविन्दु

'राजा त्रिभुवन' खण्डकाव्यका समाख्याता कवि स्वयंम हुन् । उनले यस खण्डकाव्यको प्रथम खण्डमा नेपाली जनताले भोग्नु परेको पीडा, व्यथा, कुण्ठा, निराशा र

त्रासदीपूर्ण स्थितिको वर्णन गर्न सम्पूर्ण नेपाली जनताको प्रतिनिधित्व हुने 'हामी' शब्दको प्रयोग गरेका छन् । द्वितीय खण्डमा उनले प्रजातन्त्र आइसकेपछि नेपाली जनताले अपेक्षा गरेअनुसारकै राजा पाइएको कुरा प्रस्तुत गरेका छन् ।

ऐतिहासिक घटना आधारित प्रस्तुत खण्डकाव्यमा झट्ट हेर्दा कुन दृष्टिविन्दुको प्रयोग भएको छ भने छुट्ट्याउन नसके पनि कवि स्वयंमले नेपाली जनताको प्रतिनिधित्वको रूपमा आवाज बुलन्द गरेको हुनाले यस खण्डकाव्यमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ५.१.२.१० भाषाशैली

'राजा त्रिभुवन' खण्डकाव्य ऐतिहासिक खण्डकाव्य हो । यसमा २००७ साल अगाडिको नेपाल देश र नेपाली जनताको अवस्थाको चित्रण र २००७ साल पछिको प्रजातन्त्र प्राप्ति पछिको नेपाली जनताको चित्रण सरल भाषाशैलीमा गरिएको छ । खण्डकाव्यमा अन्त्यानुप्रास र मध्यानुप्रासप्रति पनि कवि सचेत छन भने शास्त्रीय लय अन्तर्गत शार्दूलविक्रीडित छन्दमा संरचित यो खण्डकाव्य लयबद्ध किसिमले प्रस्तुत गरिएको छ । यस खण्डकाव्यमा घनघोर, कल्पित, दूर, निर्झर, तक, किन्त, उल्लास, व्यर्थ, उद्गार, प्रजातन्त्र, घनघटा, सिञ्चित, कोलाहल, स्वाधीन, मिर्मिरे, प्रहर, आभा, शास्वत, कन्दरा, कैलाश, प्रीतम, हर्दम, जागरित, सत्काम, यत्न, दुष्ट, निन्दित, लोलुप, बान्धव, वैभव, लोभी, तत्पर, विस्मृति, बाधक, साधक, अञ्जली, श्रद्धाञ्जलि जस्ता तत्सम शब्दहरू वर्गत, दुनिया, हक, जञ्जाल, मुराद, सुस्त जस्ता आगन्तुक शब्दहरू र चित्कार, चड्कन, भरिलो, खँदिलो, रसिलो, खल्वल, राल, झलमल जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले खण्डकाव्य मिठासपूर्ण बनेको छ । यसका साथै बाच्छो, फूल, आत्मज्योति जस्ता बिम्ब र प्रतीकको प्रयोग पनि खण्डकाव्यमा भएको पाइन्छ ।

खण्डकाव्यकार न्यौपानेका सबै खण्डकाव्यहरूमा सरल, सहज किसिमको भाषाशैलीको प्रयोग भएका हुन्छन । यस 'राजा त्रिभुवन' खण्डकाव्यमा पनि भाषाशैलीको कठिनाइ पाइदैंन । खण्डकाव्य भरि नै समसामयिक परिस्थितिलाई सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गर्नु खण्डकाव्यकार न्यौपानेको भाषाशैलीगत विशेषता हो ।

## ५.१.३ 'शान्ति कामना' खण्डकाव्यको विश्लेषण

### ५.१.३.१ परिचय

'शान्ति कामना' खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको ५० श्लोकमा संरचित खण्डकाव्य हो । यस खण्डकाव्यलाई ५० श्लोकमा संरचना भएकै कारण खण्डकाव्यकारले खण्डकाव्य वा लघुखण्डकाव्य नभनी अर्धसतक खण्डकाव्य भनी नामकरण गरेका छन् । अर्धसतक खण्डकाव्य भनिएको भएतापनि यस खण्डकाव्यलाई लघुखण्डकाव्यकै कोटीमा राखेर अध्ययन गर्न सकिन्छ । यो खण्डकाव्य कविले वि.सं.२०३४ साल अगाडि नै रचना गरेको तथ्य २०३४ सालमा यसै खण्डकाव्य भित्रका केही श्लोककहरू मधुपर्क मासिक पत्रिकामा 'आजको धर्तीलाई शान्तिको कामना' शीर्षकमा छापिएबाट पुष्टि हुन्छ । अर्को शब्दमा यो खण्डकाव्य त्यही 'आजको धर्तीलाई शान्तिको कामना' कविताको विस्तारित रूप हो । अहिले यो पाँच खण्ड र ५० श्लोक सङ्ख्यासम्म विस्तारित भएर 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहभित्र पृष्ठ १६ देखि २६ सम्ममा अटाइएको छ । यस खण्डकाव्यबाट धर्तीमा बढ्दै गएका विभिन्न विकृति र विसङ्गतिहरूको अन्त्य हुनु पर्नेतर्क प्रस्तुत गर्दै धर्ती सबैको साझा घर हो र यसमा स्वच्छता र शान्ति रहनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ५.१.३.२ शीर्षकीकरण

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको 'शान्ति कामना' एकाइसौं शताब्दीको विश्व परिवेशमा हुर्कदै गएको मानव स्वार्थबाट विकसित हत्याहिंसा, आतङ्क र अशान्तिबाट मुक्तिको कामना गर्दै रचिएको खण्डकाव्य हो । यसमा संसारका मान्छेहरूमा मेलमिलाप रहोस्, काहीँ कसैलाई पनि केही दुःख नहोस्, विनाशकारी हातहतियार र बमहरू पड्किनु त के निर्माणसम्म पनि नहोस्, धर्तीमा जहाँ पनि जेमा पनि र जहिले पनि शान्ति होस् भन्ने कामना गरिएको छ । प्रस्तुत तलका श्लोकहरूले खण्डकाव्यको शीर्षकीकरणलाई महत्वका साथ अङ्गालेका छन् -

हामी शान्ति रूचाउँछौ जगतमा होस् आपसी मित्रता
केही कष्ट नहोस् कतैतिर कुनै अन्याय वा कूरता
हाम्रो चाह छ यै यिनै प्रिय कुरा खोज्छौं सबै ठाउँमा
सारा मानव बस्तीमा र मनका विश्वासका ठाउँमा ।

पृथ्वी तेजस वायुमा र जलमा आकाशमा शान्ति होस्
मान्छेका मन कर्ममा र दिलमा आवाजमा शान्ति होस्
सिङ्गै विश्व सताउने त्रिविधका सन्तापमा शान्ति होस्
सारा अन्न वनस्पति र फलका सत्पाकमा शान्ति होस् ।

मान्छे मार्न बनाईने अणु हुने निर्माणमा शान्ति होस्
मान्छे फोर्न चलाइने कुटिलता षड्यन्त्रमा शान्ति होस्
सिङ्गै विश्व र राष्ट्र गाउँ घरका सम्वन्धमा शान्ति होस्
धर्तीमा हुन आउने जति नयाँ उत्पातमा शान्ति होस् ।

माथिका श्लोकहरू उदाहरणका लागि उदाहरण मात्र हुन् । यो खण्डकाव्यकार नै अशान्ति निम्त्याउने अवस्थाहरूलाई देखाउँदै तिनको समाधानतर्फ कविको कलम अग्रसर छ । हरेक समाधान सँगसँगै अशान्तिको अन्त्य र शान्तिको कामनालाई महत्व दिइएको छ । अतः प्रस्तुत खण्डकाव्यको शीर्षक शान्ति कामना औचित्यपूर्ण र सार्थक देखिन्छ ।

### ५.१.३.३ कथानक

प्रस्तुत खण्डकाव्य 'शान्ति कामना' कथानक प्रदान खण्डकाव्य नभई कथानक मुक्त खण्डकाव्य हो । यसमा एकाइसौं शताब्दीको मानव समाजमा विकसित अमिल्दा प्रवृत्तिहरूलाई साना-साना परिवेशहरू सिर्जना गर्दै देखाउने प्रयास भएको छ । खण्डकाव्यमा कथानकको सशक्त उपस्थिति नरहे पनि एकाइसौं शताब्दीमा विकसित मानव आविष्कारहरू बढदै गएको, पैसाले सबै कुरा पाउन थालिएको, मान्छेको जीवनशैली हिजोको तुलनामा धेरै सहज बनिसकेको तर मानवीकरण भने दिनदिनै झिनो बन्दै गएको कुरा देखाइएको छ । खण्डकाव्यमा मान्छे स्वार्थको जालोमा बेरिदै केवल 'म' को भावनाले साँगुरिदै गएको, विश्व जित्ने होडबाजीमा विभिन्न नरसंहारहरू मच्चाउँदै गएको देख्दा धर्मको नाममा, राजनीतिको नाममा विभिन्न विकृतिहरू बढदै गएको देख्दा कवि स्ययम्ले 'हामी' शब्द को प्रयोग गरी नेपालीहरूको प्रतिनिधित्व गर्दै आफैँ पात्रका रूपमा उपस्थित भएर नेपालीहरूले विश्व शान्तिका लागि पहल गर्नुपर्ने कुरा देखाएका छन् ।

यसरी हेर्दा प्रस्तुत खण्डकाव्यको कथानक असाध्यै झिनो रहेको देखिन्छ । यो खण्डकाव्य कथानक प्रदान नभई चिन्तन प्रदान वर्णनात्मक प्रबन्ध खण्डकाव्यका रूपमा देखापरेको छ । खण्डकाव्य पढ्दा कुनै पात्र वा घटनाले भन्दा पनि कविता पढ्दा जस्तो खण्डकाव्यमा उठाएका तर्क-वितर्कहरूले पाठकलाई बाँध्न सकेको छ ।

### ५.१.३.४ पात्रविधान

प्रस्तुत खण्डकाव्यलाई पात्र विधानका दृष्टिले हेर्दा त्यति सफल पाईंदैन । यसमा कुनै पनि पात्रहरू विशेष भूमिकासहित उपस्थित छैनन् । खण्डकाव्यकारले हामी विश्वको मानव समुदाय र विशेषत नेपाली जनतालाई सङकेत गरेको देखिन्छ । हामीका अतिरिक्त मान्छे, नेता, धार्मिक व्यक्ति नीतिनिर्माता, दानव, राक्षस, निर्धामान्छे, धनीमान्छेहरू आदि पात्रहरूको सङ्केत भएपनि ती पात्रको खास उल्लेखनीय भूमिका देखिँदैन । पात्रविधानका दृष्टिले असफल भए पनि पात्रविना नै समस्या र ती समस्या माथि आफ्नो विचार प्रस्तुत गर्दै खण्डकाव्यलाई पूर्ण बनाउन सक्नु खण्डकाव्यकारको विशेष सफलता हो ।

### ५.१.३.५ परिवेश विधान

थानकहीन खण्डकाव्यमा ठोस परिवेश पाउन गाह्रो हुन्छ । कथानक र पात्रविधान जस्तै यस खण्डकाव्यमा परिवेशविधान पनि प्रष्ट रूपमा हुन सकेको छैन । कतै विश्वब्रम्हाण्डकै प्रसङ्ग आउनु र कतै नेपाली माटोका कुराहरूको महत्वगान गरिनुले परिवेशहीन त भन्न मिल्दैन तर ठोस परिवेशको भने अभाव नै देखिन्छ ।

### ५.१.३.६ खण्डकाव्योद्देश्य

यस खण्डकाव्यमा एकाइसों शताब्दीको मानव समाजमा देखिएका परिवर्तनहरूलाई विषयवस्तु बनाइएको छ । बाजेको पालामा मान्दै आएका संस्कृति परम्परा र त्यस बेलाको समाज क्रमशः छोरा र नातिको पालामा आइपुग्दा देखिएको परिवर्तनलाई देखाउनु खण्डकाव्यको उद्देश्य रहेको छ ।

कथानकमुक्त खण्डकाव्यकै रूपमा रहको प्रस्तुत खण्डकाव्यमा अतीतको सम्झना, वर्तमानको स्थिति र भविष्यप्रतिको चिन्ता गरिएको छ । वर्तमान समयको वैज्ञानिक हातहतियार, त्यसको प्रभावले समाजमा भइरहेको नरसंहारकारी हत्याहिंसा, आतंक,

मानिसहरूको स्वार्थ, लोलुपता जस्ता कुराहरूलाई देखाउँदै शान्तिको कामना गर्नु प्रस्तुत खण्डकाव्यको प्रमुख उद्देश्य हो ।

### ५.१.३.७ सर्गविधान

खण्डकाव्यमा सर्गविधानलाई संरचना अर्न्तगत राखेर अध्ययन गर्न सकिन्छ । सर्गविधानका दृष्टिले यस खण्डकाव्यलाई अध्ययन गर्दा त्यस्तो खास सर्ग नै छुट्याइएको आधार देखिदैन तर खण्डकाव्यलाई पाँचवटा खण्डमा विभाजन गरेको देखिन्छ । यो विभाजनलाई नै एक किसिमले सर्ग विभाजनको रूपमा लिन सकिन्छ । अतः प्रस्तुत खण्डकाव्यलाई पाँचवटा सर्गमा विभाजन गरिएको छ । कथानक, परिवेश र पात्रविधानका तुलनामा सर्गविधानका दृष्टिले खण्डकाव्य बढी सफल छ ।

### ५.१.३.८ लयविधान

लयविधानका दृष्टिले 'शान्ति कामना' खण्डकाव्य कथानक, पात्रविधान, परिवेशविधान र सर्गविधानभन्दा बढी सफल देखिन्छ । यस खण्डकाव्यमा अघिल्ला दुई लघुखण्डकाव्यहरू 'शोभा' र 'राजा त्रिभुवन' मा जस्तै शास्त्रीय वार्णिकछन्द अन्तर्गत शार्दूलविकीडित छन्दको प्रयोग गरिएको छ । प्रस्तुत खण्डकाव्य लयविधानका दृष्टिले अघिल्लो दुईवटा खण्डकाव्यभन्दा सफल छ । यसमा भाषिक व्याकरणिक मानवतालाई बिग्रिन नदिईकन सहज सरल तर प्रभावकारी खण्डकाव्यात्मक अभिव्यक्ति दिन सकेको देखिन्छ ।

### ५.१.३.९ दृष्टिविन्दु

प्रस्तुत खण्डकाव्यमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । खण्डकाव्यमा ठोस पात्र नहुँदा र खण्डकाव्यकार आफैँले कतै उनीहरूको र कतै हाम्रो वर्णन गरिएका हुँदा मूलतः खण्डकाव्यकार नै यस खण्डकाव्यका समाख्याता हुन् । खण्डकाव्यभित्रका सम्पूर्ण समस्याहरू खण्डकाव्यकार आफैँले खोजेका छन् । अतः प्रस्तुत खण्डकाव्य प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ भन्न सकिन्छ ।

### ५.१.३.१० भाषाशैली

भाषाशैलीका दृष्टिले हेर्दा 'शान्ति कामना' लघुखण्डकाव्यलाई निक्कै सशक्त खण्डकाव्यका रूपमा पाउँन सकिन्छ । कवि न्यौपानेको छन्दोबद्ध कविता सिर्जना र

परिष्कृतिलाई कतिपय गुणका आधारमा समसामयिक कवितामध्ये माधवप्रसाद घिमिरेका उत्तराधिकारी र स्च्छन्दतावादी, शास्त्रीयतावादी धाराका अग्रणी कवि मानिन्छ । लेखनाथ पौड्यालको परिष्कार र महाकवि देवकोटाको स्वच्छन्द प्रकृतिप्रेम एवम् चित्रणसँग उनको लेखनलाई दाँजेर हेर्नु उपयुक्त हुन्छ ।[112]

यस आधारमा हेर्दा प्रस्तुत खण्डकाव्य उल्लेखित प्रतिभाहरूका खण्डकाव्यकृतिहरूसँग तुलना योग्य नै देखिन्छन् । यस खण्डकाव्यमा झम्टेर, लाठे, खल्बल, आतेस, औसर ,ख्यालख्याल, गाँठी, बिकाउँला, अनमोल, जस्ता ठेट वा झर्रो नेपाली शब्दहरूको प्रयोग हुनुका साथै जगत्, आक्रोस, कोलाहल, दिव्य, तत्पर, आवास, यद्वा, दुर्गति, आडम्बर, सहस्र, कुण्ठित, उत्तम, प्रजातन्त्र, शाषण, विलासी, निर्भय, उल्लास, समता, सत्य, माम, आलोक, तुच्छ, बाधा, शठता, कपटी, दम्भी, किन्तु, ईष्या, आर्किण मदमत्त, लोलुप, विषक्त, विध्वंश, आकाङ्क्षा, व्यापक, शङ्का, आड, विकृत, वायु, अनन्त, कटुता, अरूणिमा, कुटिलता, उत्पात, आदि तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ भने दुनिया, लायक, चुक्ली, चाकडीवाज, वर्गत, जञ्जाल, जग, आदि आगन्तुक शब्दको प्रयोग भएर पनि खण्डकाव्य सहज र सफल बनेको छ ।

खण्डकाव्यमा अनुप्रासयुक्त भाषाशैलीको प्रयोग प्रशस्त भएको पाइन्छ । उनको यस खण्डकाव्यमा अनुप्रास योजनालाई हेर्दा व्यस्त छ- खस्तछ, कति- दुर्गति, रह्यो- भयो, अन्योल- मोल, लायक -नायक, गर्छ-स्वीकार्छ, चल्दछ-गल्दछ, लाठेहरू-वातेहरू, छल्दछन् - गल्दछन्, दानव - मानव, भयो - गयो, कुरो - चुरो, भनि - पनि, कुरा - सुरा जस्ता सुन्दर अन्त्यानुप्रास र मध्यानुप्रासहरूले खण्डकाव्यलाई जीवन्त बनाएका छन् ।

## ५.१.४ 'सम्झनाको धरातलबाट' खण्डकाव्यको विश्लेषण

### ५.१.४.१ परिचय

खण्डकाव्यकार न्यौपानेको 'सम्झनाको धरातलबाट' खण्डकाव्यलाई खण्डकाव्यकार आफैँले पत्रखण्डकाव्य हो भन्ने आत्मस्वीकृति दिएका छन् । यो खण्डकाव्यकारको व्यक्तिगत अनुभूति भए पनि यसको साधरणीकरणबाट अरू धेरैको जीवनगाथा बन्न सक्ने खण्डकाव्यकारको अपेक्षा रहेको छ ।[113] यस खण्डकाव्यको रचना वि.सं. २०५५ सालतिर

---

112 रमेश शुभेच्छु,स्रष्टा दम्पति, प्रा. दैवज्ञराज + सुधा न्यौपाने शब्दाङ्कुर मासिक, वर्ष छ, अङ्क छ, पूणाङ्क १६६, २०६३, पृ.१९)

113 खण्डकाव्यकार दैवज्ञराज न्यौपाने,सम्झनाको धरातलबाट 'खण्डकाव्यसङ्ग्ह', २०६३, काठमाडौं : भूमिकाबाट ।

भएको पनि खण्डकाव्यकारले बताएका छन् । यसै खण्डकाव्यको नामबाट छवटा खण्डकाव्यहरूको सिङ्गो सङ्ग्रहकै नाम जुटाइएबाट खण्डकाव्यकारका दृष्टिमा यो खण्डकाव्य उत्कृष्ट खण्डकाव्य हो भन्न सकिन्छ । यसलाई पत्रखण्डकाव्य नामाकरण गरिएको छ । खण्डकाव्य पढ्दा भने कुनै संस्मरणात्मक खण्डकाव्य पनि भन्न सकिन्छ ।

प्रस्तुत खण्डकाव्य 'सम्भनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहभित्र पृष्ठ २७ देखि ४० सम्ममा अँटाइएको छ । वि.स २०५५ सालतिरै लेखिए पनि यसको प्रकाशन भने यसै खण्डकाव्यसङ्ग्रहमा २०६३ मा भएको देखिन्छ । जम्मा ९ खण्ड र १०६ श्लोककमा संरचित प्रस्तुत खण्डकाव्यमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ भने सामान्यदेखि विशिष्ट पहिचान भएका जीवित पात्रहरू खण्डकाव्यका पात्रका रूपमा उपयोग गरिएको पाइन्छ ।

## ५.१.४.२ शीर्षकीकरण

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको 'सम्भनाको धरातलबाट' खण्डकाव्य पत्रात्मक खण्डकाव्य हो । यस भित्र आफ्ना अनन्य मित्रलाई पत्र लेख्ने क्रममा हिजो बाल्य खण्डकाव्यदेखि आज प्रौढ अवस्थासम्मका विभिन्न समयमा भएका सुख - दुःख, हासो-खुसी, विष्मात- वेदना, आदिको समेत सम्भना गरिएको छ । पत्र वर्तमानका लागि लेखिए पनि यसले धेरैभन्दा धेरै सम्भनाको सामग्रीहरूलाई समेटेको छ । यस अर्थमा प्रस्तुत खण्डकाव्यको शीर्षक 'सम्भनाको धरातलबाट' सार्थक र औचित्यपूर्ण देखिन्छ । प्रस्तुत खण्डकाव्यको शीर्षकबाटै छवटा खण्डकाव्यहरूको सङ्कलन गरिएको खण्डकाव्य सङ्ग्रहको समेत शीर्षकीकरण गरिएबाट खण्डकाव्यकारको समेत यस शीर्षक छनौटमा सन्तुष्टि रहेको बुझिन्छ ।

## ५.१.४.३ कथानक

कथानक खण्डकाव्यको एक प्रमुख तत्व हो । यसको अभावमा खण्डकाव्यले न त आकार नै लिन सक्छ, न त पाठकलाई आफूसँगसँगै आकर्षित गरेर अगाडि बढाउन नै सक्छ । खण्डकाव्यकार न्यौपानेका अघिल्ला खण्डकाव्यहरूका तुलनामा 'सम्भनाको धरातलबाट' खण्डकाव्यमा कथावस्तुले प्रशस्तै ठाँउ पाएको छ । प्रस्तुत खण्डकाव्य पत्रखण्डकाव्य हो । यस खण्डकाव्यमा आएका पात्रहरू सबै यर्थाथ छन् । यस खण्डकाव्यमा 'दैवु' वा 'म' पात्र बाल्यकाल देखिका साथी-साथी हुन् । उनीहरू भोजपुरको गोगने भन्ने ठाँउमा जन्मेर आ-आफ्ना क्षेत्रमा गन्यमान्य व्यक्ति भएका छन् । ती मध्ये 'म' पात्र 'दैवु' वा

'गोरे' ले शैक्षिक क्षेत्रमा ठूलो उन्नति गरेको देखिन्छ भने विष्णुराज कुसम वा काहिँलोले प्रशासनिक क्षेत्रमा ठूलो उन्नति गरेको देखिन्छ । उनीहरू लामो समयसम्म भेटघाट हुन पाउँदैनन् । समयान्तरले 'दैवु' विश्वविद्यालयका प्राध्यापक र कुसम प्रमुख जिल्ला अधिकारी बनेका छन् । प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लामा आदिकवि भानुभक्त आचार्यको प्रतिभा निमार्ण गरी अनावरणको अवसरमा आफ्नो शैक्षिक क्षेत्रमा उन्नति गरेको मित्रलाई अतिथिको रूपमा निम्तो गर्दछन् । निम्तो मान्न पुगेका भावुक स्वभावका 'म' पात्र वा दैवुले पुर्नमिलनलाई सुखद र अविस्मरणीय क्षणको रूपमा बाल्यकालदेखिका सबै कुराहरू सम्झिन पुगेका छन् । आफू मित्रबाट छुटेर आएपछि औपचारिक ढङ्गले पत्र लेखी आफू बाल्यकालदेखिका मिल्ने साथी भएको, सँगै खेलेको, सँगै हुर्केको, सँगै पढेको, विद्यार्थी सङ्गठनमा नेतृत्व सङ्गालेको,नाटक खेल्दा द्रव्य शाह र उनकी आमाको पाठ खेलेको,यौवनका प्रारम्भिक दिनहरूमा कुनै युवतीले आफूहरूलाई मन पराएको, आफूहरूले पनि कुनै अर्को युवतीलाई मन पराएको, त्यतिखेरका साथीहरू कोही डाक्टर,कोही इन्जिनियर,कोही प्राध्यापक, कोही प्रशासक र कोही मन्त्री समेत बनेको त्यस मध्ये दुई मित्रबीचको मित्रता भने सबैभन्दा घनिष्ट र महत्वपूर्ण रहेको कुरा उल्लेख गरिएको छ ।

### ५.१.४.४ पात्रविधान

प्रस्तुत खण्डकाव्य पत्रखण्डकाव्य भए पनि र कथावस्तुक्षिण भए पनि यो खण्डकाव्य पात्र बहुल खण्डकाव्य हो । यहाँ जीवित पात्रहरूलाई खण्डकाव्यमा उनिएको छ । त्यस्ता पात्रहरूमा विष्णुराज कुसम,'दैवु, स्थानेश्वर खतिवडा, टीकाप्रसाद न्यौपाने, तीर्थराज भट्टराई, कीर्तिरमणविमल, निरञ्जन (निनु) चापागाईं, रामेश्वर चापागाँई ऋषिराज मिश्र, पीताम्बर दाहाल, शिवप्रसाद सत्याल, रामप्रसाद सत्याल, रामप्रसाद भट्टराई, मीनकुमार दाहाल, श्यामलाल दाहाल, भैरव प्रसाद मजगैंया, शेखर चटर्जी, भरतमणि रिसाल, रामचन्द्र लम्साल,नेत्रप्रसाद भट्टराई, गोविन्दप्रसाद घिमिरे, पीताम्बर अधिकारी, अर्जुनसिंह केसी, चिरञ्जिवी वाग्ले, रामचन्द्र पौडेल, सिद्धराज ओझा, विपिन कोइराला, होमनाथ दाहाल, राममणि रिसाल, बाबुराम दाहाल, सावित्रीप्रसाद सुवेदी, शम्भुप्रसाद न्यौपाने रहेका छन् । न्यौपानेले यी पात्रहरूको पूरा नाम नै खण्डकाव्यमा उल्लेख गरेको पाइदैन । उनले विभिन्न छोटकारी नामहरूको प्रयोग गरेर यी सबै पात्रलाई समेटेका छन् भने छन्द भङ्ग नगरी खण्डकाव्यलाई पूर्णता प्रदान गरेका छन् । यी साङ्केतिक  नामको यर्थाथ नाम खण्डकाव्यकै पादटिप्पणीमा उल्लेख गरिएको छ । उल्लेखित पात्रहरूका आधारमा 'सम्झनाको

धरातलबाट' खण्डकाव्य पात्र बहुल रहेको कुरा पुष्टि हुन्छ । यसमा प्रयोग भएका पात्रहरूमध्ये प्रमुख पात्रहरू 'दैव्' र 'विष्णुराज कुसम' हुन् । यी दुवै पात्रको चरित्र चित्रण यसप्रकार गर्न सकिन्छ ।

### ५.१.४.४.१ विष्णुराज कुसम

विष्णुराज कुसम भोजपुरमा नै जन्मिएका हुन् । यिनी यस खण्डकाव्यका दैव् र अन्य पात्रहरूका साथी हुन् । उनको बाल्यकाल भोजपुरमै बित्यो । उनी अध्ययन र जागिरको सिलसिलामा देशका विभिन्न ठाउँ पुगेका छन् । प्रशासनका विभिन्न तहमा रहेर काम गर्दै आएका कुसमले आफू प्रमुख जिल्ला अधिकारी भएका बेला आदिकवि भानुभक्त आचार्यको प्रतिमा निमार्ण गर्ने काम गरेका छन् । त्यस प्रतिमाको अनावरणका क्रममा आफ्ना पुराना हितैषी मित्रहरूलाई निम्तो गरेर आफूले गरेको महत्वपूर्ण काम देखाएका छन् । यस भूमिकाका आधारमा विष्णुराज कुसमलाई यस खण्डकाव्यका प्रमुख पात्रका रूपमा लिन सकिन्छ । खण्डकाव्यको प्रारम्भदेखि अन्त्यसम्म नै उनका आनीबानी र व्यवहारहरू चित्रण भएकाले पनि प्रमुख पात्र हुन् । उनी खण्डकाव्यमा बद्ध, सत्, गतिशील र जिम्मेवार एक पुरुष पात्रका रूपमा देखा परेका छन् । खण्डकाव्यमा उनलाई 'काहिँला' भनेर बोलाउने गरिएको उल्लेख छ ।

### ५.१.४.४.२ दैव्

'सम्झनाको धरातलबाट' खण्डकाव्यको प्रमुख पात्र 'दैव्' र 'म' पात्रका रूपमा समेत आएका छन् । उनी आफैँ खण्डकाव्यका समाख्याता बनेर देखापरेका छन् । उनको जन्म भोजपुरको गोगनेमा भएको छ र उनी अध्ययनका क्रममा दाङ् हुँदै काठमाडौँ आएर शैक्षिक क्षेत्रमा कार्यरत छन् । उनी भावुक स्वभावका छन् । मित्रलाई महत्व दिने आफूलाई महत्व दिने मित्रहरूप्रति आभार प्रकट गर्ने र बाल्यकालदेखिका घटनाहरूलाई प्रष्ट रूपमा सम्झन सक्ने खुबी उनमा रहेको छ । उनी कव्यका प्रमुख पुरुष पात्रका रूपमा देखिएका छन् । पात्र प्रयोगका दृष्टिले विभिन्न पात्रहरूको प्रयोग भएता पनि प्रमुख भूमिकामा नारी पात्रको अभाव देखिन्छ । यो खण्डकाव्यमा द्वारी नामकी युवती ठकुर्नी जस्ता एक दुई जना नारी पात्र पनि रहेका छन् । यिनीहरूको भूमिका गौण रहेको छ ।

### ५.१.४.५ परिवेशविधान

खण्डकाव्यकार न्यौपानेका अघिल्ला पात्रका तुलनामा यो खण्डकाव्य परिवेश विधानका दृष्टिले निकै व्यापक परिवेशसम्म विस्तारित छ । यसमा विशेषत भोजपुरको गोगने, दिङ्ला ,दाङ् र काठमाडौंसम्मको परिवेशलाई समेटिएको छ । यसका अतिरिक्त नेपालगञ्ज, हिले, तमोर, अरूण, इण्डिया, विराटनगर, फार्विसगञ्ज, पाटन, दलगाउँ, घुर्पिसे, साल्मा, धादिङ, कुन्छा, विजौरी, कुसुमखोला र पिखुवा जस्ता ठाउँलाई परिवेशको रूपमा लिइएको छ ।

समग्र खण्डकाव्यलाई हेर्दा खण्डकाव्यकारले पत्र लेखेको काठमाडौं,पत्र पठाएको ठाउँ र त्यहाँ बनेको भानुभक्तको प्रतिमा प्रत्यक्ष परिवेश  हुन् । उल्लेखित ठाउँ वा परिवेशका आधारमा न्यौपानेको ‘सम्झनाको धरातलबाट’ खण्डकाव्यलाई परिवेश विधानका दृष्टिले निकै सफल खण्डकाव्यका रूपमा पाउँन सकिन्छ ।

### ५.१.४.६ खण्डकाव्योद्देश्य

खण्डकाव्यकार न्यौपानेको पहिलो चरणका खण्डकाव्यका तुलनामा दोस्रो चरणका खण्डकाव्यहरू बढी उद्देश्य मूलक देखिन्छन् । ‘सम्झनाको धरातलबाट’ न्यौपानेको खण्डकाव्ययात्राको दोस्रो चरणको पहिलो खण्डकाव्य भएकाले यसले उद्देश्यलाई बोधगम्य रूपमा अँगालेको देखिन्छ । यस खण्डकाव्यले बाल्यअवस्था, युवाअवस्था र प्रौढावस्थाका सम्झनाहरूलाई ताजा गराउँदै आफ्नो जीवनमा विगतका घटेका घटनाहरू महत्वपूर्ण हुन्छन् । ती घटनाहरूले मान्छेलाई अघि बढ्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाइरहेका हुन्छन् भन्ने कुरालाई देखाएको छ । अझ अर्को तहमा हेर्दा कुनै पनि मान्छेलाई एउटा सफल र योग्य साथीहरूको साथ, सहयोग र प्रेरणा आवश्यक छ भन्ने देखिन्छ । यस खण्डकाव्यको उद्देश्यलाई केलाउँदा मित्रतालाई सर्वोपरी महत्व दिएको छ । नायक,नायिका (प्रेमी-प्रेमिका, श्रीमान-श्रीमती) लाई महत्व दिदै आएको नेपाली खण्डकाव्यमा मित्र प्राप्ति, मित्रलाभ वा मित्रताको महत्व गायन गरेर यस खण्डकाव्यले असल र महान् मित्र छनौटमा ध्यान दिनु पर्ने  कुरालाई महत्व दिदै  आफ्नो जीवनकालमा साथ दिने मित्रहरूलाई बिर्सनु नहुनेतर्फ यसरी सङ्केत गरिएको छ ।

मित्र चिन्नु कुनै चाप्लुसी गर्न आउलान्
कतै अन्तरमा पारी ठग्न पाए रमाउँलान् ।

होसियार सबै ठाउँ सबैतिर बराबर

हेरेर पाइला चाले हुदैंन पछिको डर ।

### ५.१.४.७ सर्गविधान

सर्गविधानका दृष्टिले न्यौपानेको 'सम्झनाको धरातलबाट' खण्डकाव्यलाई सर्ग भनेर प्रत्यक्ष छुट्याइएको छैन तर नौखण्डमा सङ्ख्या दिइएर विभाजन गरिएको छ । यसमा पहिलो खण्डमा साथीलाई सम्बोधन र बाल्यकालका कुराहरू दोस्रो र तेस्रो खण्डमा युवा अवस्थामा गाउँघरका विभिन्न अनुभूतिहरू चौथो र पाचौँ खण्डमा गाउँ छोडेर सहर बस्ताका घिउभित्र पैसा लुकाएर ल्याइएका रोचक प्रसङ्ग र सहपाठीको सम्झना, छैटौँ खण्डमा सहरमा आएर पढ्दाका विद्यार्थी जीवनका नेतृत्वदायी र उत्साही भूमिका अनि सहपाठीको सम्झना समेटिएको छ । खण्डकाव्यको सातौँ खण्डमा खण्डकाव्यको 'म' पात्रलाई बाल्यकालदेखिको  साथीले भानुभक्त आर्चायको प्रतिमा अनावरणका दिन निम्त्याएको र त्यहाँ लामो समयसम्म भेट नभएका साथीहरूको पुर्नमिलनले एक किसिमको खुसी ल्याएको देखाइएको छ । आठौँ खण्डमा सच्चा मित्रको महिमा गायन भएको छ भने नवौँ खण्डमा सच्चा मित्रको आफ्नो निकट मित्रसँगका बाल्यकालमा बिताएका महत्वपूर्ण क्षणहरूको विशेष सम्झना गर्दै त्यस सम्झनालाई वर्तमानसँग जोड्दै आगामी दिनमा मित्रता अझ गाढा हुनु पर्नेमा जोड दिइएको छ । यसरी हेर्दा सर्गविधानका दृष्टिले नै सर्गमा वा खण्डमा विभाजित यस खण्डकाव्यलाई खण्डकाव्यको मानकतामा राखेर अध्ययन गर्न सकिने देखिन्छ । खण्डकाव्यमा प्रथम सर्गमा २९ श्लोक, दोस्रो सर्गमा ६ श्लोक, तेस्रो सर्गमा ११ श्लोक, चौथो सर्गमा १४ श्लोक, पाचौँ सर्गमा १२ श्लोक, छैटौँ सर्गमा १४ श्लोक, सातौँ सर्गमा २ श्लोक, आठौँ सर्गमा १० श्लोक र नवौँ सर्गमा ८ श्लोक गरी जम्मा १०६ श्लोक रहेका छन् । उपयुक्त आधारमा सर्गविधानका साथै संरचनाका दृष्टिले समेत यो खण्डकाव्य मानक रहेको पुष्टि हुन्छ ।

### ५.१.४.८ लयविधान

'सम्झनाको धरातलबाट' खण्डकाव्य लयविधानका दृष्टिले सफल खण्डकाव्यकृति हो । यसमा शास्त्रीय वार्णिक छन्दअन्तर्गत अनुष्टुप छन्दको प्रयोग गरिएको छ । आठ अक्षरका अनुष्टुप छन्दका दुई पङ्तिलाई  एकै पङ्तिमा संयोजन गर्दै १६/१६ अक्षरका दुई-दुई हरफका एक श्लोकका दरले खण्डकाव्यको श्लोक व्यवस्थापन गरिएको छ । विभिन्न व्यक्ति र स्थानका नामलाई समेत छन्दका कठोर नियमभित्र सहज ढङ्गले समायोजन गर्दै

लयात्मक र अलङ्कृत ढङ्गले कविताको प्रवाहमा बगाउन सक्नु यस खण्डकाव्यको लय प्रयोगगत अपूर्व विशेषता हो । लयमा बाँधिएर पनि भाषा प्रयोगमा खास प्रयोग नगर्नुले लयविधानका दृष्टिले यस खण्डकाव्यलाई सफल र सशक्त खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

### ५.१.४.९ दृष्टिविन्दु

'सम्झनाको धरातलबाट' खण्डकाव्यको समाख्याता अर्को कुनै पात्र विशेष नभई 'म' पात्र वा खण्डकाव्यकार आफैं हुन् । खण्डकाव्यकारले समाख्याताको रूपमा आएको 'म' पात्रलाई कतै दैवु नाम दिइएका छन् । खण्डकाव्यभरि नै 'म' पात्रले सम्पूर्ण कुराको जानकारी दिइएको हुँदा प्रस्तुत खण्डकाव्यको दृष्टिविन्दु प्रथम पुरुषमा अडेको छ भन्न सकिन्छ । खण्डकाव्यले प्रथम पुरुष दृष्टिविन्दुमा जीवनका संस्मरणात्मक पक्षहरू महत्वपूर्ण हुनेतर्फ सङ्केत गरेको छ ।

### ५.१.४.१० भाषाशैली

भाषाशैलीका दृष्टिले खण्डकाव्यकार न्यौपानेको 'सम्झनाको धरातलबाट' खण्डकाव्यलाई अघिल्लो चरणका खण्डकाव्यहरूका तुलनामा निकै सफल र सशक्त रूपमा पाउन सकिन्छ । यसमा झर्रो शैलीका नेपालको पश्चिमी भेगमा बोलिने 'जिमी' जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग भएको छ । यस खण्डकाव्यमा वेग, दूर, नित्य, हार्दिकता, स्मृति, यौवन, किशोर, प्रेमालाप, मूर्छना, तट, किन्तु, अतीत, आतुर, एकान्त, स्नेह, प्रौढ, उत्तरदायित्व, दृढ, निर्भय, प्रातकाल, कान्त, पथ, अनावरण, कीर्ति, जाली, मृदु, कटु, निर्मल, माधुरी जस्ता तत्सम, गद्‌गद, खुल्दुली, झोक्का, कलकलाउँछ, उल्लु, च्याउँदै, हप्‌हपी, गुन्‌गुनाउनु, अल्लमल्ल, उचनीच, जाँड, राँड, सल्बलाउँछ, लहराउँछ जस्ता ठेट नेपाली शब्दावली र एम्. ए. मुताविक, चाप्लुसी जस्ता आगन्तुक शब्दको प्रयोग पनि भएको छ । शास्त्रीय छन्द अन्तर्गत अनुष्टुप छन्दमा संरचित यस खण्डकाव्यले अनुप्रास योजनालाई त्यति महत्व दिएको देखिदैन । तर पनि भाजन-पाटन, भनि-जीवनी, अरू-हरू, हुने-रूचाउने, पनि-बनि, दाङ्गमा-नेपालगंञ्जमा, अघि-बगि, थिए- रहें, नाउँका-गाउँका, अपार-सार, गाऊँमा- ठाँऊमा, यतैतिर- खातिर, कति-गति, भनि-गति, ध्वनि-गति, दुर्गति-स्थिति-परिस्थिति, पछाडिको - अगाडिको, सबै-कबै, परमेश्वर-महेश्वर आदि अनुप्रास योजना सान्दर्भिक देखिन्छ । खण्डकाव्यमा भन्न खोजिएको कुरा भाषाले कही कतै पनि अवरोध

गरेको छैन । बरू खण्डकाव्यकारले अवरोध होला भन्ने ठानी प्रशस्त मात्रामा पादटिप्पणीहरू दिएकाछन् ।

समग्रमा हेर्दा तत्सम, तद्भव, आगन्तुक र ठेट तथा झर्रो नेपाली शब्दहरूले भाषाशैली, अन्त्यानुप्रास, उखान टुक्का, आदिको प्रयोग भए पनि बोधगम्य भएकोले गर्दा प्रस्तुत खण्डकाव्यलाई भाषाशैलीका माध्यमबाट सफल र मानक खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

## ५.१.५ 'चासो र चिन्तन' खण्डकाव्यको विश्लेषण

### ५.१.५.१ परिचय

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्राको उत्तरार्द्ध चरणमा देखापरेको खण्डकाव्य 'चासो र चिन्तन' एक मानक खण्डकाव्य हो । खण्डकाव्यकारले चिन्तनबाट चासो नभई चासोबाट चिन्तन भएकाले खण्डकाव्यको शीर्षक चासो र चिन्तन राखेको कविले आत्मस्वीकृति दिएका छन् । यस खण्डकाव्यले नेपाली सामाजिक विषयवस्तुलाई आफ्नो मूल विषयवस्तु बनाएको छ । 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहभित्र पृ.४१ देखि पृ.५८ सम्ममा अटाइएको यस खण्डकाव्यलाई साना ठूला आठओटा खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । खण्डकाव्यकारले खण्डकाव्यको सुरूमै खण्डकाव्यको मूल मर्म भनेर निम्न कुरा व्यक्त गरेका छन् -

चासो  छ मनमा भित्र सम्झना सल्लवलाउँछ
मेरो अन्तरको भाका भाव सङ्गीत ल्याउँछ ।

यो सानो खण्डकाव्यले भन्छ वन निर्मल सुन्दर
राम्रो काम हुनेलाई हुँदैन अरूको डर ।

यस खण्डकाव्यले राष्ट्र, राष्ट्रियता र हाम्रो नेपाली संस्कृतिको परिचय दिने काम गरेको छ । खण्डकाव्य आदर्श यथार्थ दुवै हुँदाहुँदै पनि यसले नैतिक आदर्शमाथि बल पुऱ्याएको देखिन्छ ।

### ५.१.५.२ शीर्षकीकरण

खण्डकाव्यकार न्यौपानेको 'चासो र चिन्तन' खण्डकाव्यले यथार्थ पात्रहरू, यथार्थ घटनाहरू र यथार्थ परिवेशलाई खण्डकाव्य सूत्रमा उन्न सकेको छ । यसको शीर्षकीकरणका सम्बन्धमा खण्डकाव्यकारले चिन्तनबाट चासो नभई चासोबाट चिन्तन आएकाले यसको शीर्षक 'चासो र चिन्तन' राखिएको आत्मास्वीकृति दिएकाछन् । हाम्रो समाजमा मान्छे विदेश जाने विदेशमा पनि अमेरिका जाने र उतै पलायन हुने कारणले नेपाली समाजमा अनेक समस्याहरू देखिन थालेको पक्षलाई चासो दिई सामाजिक रूपमा हेरियोस् भन्ने चिन्तन व्यक्त गरिएको हुँदा शीर्षक उपयुक्त देखिन्छ । राष्ट्र राष्ट्रियता र संस्कृतिको प्रतीकको रूपमा चासो र चिन्तन शीर्षक सार्थक देखिन्छ ।

### ५.१.५.३ कथानक

कथानक वा कथावस्तु खण्डकाव्यको एक अनिवार्य तत्व हो । न्यौपानेका द्वितीय चरणका खण्डकाव्यहरूले कथानकलाई निकै महत्वका साथ स्थान दिएका छन् । चासो र चिन्तन खण्डकाव्यमा विशेषतः मातामह र नातिको कथा रहेको छ । अमेरिकामा जन्मिएको र केही समय बुबाआमाको  अध्ययन व्यस्तताका कारण मातामह, मातामहीका काखमा बसेर हुर्किएको नातिलाई आफ्नो परिवारका सदस्य बनाइसकेका मातामह विदाइका बेला असाध्यै भावुक बनेका छन् । नातिलाई उसको आमाको साथमा लगाएर अमेरिका पढाउँदै गरेका हजुरबुबाले आफ्नो संस्कार र सस्कृति अनुरूप एक्ली छोरी मान्छे कसरी पुग्ली भन्ने चिन्ता गरेका छन् भने अर्कातिर अमेरिकामा ज्वाँइ नेपालमा छोरी रहँदा उनीहरूको घरबार नचल्ने  सङ्केत गरेका छन् । अरूका छोरीहरू पनि विदेशमा बसेकाले सबैलाई विदा गर्दै बस्दा आफूलाई एक्लो महसुस गरिरहेका बूढा मान्छेले विदेशिएका छोरी ज्वाँइ छोराछारी, नातिनातिना र त्यस्तै अन्य नेपाली संस्कृतिलाई बिर्सने हुन् कि भन्ने चिन्ता व्यक्त गरेका छन् । सानो नातिलाई बोकेर अमेरिका पठाउन विमानस्थलसम्म पुगेका हजुरबाले मातामहसँग त्यही नातिका पितामह अर्थात् सम्धी-सम्धी दुवै आफ्ना सन्तानलाई टाढा पठाएर आफू-आफू एक्लै बस्नु पर्ने बाध्यतामा दुःखी र विरही बन्दै फर्कदा पशुपतिनाथको मन्दिरतर्फ हेरेर तिमी सबै ठाउँ पुग्न सक्ने र देख्न सक्ने हुनाले यिनीहरूको पनि कल्याण गर्नु भन्ने कामनासहित उनीहरूले भविष्यमा आफ्नो देश भाषा संस्कृति र सभ्यतालाई नर्बिसिउन् भन्ने प्रार्थना गरेका छन् ।

यस मूल कथाको गर्भमा अर्को एउटा कथा पनि रहेको छ । आयुषकी आमा बाल्यकाल मै आमा पक्षबाट टुहुरी बनेकीले उनलाई बाबु र आमा दुवै बनेर हुर्काउने उनका मातामहले उनलाई देख्दा उनकी आमा अर्चनाको झझल्को पाइ ऊप्रति बढी समर्पित देखिन्छन् । त्यस्तै मूल कथानकको गर्भमा आयुसको घरतर्फका हजुरबा-हजुरआमा पनि छोराछोरीलाई टाढा पठाएर आफूहरू एक्लै बस्नु परेको अर्को कथा रहेको छ । त्यस्तै गर्भ कथा आफ्ना छोरा भूषणराज, बुहारी वासना र माहिँलो छोरो उज्ज्वलराजका बारेमा पनि चासो देखाइएको छ ।

यी दुई गर्भ कथाहरूलाई समेत जोड्दा प्रस्तुत खण्डकाव्य छोराछोरीलाई अध्ययन र कमाईका लागि टाढा पठाएर नेपालमा बस्ने वृद्धबाबुहरूको कथा बन्न पुगेको छ ।

### ५.१.५.४ पात्रविधान

प्रस्तुत खण्डकाव्यको पात्रविधान खण्डकाव्यकार न्यौपानेको यसै चरणमा लेखिएको 'सम्झनाको धरातलबाट' खण्डकाव्यसँग तुलनात्मक रूपमा अध्ययन गर्न सकिने देखिन्छ । यस खण्डकाव्यका पात्रहरू सबै यर्थाथ छन् । म पात्र र बालपात्र आयुसको भूमिका प्रमुख देखिएको छ भने अन्य पात्रहरू सहायक र गौण पात्रहरूका रूपमा आएका छन् । अन्य पात्रहरूमा आयुषकी आमा अर्चना, आयुसका बाबु, आयुसका घरका हजुरबुबा, हजुरआमा, आयुषका काका, फूफूदिदी, मामा-माइजु आदि रहेका छन् । यी पात्रहरूको प्रयोग कतिपय अवस्थामा नाताबाट भएको छ । खण्डकाव्यमा प्रयुक्त प्रमुख पात्रहरूको चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ ।

#### ५.१.५.४.१ 'म' पात्र

यस खण्डकाव्यको 'म' पात्र खण्डकाव्यकार आफैँ हुन् । प्रायः लेखकहरूले 'म' पात्रको प्रयोग आफ्नो यर्थाथ चरित्रलाई देखाउन गरेका हुन्छन् । कतिपयले अरूको चरित्रलाई 'म' बनेर देखाइदिएका हुन्छन् । यस खण्डकाव्यमा 'म' पात्रको विश्लेषण गर्दा यर्थाथ पात्रको रूपमा गर्नु उपयुक्त देखिन्छ । खण्डकाव्यमा 'म' पात्रको उपस्थिति बाबु र हजुरबाबुको रूपमा रहेको छ ।  बाबुकोभन्दा हजुरबाबुको भूमिका प्रवल देखिन्छ । 'म' पात्र भावुक र चिन्तनशील पात्र देखिन्छ । उनले विदेश पढ्न र कमाउन गएका छोराछोरीहरूले आफ्नो देशलाई र आफ्ना अभिभावकलाई नविर्सिउन् भन्ने अपेक्षा राखेका छन् । उनी एक मायालु पात्र हुन् । आफ्नो छोरीको छोरा वा नातिलाई हृदय खोलेर माया गरेका छन् । उनले आफ्नो

सन्तानहरूले आफ्नो देशको परम्परा र संस्कृतिलाई पनि नबिर्सिउन् तर समुन्नति गरिरहुन् भन्ने कुरामा विशेष जोड दिइएका छन् । उनी मायालु मात्र नभएर धार्मिक आस्थावान् पनि छन् । उनले आफ्नो छोरी र नातिलाई जहाजमा चढाएर फर्कदा पशुपतिनाथको दर्शन गरी छोरी र नातिको मंगलमयकामनाको प्रार्थना गरेका छन् । उनी जीवन सङ्गिनीबाट एक्लै भएर छोराछोरी र नातिनातिनाबाट आफ्नो एक्लोपनलाई निराकरण गर्ने प्रयासमा पनि छन् । यी आधारमा यस खण्डकाव्यका वृद्धपात्र हजुरबाबु वा 'म' पात्रलाई एक असल बाबु मायालु हजुरबाबु, प्रमिल पति, परिवार र समाजका चिन्तक, मार्गनिर्देशकका पात्रका रूपमा पाइन्छ । मोहनराज शर्माले **शैलीविज्ञान** नामक पुस्तकमा पात्रलाई लिङग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना र आसन्नताका आधारमा हेर्न सकिन्छ भनेका छन् ।[114] यस आधारमा हेर्दा प्रस्तुत खण्डकाव्यमा 'म' पात्र लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा वृद्धपात्रका रूपमा पाउन सकिन्छ ।

### ५.१.५.४.२ आयुस

आयुष चासो र चिन्तन खण्डकाव्यको प्रमुख बाल पात्र हो । ऊ भर्खर बोली फुट्दै गरेको दुई अढाई वर्षको बालक हो । अर्चनाको छोरो र 'म' पात्रको नाति हो । ऊ बालचञ्चलपूर्ण पात्रका रूपमा देखिएको छ । उसको बोली प्रष्ट फुटिसकेको छैन । लोती, केला, खान्तु जस्ता बाल शब्दहरू प्रयोग गरेर बोलेको छ । ऊ सबै मान्यजनसँग मिलेर बस्न सक्ने शान्त स्वाभावको बालक हो । ऊ हजुरबासँग समेत आमासँग जतिकै मायालु बनेर रत्तिएको छ । विभिन्न खेलहरू खेल्ने, कुनै कुरालाई झट्ट स्मरण गर्न सक्ने र मान्यजनको आज्ञा पालन गर्ने एक असल बालपात्रका रूपमा देखिएको छ । आयुष कार्यका आधारमा प्रमुख प्रवृत्तिका आधारमा अनुकूल स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा बद्ध पात्र हो । उसको अभावमा यस पात्रको विषयवस्तुले कुनै पनि निकास पाउन सक्दैन । त्यसकारणले ऊ प्रमुख पुरुष पात्र हो भन्न सकिन्छ ।

---

[114] शर्मा, मोहनराज, **शैलीविज्ञान,** (दो. सं.) काठमाडौँ : ने.रा.प्र.प्र., २०५३, पृ. ४६ ।

### ५.१.५.५ परिवेशविधान

परिवेशविधानका दृष्टिले समेत 'चासो र चिन्तन' खण्डकाव्य निक्कै व्यापक र सफल देखिन्छ । यसमा विशेषत नेपाल, नेपालको काठमाडौँ सहर, काठमाडौँको 'म' पात्रको घर, 'म' पात्रका सम्धीको घर, विमानस्थल र पशुपतिनाथको मन्दिरको परिवेश प्रष्ट खिचिएको छ । त्यस्तै नेपथ्यमा भने अमेरिका र जापानको परिवेशलाई पनि समेटिएको छ । घरका बाल सुलभ साना तिना परिवेशहरूले खण्डकाव्यलाई बढी रोचक र प्रभावकारी तुल्याएको छ । यस आधारमा परिवेशविधानका दृष्टिले प्रस्तुत खण्डकाव्यलाई यर्थाथ परिवेशहरूको चित्रणमा सफल खण्डकाव्यको रूपमा पाउन सकिन्छ ।

### ५.१.५.६ खण्डकाव्योद्देश्य

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेका सबै खण्डकाव्यहरू उद्देश्य पूर्ण छन् । 'चासो र चिन्तन' खण्डकाव्यले तीन पुस्ताबीचका अलग-अलग व्यवहार रूचि आवश्यकतालाई देखाउँदै नेपाली राष्ट्र, राष्ट्रियता, संस्कृति र सभ्यतालाई देखाइएको छ । छोराछोरीको शैक्षिक र आर्थिक उन्नतिका लागि वृद्वबाबु, आमा र हजुरबा, हजुरआमाहरूले दूरदेश पठाएर उनीहरूकै बारे चासो र चिन्तन गर्दै बस्नु पर्ने बाध्यतालाई देखाएर त्यस्तो बाध्यताबाट बाबुआमाले चिन्तित बन्नु नपरोस् र विदेशिएका सन्तानहरूले आफ्नो बाबुआमा देश र त्यहाँको संस्कृतिलाई नबिर्सिउन्, गरिखान गएका सन्तान र स्वदेशमा बस्ने आफन्तहरूकोबीच गाढा सम्बन्ध रहिरहोस् र उनीहरूको पनि समुन्नति भइरहोस् भन्ने उद्देश्यले प्रस्तुत खण्डकाव्यको रचना भएको देखिन्छ ।

### ५.१.५.७ सर्गविधान

सर्गविधानका दृष्टिले हेर्दा 'चासो र चिन्तन' खण्डकाव्यमा प्रारम्भमा खण्डकाव्यको मूल मर्म शीर्षक दिएर दुईवटा श्लोक दिइएको छ । त्यसपछि विभिन्न सातवटा खण्डहरूमा खण्डकाव्यलाई विभाजन गरिएको छ । ती खण्डहरू मध्ये पहिलो खण्डमा हजुरबाको नातिसँगको पाँच महिनासम्मसँगै बसेर विदा हुन लाग्दाको विस्मात वेदना, दोस्रो खण्डमा छोरी ज्वाइ अर्चना र शिव अमेरिकामा बस्ने उता सम्धी सम्धिनी दुवै छोरा अमेरिका पठाएर छोरी शिलुसँग बसेका र दुवै सम्धी-सम्धी आफ्ना सन्तानका बारेमा एउटै चिन्तामा रहेका छन् । तेस्रो खण्डमा छोरी अर्चनाले विदा गर्ने क्रममै अर्को देश (जापान) मा बस्ने पुत्र भूषणराज र उज्ज्वलको समेत सम्झना गर्दै विदेश गएरै उन्नति हुने कुरा सम्झिएर छोरी

पठाउने मानसिकतामा पुगेका छन् । चौथो खण्डमा छोरीले जहाजको टिकट लिएर आइ विदा माग्दा बाबुको तर्फबाट धेरै निजी कुराहरू सँगैसँगै जन्मभूमिको महत्वगान एवम् सम्धी-सम्धिनी र आफ्नो एउटै दशा भएको कुरा उल्लेख छ । पाँचौ खण्डमा छोरी अर्चनाले टाढा भए पनि आफू एक्लै जान सक्ने हिम्मत देखाएर बाबुको मन बुझाएकी छन् । छैटौँ खण्डमा छोरीको र नातिको विदाई गरिएको छ । यस क्रममा बाबु, हजुरबा, वा 'म' पात्र धेरै व्यथित बनेका छन् । छोरीको विदाइका क्रममा आमाबाट टुहुरी बनेकी छोरीलाई आमाबाबु दुवै बनेर आफूले हुर्काएको पक्ष समेत देखाएका छन् र अन्त्यमा जे जस्तो पीडा भए पनि उत्तरोत्तर प्रगतिको कामना गर्दै र आशीर्वाद दिँदै फर्किएका छन् । सातौँ खण्डमा अहिले दुःख भए पनि पछि सन्तोष होला भनी सम्झदैँ बुहारी पुऱ्याउन गएका र छोरी पुऱ्याउन गएका दुई सम्धीहरूले पशुपतिनाथसँग आफ्ना सन्तानको समुन्नतिको कामना र प्राथना गरेका छन् ।

यसरी हेर्दा प्रस्तुत खण्डकाव्यलाई आठ खण्डका विभाजन गरिएको छ । यिनै आठ खण्डलाई सर्गको रूपमा अध्ययन गर्दा सर्गविधानको दृष्टिले समेत खण्डकाव्य मानक र सफल देखिन्छ । आरम्भ खण्ड वा सर्ग भने अन्य खण्ड वा सर्गभन्दा छोटो दखिन्छ ।

### ५.१.५.८ लयविधान

'चासो र चिन्तन' खण्डकाव्य अघिल्लो खण्डकाव्य 'सम्झनाको धरातलबाट' माझैँ अनुष्टुपछन्दमा बाँधिएको छ । यस खण्डकाव्यमा खण्डकाव्यकारले प्रायः सुरूदेखि अन्त्यसम्मकै श्लोकहरूमा अन्त्यानुप्रासको आंशिक वा पूर्ण रूपले प्रयोग गरेका छन् । जसले गर्दा खण्डकाव्य मिठासपूर्ण बनेको छ । समग्रमा यस खण्डकाव्यमा लयविधानका दृष्टिले खण्डकाव्यकार सफल देखिन्छन् । यर्थाथ विषयवस्तुलाई शात्रीय छन्दमा बाँधेर सरल, सहज र वोधगम्य किसिमले खण्डकाव्य सिर्जना गर्नु कविको मौलिक विशेषता हो ।

### ५.१.५.९ दृष्टिविन्दु

प्रस्तुत खण्डकाव्यका अन्य कोही छुट्टै पात्र नभई खण्डकाव्यकार आफैं हुन खण्डकाव्यकारले खण्डकाव्यका सम्पूर्ण घटनाहरूको वर्णन आफै भोगेर र देखेर गरेको देखाइएको हुँदा प्रस्तुत खण्डकाव्यको दृष्टिविन्दु प्रथम पुरुष दृष्टिविन्दु हो भन्न सकिन्छ ।

#### ५.१.५.१० भाषाशैली

'चासो र चिन्तन' यर्थाथ घटनामा आधारित खण्डकाव्य भएर पनि यो सहज, सरल र सफल भाषाशैलीमा प्रस्तुत गरिएको खण्डकाव्य हो । यसमा बालसुलभ भाषाशैलीको प्रयोगले एक किसिमको रोचकता थपेको छ । त्यसको नमुना तल यस प्रकार हेर्न सकिन्छ ।

लोती, केला र पापाका शब्द सङ्गीत माधुरी
सुनी गद्गद् भै आफू आफैभित्र हराउँथें ।

माथिको उदाहरणमा प्रयोग भएका केला, लोती र पापा बालसुलभ शब्दावली हुन् । प्रस्तुत खण्डकाव्यमा निर्मल,गोलार्ध, आशुतोष, रमाइलो, शैशवी, आदर्श, यद्वा, वात्सल्य, सौर्य, चुम्बन, परितृप्त, किन्तु, सौभाग्य, शालिनी, पल्लव, माधुरी, पीताम्बर, मनोहर, विकट पथ, वाटिका, धैर्य, लिप्सा, दृढ, प्रजातन्त्र, त्रास, वेदना, व्यथित, शालिनीवाणी, अस्तित्व, व्याकुल, वियोग, सौहार्द, निर्झरी, नित्य, महेश्वर, अदि तत्सम तथा तद्भव शब्दहरूका साथै सल्बलाउनु, गुँड, जग्मग, गद्गद्, लर्बराउनु, म्वाँइ, टाकुरा, आँकुर, फरासिलो, व्याङ, कुहिरो, गद्गद, गर्जी, भतुवा, ढुकढुकी, डबडबाउनु, भक्कानो, टल्पल, सर्सराउनु, लहराउनु, निसासिनु अदि ठेट वा झर्रो नेपाली शब्दहरूको प्रयोग प्रशस्त मात्रामा भएको छ । जसले गर्दा खण्डकाव्य मीठो बनेको छ । त्यस्तै कोमल शब्दावलीहरूको प्रयोगबाट करूणरस प्रदान अभिव्यक्ति दिन सक्नु यस खण्डकाव्यको अर्को विशेषता हो । छोरी र नातिलाई विदाई गर्दै गर्दा बाबु वा हजुरबाबुका आँखामा आँसु देखिएको प्रसङ्ग भाषाशैलीका कारण सरल र सफल देखिएको छ ।

### ५.१.६ 'ती रोइन् त्यसरी किन ?' खण्डकाव्यको विश्लेषण

#### ५.१.६.१ परिचय

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्राको उत्तरार्द्ध चरणमा देखापरेको खण्डकाव्यकृति 'ती रोइन् त्यसरी किन ?' उनका अहिलेसम्मका प्रकाशित खण्डकाव्यकृतिहरूमध्ये मानक खण्डकाव्य हो । उनका अहिलेसम्मका खण्डकाव्यहरूमध्ये सबैभन्दा लामो पनि यही कृति देखिएको छ । मूल ४ खण्ड र १४ उपखण्डमा विभाजित प्रस्तुत खण्डकाव्यमा २८२ श्लोकहरू रहेका छन् । यो खण्डकाव्य 'सम्झनाको धरातलबाट' खण्डकाव्यसङ्ग्रहभित्र पृष्ठ ५९-८८ सम्म विस्तारित छ । शास्त्रीय छन्दअन्तर्गत अनुष्टुप

छन्दमा संरचित प्रस्तुत खण्डकाव्यले संस्मरणात्मक सजीवतालाई देखाएको बुझिन्छ ।[115] यसमा खण्डकाव्यकारले आफू विद्यार्थी जीवनमा दाङमा अध्ययन गर्न जाँदा देखे भोगेको विषयवस्तुलाई संस्मरणात्मक निबन्धजस्तै गरी प्रस्तुत गरेका छन् । यो ग्रामीण परिवेशमा देखिने वैधव्य समस्यासँग सम्बन्धित करूण र शान्तरसलाई परिपाक बनाइएको खण्डकाव्यात्मक मानकता भन्दा अझ उच्च वा नवखण्डकाव्यात्मक स्वरूपको खण्डकाव्य हो ।

### ५.१.६.२ शीर्षकीकरण

'ती रोइन् त्यसरी किन ?' खण्डकाव्य सात जना विधवा भएकी घरकी सासूको कथाव्यथालाई संस्मरणत्मक ढङगले प्रस्तुत गरिएको खण्डकाव्य हो । यस खण्डकाव्यले एउटै घरमा भएको विकराल वैधव्यको समस्यालाई उठाउनुका साथै ती महिलाको नवआगन्तुक मान्छेलाई आफ्ना सबै समस्या देखाउँदै रोएको, बसुन्जेल परिवारको सदस्यझैं माया गरेर राखेर र छुट्टिने बेलामा आफ्नो निकट मान्छे छुट्टिँदा जतिकै व्यथित बनेको प्रसङ्गलाई केही बाहिरी र केही अन्तर मनको चित्रण समेत गरी प्रस्तुत खण्डकाव्यको शीर्षकीकरण यथार्थ र मनोवैज्ञानिक लेखनको आधारलाई आधार मानेर गरिएको छ ।

'म' पात्र वा लेखकका मनमा लामो समयसम्म ती मान्छेका दृष्टिमा 'म' के देखिए हुँला भनेर खुल्दुली रहिरहनु र नायिकाको (उनको) आँसु छाप परिरहनुले प्रस्तुत खण्डकाव्यको शीर्षक 'ती रोइन् त्यसरी किन ?' सार्थक छ । वाक्यात्मक ढाँचामा आएको प्रस्तुत शीर्षकले आफूलाई कवितात्मक पङ्तिको रूपमा देखाएर खण्डकाव्यभित्र के होला भन्ने जिज्ञासा समेत उब्जाएको छ । यस अर्थमा प्रस्तुत खण्डकाव्यको शीर्षकीकरणलाई औचित्यपूर्ण मान्न सकिन्छ ।

### ५.१.६.३ कथानक

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेका खण्डकाव्यहरूमा कथानक झिनो रहे तापनि प्रभावकारी रूपमा आएको देखिन्छ । यस खण्डकाव्यमा पनि ठीक त्यही अवस्था रहेको छ । यहाँ 'म' पात्र विद्यार्थी समयमा साथी टीकाप्रसाद न्यौपानेका साथ लागेर दाङ पुग्छन् । नौलो ठाउँमा कहाँ बास बस्ने, के खाने भनेर समस्या परिरहेका बेला कुनै गाउँलेले नेपालेको घर खान बस्न उपयुक्त रहेको बताउँछन् । त्यही सल्लाह अनुसार ती विद्यार्थीहरू नेपालेको

---

[115] रमेश शुभेच्छु, पूर्ववत ।

घरमा बस्न पुग्छन् । उनीहरू त्यस परिवारको न्यानो आत्मीय ग्रहण गर्दै केही दिन बिताउँछन् । राम्रो सत्कार पाएर बसेका ती दुईजना युवकले त्यस घरकी  वृद्धाबाट उनका ६ भाइ छोराहरू सबै मरेका बुहारीहरू विधवा भएका उता ६ बहिनी छोरीहरू समेत सबै विधवा भएको जानकारी पाउँछन् । त्यस घरकी कान्छी बुहारी पनि उनीहरूलाई धेरै दुःख सुख सुनाउँछिन् । हिँड्ने बेलामा युवकलाई विदा गर्न नसकेर ती कान्छी बुहारी असाध्यै रून्छिन् । युवकका मनमा भने ती किन त्यसरी रोइन् भन्ने प्रश्न उब्जन्छ । उनले मायालु भाइ पो देखिन् कि ? मायालु पात्र पो  ठानिन् कि ? उनलाई  कुनै सम्झनाको गाँठो परेर त्यो फुकाउन नसकेर पो आँसु चुहाइन् कि ? भन्ने विभिन्न प्रश्नहरू उब्जन्छन् । उनीहरू त्यहाँबाट हिँडेपछि सानीले बाल्यकालमा भाँडाकुटी खेलेको, पुतली खेलेको, डुम खेलेको, गङ्गारानी खेलेको, थुप्रो नोकरचाकर भएको, सुसील, भद्र र सुन्दर केटासँग विवाह हुने कुरा आमाबाट सुनेको र सोही अनुरूप विवाह पनि भएको, विवाह भएको घरमा आउँदा जेठानी, आमाजु, सबै विधवा देखेर  मनमा खुल्दुली परेको, अन्तत आफू पनि विधवा नै भएको, त्यो घरमा मर्द मान्छेको खती हुने गरेको गुनासो सानीको वा कान्छी बुहारीको कथाको रूपमा आएको छ । यता वृद्धाले सुनाएका घटनाहरूले पनि त्यो घरबाट निस्किए पछि 'म' पात्रका मनमा अर्को उपकथाको जन्म गराउँछ । वृद्धाले थुप्रै विधवा छोरी बुहारीहरूका साथ बसेर पनि घरव्यवहार चलाएकी छन् । कार्यालयहरूसम्म गएर घर जग्गाको कुरो मिलाएकी छन् । विद्यालय, धर्मशाला निर्माणजस्ता कामहरू पनि गरेकी छन् । छोरीहरूलाई उनीहरूको घरमा हेला गर्ने गरेको पनि बुझेकी छन् । यी सबै कुरा थाहा पाए पछि नारी समस्याहरूको केन्द्रियतामा 'म' पात्रको मनमा असाध्यै धेरै खुल्दुली, दयामाया र सहनुभूति जागृत भएको छ । यसरी यस खण्डकाव्यको कथावस्तुले नारीहरूको वैधव्य जीवनका समस्याहरूलाई समेट्दै अन्त्यमा यस्तो समस्या कसैलाई नहोस् भन्ने कामना गरेको छ ।

### ५.१.६.४ पात्रविधान

खण्डकाव्यकार न्यौपानेको पछिल्लो खण्डकाव्यकृति 'ती रोइन् त्यसरी किन ?' अघिल्ला खण्डकाव्यहरू जस्तै यथार्थ घटना, पात्र र परिवेशको चित्रण गरिएको खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यमा सहभागी पात्रहरू यथार्थ पात्रहरू हुन् । 'म' पात्रका साथी टीकाप्रसाद न्यौपाने विधवा र उनका छवटी विधवा बुहारीहरू,विधवाका छवटी छोरी र विधवा बुहारीहरू विधवाका श्रीमान् समेत यस खण्डकाव्यका पात्रहरू हुन् । दुई जना यात्रु र

एउटै घरका सातवटी विधवा मञ्चीय वा प्रत्यक्ष पात्रका रूपमा देखिएका छन् भने अन्य पात्रहरू नेपथ्य वा अप्रत्यक्ष सहभागीका रूपमा देखिएका छन् । प्रस्तुत पात्रहरूमध्ये प्रमुख पात्रको चरित्र चित्रण गर्न सकिन्छ ।

### ५.१.६.४.१ सानी

'ती रोइन् त्यसरी किन?' खण्डकाव्यकी प्रमुख पात्र सानी हुन् । यस खण्डकाव्यमा सानीका जीवनमा देखिएका दुःखद घटनाहरूलाई प्रमुख विषय बनाइको छ । सानी अत्यन्त राम्री, यौवन अवस्थाकी, पवित्र मन भएकी नारी पात्र हुन् । उनका जीवनमा छोटो समयमा नै निकै ठूलो उतारचढाव आएको छ। उनी वयस्क अवस्थाकी भइसकेकी हुनाले उनकी आमाबाट धनाड्य परिवारका छोरासँग विवाह गरिदिने कुरा सुनेकी थिइन् । उनी विवाह अगाडि दुलाहा कस्ता होलान् , दुब्ला छन् कि मोटा छन् ? सुन्दर छन् कि कस्ता छन् ? आँखा, नाक, मुख, निधार कस्तो होला ? भन्ने खुल्दुलीमा डुबुल्की खेल्छिन् । जब उनको विवाह हुन्छ, तव उनले सोचेभन्दा असल र सुन्दर पढे लेखका युवक पाउँछिन् । विवाह भएर पराइ घरमा आउँदा जेठानी, आमाज्यू, सासू सबै विधवा देख्दा उनको मनमा त्रास बढ्न थाल्छ । उनलाई आफ्नो पनि त्यही अवस्था हुने हो कि ? भन्ने डर भित्री मनमा हुन्छ । केही समय नवित्दै उनी पनि विधवा बन्न पुग्छिन् । यस्तो मार्मिक घटनाको चर्चा सानी आफैँले 'म' पात्र र उनका साथी टीकाप्रसाद न्यौपाने पाहुना बनेर त्यस घरमा गएको बेला अत्यन्त नजिकको मान्छेझैँ सम्झिएर सुनाउँछिन् । यी कथावस्तुलाई प्रस्तुत गर्दै यस खण्डकाव्यमा खण्डकाव्यकारले युवतीहरुको मनोविज्ञानलाई प्रस्तुत गरेका छन् ।

यस घटनाले खण्डकाव्यकी प्रमुख पात्र सानी अत्यन्त निरिह, पीडित, यौवन अवस्थामा नै वैद्यव्य जीवन विताउन वाध्य भएकी एकल नारी, अत्यन्त राम्री, सहनशील, पतिपरायण, पवित्र मन, वचन र कर्म भएकी सत् पात्र हुन् । उनी खण्डकाव्यमा लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय र आवद्धताका आधारमा बद्ध पात्र हुन् ।

### ५.१.६.४.२ विधवा वृद्धा

विधवा वृद्धा पनि यस खण्डकाव्यकी प्रमुख पात्र हुन् । उनी छ जना छोरा र छ जना छोरी गरी एक दर्जन सन्तानकी आमा हुन् । उनी असाध्यै दयालु र परोपकारी छन् तर दुभार्ग्य उनी समेत उनका सबै बुहारी र छोरीहरू विधवा बनेका छन् । उनलाई नेपाले आमैका रूपमा चिन्ने गरिन्छ । उनका घरमा बाटो हिड्ने बटुवाहरूले उचित बसोवास र खान पाउँने गरेका छन् । बूढी जति दुःखी भए पनि आँटिली साहसिली र धैर्यवान छिन् । उनका सोचाइहरू सबै सकारात्मक बनेका छन् । छोरा नभए पनि छवटै बुहारीहरूलाई मातृवासल्य दिएर राखेकी छन् । छोरीहरूका लागि पनि उनी उतिकै जिम्मेवार देखिन्छिन् । घर व्यवहार चलाउने क्रममा उनी अड्डामा समेत आफैँ पुग्ने गर्छिन् । गाउँमा सामाजिक काम गर्न पनि अग्रसर हुने गर्छिन् । यी चरित्रहरूका आधारमा प्रस्तुत खण्डकाव्यकी वृद्धालाई खण्डकाव्यमा उनको चरित्रले जीवनमा जति सुकै दुःख परे पनि धैर्य धारण गरेर विचल्लि नभइ अगाडि बढ्नु पर्छ भन्ने सन्देश दिएको छ ।

### ५.१.६.४.३ 'म' पात्र

यस खण्डकाव्यमा 'म' पात्रको भूमिकामा लेखक आफैँ सहभागी बनेका छन् । 'म' पात्र विद्यार्थी उमेरकै भए पनि एउटा व्यवहारिक पात्रका रूपमा देखिएका छन् । उनी अध्ययनका क्रममा दाङ् गएका बेला खण्डकाव्य नायिका वा विधवा वृद्धासँग भेट भएका छन् । उनका साथीहरू स्थानेश्वर र टीकाप्रसादका अत्यन्तै मिलनसार साथी हुन् भने कोमल र हार्दिक स्वभावका कारण भेटे जति पात्रको सुख दुःख सुन्ने पात्रका रूपमा पनि देखिएका छन् । उनको कोमल भावुक स्वभावकै कारण उनलाई सबैले विश्वास गरेर आ-आफ्ना कथाहरू सुनाएका छन् ।उनले आफूले सुनेका वा जानकारी पाएका कथाहरूलाई समेत गम्भीरता साथ लिएर एउटै परिवारमा भएको मर्द वा पुरुषहरूको निधन र नारीहरूको वैद्यव्यका विषयमा खुब गहिरो चिन्तन गरेका छन् । उनी मायालु,हार्दिक र संवेदनशील पात्रका रूपमा उपस्थित भएका छन् । मात्रै एक दिनको बसाइमा अपरिचित मान्छेहरूसँग पारिवारिक सम्बन्ध स्थापना गर्न सकेका यी पात्रका चरित्रलाई हेर्दा लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील,जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय, आबद्धताका आधारमा वद्ध पात्रका रूपमा रहेका छन् ।

### ५.१.६.४.४ वृद्ध बाबु

यस खण्डकाव्यका पात्रहरूमध्ये वृद्ध बाबुको भूमिका पनि महत्वपूर्ण रहेको छ । उनका छ भाइ छोराहरु युवा अवस्थामा नै भुतु-भुतु मरिसकेकाले उनी पुत्रविहीन छन् । उनलाई आफू वृद्ध भएको र छोराले आफ्नो काजक्रिया गर्नुपर्ने बेलामा आफूले सबै छोराहरुको क्रिया गर्नुपरेकाले वृद्ध बाबु अत्यन्त दुःखी छन् । उनका छोरा मात्र हैन ज्वाइँहरु पनि एउटै पनि बाँकी नरही सबै मरिसकेका छन् । यसरी छोराहरुको मृत्युपछि गर्नुपर्ने संस्कार सबै सकिसकेपछि उनलाई आतेस लाग्छ । उनलाई धर्मपत्नीले पनि आफूलाई एक्लै पारेर जाने हुन् कि भन्ने शङ्का लागि रहन्छ । पत्नीभन्दा पहिला आफू मर्न पायो हुन्थ्यो भने इच्छा बोकेका वृद्ध इश्वरको खटन हो, आफूले भनेर हुँदैन भनेर चित्त बुझाउँछन् ।

प्रस्तुत खण्डकाव्यका वृद्ध पात्रका क्रियाकलापलाई हेर्दा उनी इश्वरप्रति विश्वास राख्ने, जे जति दुखद घडी आए त्यो सबै इश्वरको हातको कुरा हो भन्ने र भाग्यमाथि विश्वास गर्ने पात्रको रुपमा देखिएका छन् । त्यसैले हुनाले छ भाइ छोरा र छ जना ज्वाइँ सबै मरेर गए पनि चित्त बुझाएका छन् । उनी खण्डकाव्यमा सत् पात्रका रुपमा उपस्थित छन् । आफ्नो कर्तव्यवोध गर्ने पात्रका साथै पितृवात्सल्य र व्यवहारिकता खण्डकाव्यमा टड्कारो रुपमा देखिएको छ । छोरा र ज्वाइँ मरेर गएपछि बुहारी र छोरीलाई पितृवात्सल्य दिने आफ्नो कर्तव्य ठानेर आफ्नो ममतामय छहारीमा आफ्नो र पत्नीको रेखदेखमा छोरी र बुहारीलाई राखेका छन् । उनी गाउँका सामाजिक कामहरुमा पनि अग्रसर छन् । यी विविध क्रियाकलापका आधारमा प्रस्तुत खण्डकाव्यका वृद्ध पात्र लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा गतिहीन, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा मञ्चीय, आबद्धताका आधारमा वृद्ध पात्रका रूपमा रहेका छन् ।

### ५.१.६.५ परिवेशविधान

खण्डकाव्यकार न्यौपानेका कृतिहरूमा चरित्रहरू जस्तै परिवेशविधानमा पनि यथार्थ परिवेशलाई स्थान दिइएको पाइन्छ । यस खण्डकाव्यले दाङ र त्यहाँका विभिन्न ठाउँहरूको परिवेशलाई समेटेको छ । दाईं गरिरहेको परिवेश र दाङ्को उकालो ओरालो साथै नेपाले वृद्धाको घर नै यस खण्डकाव्यको प्रमुख परिवेश हुन् ।यसमा अप्रत्यक्ष रूपमा अन्य

केही परिवेश रहे पनि प्रत्यक्ष परिवेश चित्रण त्यति सशक्त देखिँदैन । जेहोस्, नेपालको पश्चिम दाङको साँस्कृतिक परिवेश झल्कने यस खण्डकाव्यलाई परिवेशविधानका दृष्टिले पनि सफल नै मान्न सकिन्छ ।

### ५.१.६.६ खण्डकाव्योद्देश्य

'ती रोइन् त्यसरी किन्?' खण्डकाव्यले खण्डकाव्य लेखनको एउटा निश्चित उद्देश्य सामाजिक एवम् संस्मरणात्मक निबन्ध लेखन जस्तै कवितामा पनि संस्मरण देख्न सकिन्छ भन्ने देखाउनु हो । यसका साथै नेपालको पश्चिमी भेगमा विभिन्न कारणले देखापरेको नारीहरूको वैद्यव्य जीवन र यसका समस्याहरूको चित्रण गर्नु पनि यस खण्डकाव्यको उद्देश्य हो । उद्देश्यकै खोजी गर्दा कतिपय घरमा जाँदा पुरुषहरू नभएको घरमा वास नपाइने परम्परा रहेको ठाउँमा सातवटी महिला नै महिला ती पनि विधवा रहेको ठाउँमा उचित गाँस  पाएको प्रसङ्गबाट महिला पुरुषबीचको खाडललाई पुर्ने प्रयास भएको पनि देखिन्छ । उद्देश्यकै रूपमा हेर्दा आफ्नो घरमा आएको पाहुनालाई राम्ररी स्वागत सम्मान गर्नु पर्छ भन्ने चेतनाका निम्ति पनि यो उपयुक्त देखिन्छ । बटुवाहरूलाई त्यति वास्ता नगर्ने परम्परा रहेको समाजमा वृद्धाको परिवारको व्यवहारले बटुवा पनि मान्छे हो र उसँग पनि भावनात्मक सहयोग लिन सकिन्छ  भन्ने कुरा देखाउनका निम्ति पनि यो खण्डकाव्य उपयुक्त देखिन्छ ।

समग्रमा खण्डकाव्यलाई हेर्दा जतिसुकै दुःख, कष्ट, आँसु, हण्डर र ठक्कर बिहोर्नु परे पनि आफ्ना एउटै छोरा र ज्वाइँहरू नबाँचे पनि,आफूसमेत विधवा भएर विधवा छोरी र बुहारीहरूको संरक्षण दिनु परे पनि जतिसुकै मानसिक आघातहरू बेर्होनु परे पनि घरव्यवहार समाजसेवा र अन्य काम समेत गर्न सक्ने विधवा वृद्धाको व्यवहारबाट नारीहरू एक्लै केही गर्न सक्छन् भन्ने चेतना समेत प्रवाहित गरिएको छ तर खण्डकाव्य भने वीररस प्रधान नभई करूण र शान्त रस प्रधान बनेको छ ।

### ५.१.६.७ सर्गविधान

सर्गविधानका दृष्टिले खण्डकाव्यकार न्यौपानेको 'ती रोइन् त्यसरी किन' खण्डकाव्य अघिल्ला खण्डकाव्यका तुलनामा बढी सफल देखिन्छ । यसमा सर्ग भनेर विभाजन गरिएको छैन् तर खण्ड र उपखण्डमा विभाजन गरेर खण्डकाव्यलाई व्यवस्थित गरिएको छ । यसखण्डकाव्यमा चार खण्ड १४ उपखण्ड र २८२ श्लोक सङ्ख्या रहेका छन् । प्रथम

खण्डमा चार सर्ग र ९९ श्लोक, दोस्रो खण्डमा ५ सर्ग र ९२ श्लोक, तेस्रो खण्डमा ५ सर्ग र ८५ श्लोक र उपसंहार खण्डमा ६ श्लोक सङ्ख्या रहेका छन् । तसर्थ सर्ग विधानका दृष्टिले अन्य खण्डकाव्यका तुलनामा यो खण्डकाव्य उत्कृष्ट देखिन्छ ।

### ५.१.६.८ लयविधान

लयविधानका दृष्टिले 'ती रोइन् त्यसरी किन ?' खण्डकाव्य उत्कृष्ट खण्डकाव्य हो । यस खण्डकाव्यमा पनि अघिल्ला दुई खण्डकाव्यहरू 'सम्झनाको धरातलबाट'र 'चासो र चिन्तन' माझैँ अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा अन्त्यानुप्रासका दृष्टिले खण्डकाव्यकार सचेत देखिन्छन् । खण्डकाव्यभरी नै प्रायः प्रभातका-कालका थिएँ-खर्चिएँ, थिएँ-दिएँ, थियौँ-निस्कियौँ, गाउँमा-ठाउँमा, गएपछि-पसि, बनी-पनि, गएँ-भएँ, छाएर-खातिर, मन-जीवन, विर्सिएँ- थिएँ, गएपछि-भनेपछि, व्ययवहारले-भारले, यहाँ-कहाँ, गरी - सरी, भनिन् - बनिन्, कुनै - रूने, दिन - भैकन, मुटु - जुटुँ, गति - कि, सुसाउँदै-छटपटाउँदै, भएसरी-लरबरी, बिताउँछौँ-पाउँछौँ आदि कतै आंशिक र कतै पूर्ण अन्त्यानुप्रासको प्रयोग भएको छ भने कतै अन्त्यानुप्रासविहीन श्लोकहरू समेत पाइन्छ । समग्रमा खण्डकाव्यकार न्यौपानेको 'सम्झनाको धरातलबाट' खण्डकाव्यभित्र समेटिएका सबै खण्डकाव्यहरूमध्ये सबैभन्दा लामो र मानक खण्डकाव्यका रूपमा देखिएको यस खण्डकाव्यलाई लयविधानका दृष्टिले उत्कृष्ट खण्डकाव्यका रूपमा लिन सकिन्छ ।

### ५.१.६.९ दृष्टिविन्दु

खण्डकाव्यकार न्यौपानेका 'सम्झनाको धरातलबाट' खण्डकाव्यमा समेटिएको प्रायः खण्डकाव्यहहरू प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छन् । यो खण्डकाव्य भने प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको संयोजन भएको छ । यो खण्डकाव्यमा एकातिर कवि वा 'म' पात्रको कथन रहेको छ भने अर्कोतिर सानी, वृद्ध र वृद्धाको कथा रहेको छ ।

### ५.१.६.१० भाषाशैली

'ती रोइन् त्यसरी किन ?' खण्डकाव्यको भाषाशैली सरल र बोधगम्य किसिमको रहेको छ । प्रस्तुत खण्डकाव्यमा उदार, दुर, अमृत, तत्परता, स्वामिनी, शून्यता, कर्तव्य, यद्वा, निर्मल, सुसाउनु, रिक्त, शिष्टाचार, काँतर, अभागिनी, आषिस, शूल, झरी, आतुर, गन्तव्य, राग, जीर्ण, तपस्मिनी, निष्ठुर, सृष्टि, दीर्घ, सहेली, शान्तना, जस्ता तत्सम तथा तद्भव शब्दहरूको प्रयोग हुनका साथै खातिर, दाइँ, खबर, विचरी, जवानी, लायक, दङ्ग, तक, जस्ता आगन्तुक शब्दको प्रयोग र खङ्ग्रिनु, बटुवा, डबडब, छहरा, किचिनु, भरोसा,

उराठ, लहरी, बल्भिनु, दम्को, भेल, सल्बलाउनु, टल्पलाउनु, चसचसी, चिमोट्नु, भभल्को, सर्लक, चल्मलाउनु, छट्पटी, टाल्टुली, बसीडुम, कुत्कुती, बल्याङ्ग्रे, लामघारे, ठुनाहा, भुस्याहा, पोटिलो, मुसुक्क, वाङ्गो, चेप्टो, लाम्चो, बेसूर, जिस्क्याएर, कुतकुती, भुटभुटी, पोल्य, स्याउली, चुल्ठो जस्ता कोमल नेपाली शब्द र केही ठेट वा भर्रो नेपाली शब्दहरूको सहज प्रयोगबाट खण्डकाव्य सफल बनेको छ । यस खण्डकाव्यमा रहेको भाषाशैली शास्त्रीय लयअर्न्तगत अनुष्टुप् छन्दमा बुनिएको छ । खण्डकाव्य उत्कृष्ट भए पनि सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले पाठक रूचि बढाउन समेत सघाएको छ । यस खण्डकाव्यमा करूण र शान्त रस परिपाक अवस्थामा पुऱ्याएको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको विश्लेषण शीर्षकको प्रस्तुत शोधपत्र मूलत दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको अध्ययन र विश्लेषणमा केन्द्रीत रहेता पनि न्यौपाने र न्यौपानेको सिर्जनाकर्मसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा गाँसिएर निक्कै व्यापक बन्न पुगेको छ । 'शोध परिचय', 'खण्डकाव्यको सैद्धान्तिक स्वरूप, 'दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व, 'दैवज्ञराज न्यौपानेको खण्डकाव्ययात्रा', र 'दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको विश्लेषण, जस्ता विभिन्न शीर्षकमा गरिएको अध्ययन निकै महत्वपूर्ण छन् । यस शोधपत्रमा दैवज्ञराज न्यौपानेलाई विभिन्न ढङ्गबाट चिनाउनुका साथसाथै मूलत खण्डकाव्यकारका रूपमा अध्ययन विश्लेषण गरिएको छ । परम्परागत समालोचना पद्धति र केही नवीन पद्धतिका आधारमा अध्ययन विश्लेषण गरिएको प्रस्तुत शोधपत्रको अध्ययन अनुसारको अलग-अलग परिच्छेदगत निष्कर्षलाई निम्नानुसार देखाउन सकिन्छ :-

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध शीर्षक, शोधपत्रको प्रयोजन, शोधको विषय परिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधको प्राक्कल्पना, शोधको औचित्य, अध्ययनको सिमाङ्कन, शोध विधि र शोध पत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ । यो परिच्छेद शोधपत्रको परिचयका रूपमा प्रस्तुत छ । यसबाट शोधपत्रका सम्बन्धमा धेरै कुराहरू थाहा पाउँन सकिन्छ ।

प्रस्तुत शोधपत्र परिच्छेद दुईमा दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्ति र कृतित्वको संक्षिप्त परिचय शीर्षकमा केन्द्रित रहेको छ । यस परिच्छेदको अध्ययनबाट दैवज्ञराज न्यौपानेको जन्म वि.सं. २००४ साल मङ्सिर ३० गते पिता गणेशप्रसाद न्यौपाने र माता उमादेवी न्यौपानेका सुपुत्रका रूपमा भोजपुर १ गोगने भन्ने ठाउँमा भएको हो । उनले गुरूकुल परम्पराबाट आफ्ना हजुरबा छविलाल न्यौपानेबाट ५ वर्षको उमेरमा अक्षरारम्भ गरे भने प्राथमिक तहसम्मको अध्ययन उनले गाउँकै विद्यालयबाट पूरा गरेका छन् । यसरी गाउँकै स्कुलमा प्राथमिक तहसम्मको अध्ययन पूरा गरेका न्यौपाने दिङ्लाको विद्यालयबाट प्रवेशिका परीक्षा उतीर्ण गरेका थिए । उनको उच्च शिक्षा दिङ्ला,दाङ हुँदै त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट नेपाली साहित्यमा स्नातकोत्तर तह उर्तीण गरेबाट र संस्कृतमा

मिमांशा दर्शनमा पनि आचार्यसम्मको शिक्षा पूरा गरेबाट पूरा हुन्छ । विद्यार्थी जीवनदेखि नै साहित्यमा कलम चलाउन थालेका न्यौपानेले एक दर्जनभन्दा बढी सिर्जनात्मक एवम् समाोचनात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् । पेसागत हिसावले शिक्षक, प्राध्यापकका रूपमा चिनिएका न्यौपानेले विभिन्न साङ्गठनिक वा संस्थागत कामहरू पनि गरेका छन् । विद्यार्थी जीवनमा अध्ययनका साथसाथै विभिन्न कियाकलापमा संलग्न न्यौपानेले राजनीतिक, खेलकुद, अभिनय आदि ठाउँहरूमा पनि आफ्नो सक्रिय भूमिका निर्वाह गर्दै आएको पाइन्छ ।

बहुमुखी प्रतिभाका धनी न्यौपाने राजनीतिक, सामाजिक, शैक्षिक,धार्मिक, अभिनय, सम्पादन, भूमिका लेखन, सङ्ठनहरूमा सक्रिय रूपमा सेवा  गर्नुका साथै विभिन्न साङ्गठानिक वा संस्थागत ठाउँहरूका सल्लाहाकार तथा परामर्शदाताका रूपमा पनि सक्रिय रहेको पाइन्छ । उनको मुख्य क्षेत्र भनेको साहित्यिक क्षेत्रहरूमध्ये पनि कविता र खण्डकाव्यलेखनको क्षेत्र नै हो भने उनी आफूलाई कवि वा खण्डकाव्यकार भन्न रूचाउँछन् । यसरी नेपाली साहित्यका क्षेत्रमा र अन्य साङ्ठनिक कामहरूमा निस्वार्थ भएर काम गर्दै आएका न्यौपाने विगत एक वर्षदेखि मधुमेह र उच्च रक्तचापका कारण सिथिल अवस्थामा पुगेका छन् । उनीबाट अहिलेसम्म जे-जति काम भएको छ, यदि उनलाई स्वास्थले साथ दिइयो भने त्यो भन्दा बढी काम हुन सक्ने सम्भावना देखिन्छ ।

खण्डकाव्यको सैद्धान्तिक स्वरूप शीर्षकमा अध्ययन गरिएको परिच्छेद तीनमा खण्डकाव्यको परिचय, परिभाषा र तत्वहरूकाबारेमा जानकारी दिइएको छ । खण्डकाव्य सम्बन्धी पूर्वीय र पाश्चात्य धारणाको खोजी अध्ययन र विश्लेषण गर्दै यसलाई महाकाव्यभन्दा छोटो र फुटकर कविताभन्दा लामो मझौला खालको कवितात्मक अभिव्यक्तिको रूपमा चिनाइएको छ । यसका प्रमुख तत्वहरूका रूपमा कथानक, पात्रविधान, परिवेशविधान, मूलभाव वा उद्देश्य,  दृष्टिविन्दु , भाषाशैलीलाई प्रमुख तत्वका रूपमा लिइदै संरचनाअन्तर्गत, सर्गविधान, आयाम एवम् श्लोक सङ्ख्या, भाषाशैलीअन्तर्गत छन्द, रस, अलङ्कार, बिम्ब, प्रतीक आदिलाई समेटिएको छ । त्यस्तै खण्डकाव्य परिचय, शीर्षकीकरण र निष्कर्षलाई पनि यसको अध्ययनको आधार बनाइएको छ ।

खण्डकाव्यकार न्यौपानेको खण्डकाव्ययात्रा शीर्षकको परिच्छेद चारको अध्ययनबाट खण्डकाव्यकार न्यौपानेका हालसम्म प्रकाशित र सम्झनाको धरातलबाट खण्डकाव्यसङ्ग्रहमा सङ्गृहीत  ‘शोभा’, ‘राजा त्रिभुवन’, ‘शान्तिकामना’, ‘सम्झनाको

धरातलबाट', 'चासो र चिन्तन', 'ती रोइन त्यसरी किन', शीर्षकका खण्डकाव्यहरूको रचना योग र मिति पहिल्याउँदै खण्डकाव्यकारको खण्डकाव्ययात्रालाई दुइ चरणमा विभाजन गरिएको छ । प्रथम चरणमा वि.स २०२४सालदेखि २०३४ सालसम्म लेखिएका 'शोभा', 'राजा त्रिभुवन', 'शान्ति कामना', गरी तीनवटा खण्डकाव्यहरूको रचनाको समयावधिलाई देखाइएको छ भने उतरार्ध चरणमा वि.स २०३५ साल देखि २०६३ सालसम्म लेखिएका 'सम्झनाको धरातलबाट', 'चासो र चिन्तन', 'ती रोईन त्यसरी किन', जस्ता खण्डकाव्यहरू रहेको देखाइएको छ । यी दुई चरणहरूमध्ये पहिलो चरणका खण्डकाव्यहरू लघु आकारका खण्डकाव्य हुँदा तिनलाई लघुखण्डकाव्य भनिएको हो भने दोस्रो चरणका खण्डकाव्यहरू पहिलो चरणका तुलनामा केही लामा भएका हुँदा र खण्डकाव्यको मानकतामा रहेका हुँदा यिनलाई खण्डकाव्यका रूपमा लिइएको छ । अघिल्ला चरणका खण्डकाव्यहरूले प्रकृति चित्रण, ऐतिहासिक  घटनाको अन्वेषण र विश्वमा विकसित अशान्तिका विरूद्ध शान्तिको कामना गरेका छन् भने पछिल्ला खण्डकाव्यहरूले मानवतावादी जीवन दर्शनलाई पत्रात्मक, संस्मरणत्मक र व्याख्यात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिको अध्ययन र विश्लेषण शीर्षकको प्रस्तुत परिच्छेद पाँचमा अहिलेसम्म प्रकाशित सम्पूर्ण खण्डकाव्यहरूको अध्ययन र विश्ललेषण गरिएको छ । ती खण्डकाव्यहरूमा 'शोभा' 'राजा त्रिभुवन', 'शान्तिकामना', 'सम्झनाको धरातलबाट', 'चासो र चिन्तन', र 'ती रोइन त्यसरी किन ?' रहेका छन् ‌.। यी खण्डकाव्यहरूको अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ ।

'शोभा' प्रकृतिखण्डकाव्य हो । यस खण्डकाव्यमा प्रकृतिलाई नै खण्डकाव्य नायिकाका रूपमा प्रस्तुत गर्दै प्राकृतिक सौन्दर्यताको वर्णन गरिएको छ । झिनो आख्यान तर प्रवल कवित्व रहेको प्रस्तुत खण्डकाव्यले प्राकृतिक महत्ता, सौन्दर्यता र मनोहारितालाई देखाएको छ । सहज,  सरल, र सुकोमल पदावलीहरूको प्रयोग गरी लेखिएको प्रस्तुत खण्डकाव्यको भाषाशैली निकै सफल देखिन्छ । उपमा, दृष्टान्त, उत्प्रेक्षा, समासोक्ति आदि अलङ्कारहरूको संयोजनसँगसँगै प्रकृतिका विभिन्न कोणबाट बिम्ब र प्रतीकहरूको संयोजनले खण्डकाव्यलाई अलङ्कृत तुल्याएको छ । शार्दूलवीकिडित छन्दका १४श्लोक र पाँच खण्डमा संरचित प्रस्तुत खण्डकाव्य न्यौपानेको प्रथम तर लघु खण्डकाव्य हो ।

खण्डकाव्यकार न्यौपानेको अर्को खण्डकाव्य 'राजा त्रिभुवन' एउटा ऐतिहासिक खण्डकाव्य हो । नेपाली राजनैतिक इतिहासमा राजपरिवारबाट प्रजातन्त्र र जनताको पक्षमा

आफ्नो राजगद्दीलाई दाउमा राखेर कहिले निर्वाचन र कहिले गद्दी आसनसम्म गर्ने राजा त्रिभुवनको जीवन कथामा आधारित छ । तृतीय पुरुष दृष्टिविन्दुमा संरचित प्रस्तुत खण्डकाव्य चरित्र प्रदान खण्डकाव्यका रूपमा देखिएको छ । वीर रसलाई परिपाक बनाइएको यस खण्डकाव्यले २००७ सालको नेपालको राजनैतिक इतिहास तथा राणा शासनको अन्त्य र प्रजातन्त्रको उदयको प्रसङ्गलाई आफ्नो कथानक वा विषय बनाएर आएको छ भने त्यस काममा योगदान पुऱ्याउने राजा त्रिभुवनको स्मरण र सम्मान खण्डकाव्यको मूल भाव वा उद्देश्य बनेर आएको छ । यसखण्डकाव्यको भाषाशैली पनि अघिल्लो खण्डकाव्यको भाषाशैलीसँग निकट तर थप कवित्वपूर्ण र ओजिलो देखिन्छ । २ खण्ड र ३४ श्लोक सङ्ख्यामा संरचित यो खण्डकाव्यलाई एक सफल लघुखण्डकाव्य हो भनी पुष्टि गरिएको छ ।

खण्डकाव्यकार न्यौपानेको ‘शान्तिकामना’ एकाइसौं शताब्दीको विश्व परिवेशमा हुर्कदै गएको मानवस्वार्थ लिप्साबाट विकसित हत्याहिंसा, आतङ्क र अशान्तिबाट मुक्तिको उद्देश्य राखी रचना गरिएको खण्डकाव्य हो । आख्यानयुक्त प्रस्तुत खण्डकाव्यमा पात्रविधानलाई पनि महत्व दिएको छैन । कुनै पनि पात्रको विशेष भूमिका नरहे पनि कतै पात्रकै रूपमा र कतै प्रतीकात्मक रूपमा स्थान दिइएको छ । परिवेशविधानका दृष्टिले पनि महत्वपूर्ण मानिएको यस खण्डकाव्यलाई ५० श्लोक र ५ खण्डमा विभाजन गरिएको छ । कथानक, पात्रविधान र परिवेश विधानका तुलनामा खण्डकाव्यात्मक भाषाशैलीका दृष्टिले प्रस्तुत खण्डकाव्यलाई उच्च खण्डकाव्यको रूपमा लिन सकिन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा संरचित प्रस्तुत खण्डकाव्यले तत्सम, तद्भव ठेट नेपाली शब्दका साथै केही आगन्तुक शब्द र अन्त्यानुप्रासको प्रयोगले खण्डकाव्यलाई सफल बनाइएको छ । यो खण्डकाव्य पनि खण्डकाव्यकार न्यौपानेका खण्डकाव्यहरूमध्ये एक लघुखण्डकाव्य हो । अन्य लघु खण्डकाव्यका तुलनामा यो खण्डकाव्य निकै उत्कृष्ट देखिएको छ ।

खण्डकाव्यकार दैवज्ञराज न्यौपानको चौथो खण्डकाव्य ‘सम्झनाको धरातलबाट’ उत्तरार्द्ध चरणमा लेखिएको पहिलो खण्डकाव्य हो । १०६ श्लोक र ९ खण्डमा संरचित खण्डकाव्यको शैली भने पत्रात्मक रहेको छ । यस पत्रखण्डकाव्यमा बाल्यावस्था हुँदै प्रौढावस्थासम्मका विभिन्न स्मृतिहरूको खण्डकाव्यात्मक अभिव्यक्ति दिइएको छ । अघिल्ला खण्डकाव्यहरूका तुलनामा आकार, आयाम, विषयवस्तु आदि सबै दृष्टिले लामो रहेकाले यसलाई खण्डकाव्यको मानकतामा राखेर अध्ययन गरिएको छ । शास्त्रीय छन्दअन्तर्गत

अनुष्टुप् छन्दमा लेखिएको प्रस्तुत खण्डकाव्यको भाषाशैली निकै सशक्त किसिमको रहेको छ ।

प्रस्तुत खण्डकाव्यको परिवेशविधान पनि अघिल्ला खण्डकाव्यका तुलनामा व्यापक रहेको छ भने यसले उद्देश्यलाई पनि निकै बोधगम्य रूपमा अँगालेको देखिन्छ । ९ खण्डमा संरचित यस खण्डकाव्यमा सर्ग भनेर किटान नगरे पनि यी ९ खण्डहरूलाई नै सर्गका रूपमा लिइएर अध्ययन गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस खण्डकाव्यले खण्डकाव्यकार स्वयम्का जीवनका संस्मरणात्मक पक्षहरू चित्रण गरेको छ । यो खण्डकाव्यलाई भाषाशैलीका दृष्टिले पनि अघिल्ला खण्डकाव्यभन्दा निकै सशक्त र सफल रूपमा पाउँन सकिन्छ । यसमा तत्सम, तद्भव, आगन्तुक शब्दहरूका साथै झर्रो नेपाली शब्दहरूको प्रयोग सहज र सफल रूपमा गरेर खण्डकाव्यलाई मिठासपूर्ण बनाइएको छ ।

खण्डकाव्यकार न्यौपानेको उत्तरार्द्ध चरणमा नै देखापरेको दोस्रो खण्डकाव्य 'चासो र चिन्तन' मानक खण्डकाव्य हो । यसमा खण्डकाव्यकारले चिन्तनबाट चासो नभई चासोबाट चिन्तन हुने कुरालाई खण्डकाव्यात्मक रूपले प्रस्तुत गरे र खण्डकाव्यको शीर्षक नै 'चासो र चिन्तन' नामाकरण गरेका छन् । प्रस्तुत खण्डकाव्यमा तीन पुस्ताबीच अलग-अलग व्यवहार रूचि आवश्यतालाई देखाउँदै नेपाली राष्ट्र, राष्ट्रियता, संस्कृति र सभ्यताको चित्रण गर्नु प्रमुख उद्देश्य रहेको छ । सर्गविधानका दृष्टिले प्रस्तुत खण्डकाव्यलाई ८ खण्डमा विभाजन गरिएको छ भने यिनै ८ खण्डलाई सर्गका रूपमा हेरिएको छ । अनुष्टुप छन्दमा संरचित यस खण्डकाव्यमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने भाषाशैलीका दृष्टिले पनि निकै सशक्त रहेको छ । यसमा प्रयोग भएका भाषाशैली सरल, सहज र सफल किसिमका छन् भने तत्सम, तद्भव र ठेट नेपाली शब्दहरूको प्रयोग खण्डकाव्यमा प्रशस्त मात्रामा भएको छ ।

खण्डकाव्यकार न्यौपानेले 'सम्झनाको धरातलबाट' खण्डकाव्यभित्र समेटिएका खण्डकाव्यहरूमध्ये 'ती रोइन् त्यसरी किन ?' खण्डकाव्य अन्तिम खण्डकाव्य हो । यो खण्डकाव्य अहिलेसम्म प्रकाशित खण्डकाव्यकृतिहरूमध्ये मानक खण्डकाव्य पनि हो । यो खण्डकाव्य आयामगत हिसाबले पनि निकै लामो छ । मूल ३ खण्ड र १५ उपखण्डमा विभाजित प्रस्तुत खण्डकाव्यमा २८२ श्लोक सङ्ख्या रहेका छन् । शास्त्रीय छन्दअन्र्तगत अनुष्टुप् छन्दमा संरचित प्रस्तुत खण्डकाव्यले आफू विद्यार्थी छदाँ दाङमा अध्ययन गर्न

जाँदादेखि भोगेका घटनालाई संस्मरणात्मक रूपमा प्रस्तुत गरेका छन् । ग्रामीण परिवेशमा देखिने वैधव्य समस्या, नारी कुन्ठा, निराशा जस्ता कुरालाई सजीवता दिन सक्नु खण्डकाव्यको मूल उद्देश्य हो । यस खण्डकाव्यमा झिनो कथावस्तुको प्रयोग गरेको पाइए पनि प्रभावकारी रहेको छ । यसमा अघिल्ला खण्डकाव्यहरूमाझैं यर्थाथ घटना, पात्र र परिवेशको चित्रण निकै सशक्त रूपमा गरेका छन । शास्त्रीय छन्दहरू भित्रै अनुष्टुप छन्दको प्रयोग गरिएको प्रस्तुत खण्डकाव्यमा दाङ र त्यहाँका विभिन्न ठाउँहरूलाई परिवेशका रूपमा लिएको छ । अन्त्यानुप्रास र मध्यानुप्रासका प्रयोगले खण्डकाव्य मिठासपूर्ण बनेको छ । यस खण्डकाव्यमा खण्डकाव्यकार न्यौपानेले प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको संयोजन गरिएको छ । भाषाशैलीका दृष्टिले पनि यो खण्डकाव्य सशक्त किसिमको रहेको छ । तत्सम तद्भव, ठेट नेपाली शब्दहरूका साथै आगन्तुक शब्दहरूलाई सरल, सहज र बोधगम्य रूपमा प्रस्तुत गरेर खण्डकाव्यलाई खण्डकाव्यगत मान्यता प्रदान गरेका छन् ।

## ६.२ निष्कर्ष

नेपाली साहित्यमा नवस्वच्छन्दतावादी साहित्यकारका रूपमा परिचित दैवज्ञराज न्यौपानेको जन्म २००४ साल मङ्सिर ३० गते शुक्ल नवमी तिथिमा कोशी अञ्चल, भोजपुर जिल्ला अन्तर्गत गोगने गा.वि.स. वार्ड नं. १ मा पण्डित गणेशप्रसाद उपाध्याय न्यौपाने र माता उमादेवी न्यौपानेको सुपुत्रको रूपमा भएको हो । उनको न्वारानको नाम थानेश्वर न्यौपाने थियो तर सबैले माया गरेर उनलाई दैवु भन्ने गर्थे । त्यही 'दैवु' नाम नै उनको दैवज्ञराज न्यौपाने भनेर शिक्षक र साहित्यिक नामका रूपमा परिणत भएको छ ।

शिक्षित र सम्पन्न परिवारमा जन्मिएका न्यौपानेको जीवनमा त्यति अभावको महशुस भएन । उनका मातापिताले उनको उमेर अनुसारको आवश्यकता पूरा गरिदिएका थिए । उनको अध्ययनको प्रारम्भ पनि घरमा नै पिताको ममतामय वातावरणमा ५ वर्षको उमेरदेखि शुभारम्भ भएको थियो । उनका बाबुले उनलाई घरमा नै अनौपचारिक रूपले अक्षर चिनाइ लेख्न पढ्न सक्ने बनाएर विभिन्न वैद्धिक स्तुतिहरू साथै दुर्गा, सप्त सती, गीता, रूद्री, वेद जस्ता धार्मिक ग्रन्थहरूको ज्ञान पनि गराएका थिए ।

यसरी घरमा नै अनौपचारिक रूपबाट शिक्षाको प्रारम्भ गरेका न्यौपानेको औपचारिक शिक्षा २०१३ सालबाट गाउँकै गोगने पाठशाला (हाल संस्कृति मा. वि. भोजपुर) मा कक्षा ४ मा भर्ना भएबाट प्रारम्भ हुन्छ । २०१४ सालमा कक्षा ५ उर्त्तिण गरेर उनी कक्षा ६ देखि

दिङ्लामा पढ्नका लागि पठाइन्छन् । त्यहीबाट २०१९ सालमा प्रवेशिकासम्मको अध्ययन पूरा गर्दछन् । त्यसपछि उनको शिक्षा दाङबाट शुरू हुन्छ । केही महिना दाङमा संस्कृतको अध्ययन गर्दै गरेका न्यौपाने घरपरिवारको सल्लाह अनुसार २०२० सालमा संस्कृत अध्ययनकै लागि काठमाडौंमा ल्याइन्छन् । काठमाडौंको पढाइबाट राम्रै प्रगति गर्दै गएका न्यौपानेले २०२६ सालमा त्रि.वि. कीर्तिपुरबाट नेपाली साहित्यमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गर्छन् भने उनले सस्कृत दर्शनमा पनि आचार्यसम्मको अध्ययन गरेका छन् ।

कवि दैवज्ञराज न्यौपानेले विद्यार्थी जीवनदेखि नै शिक्षकका रूपमा काम गर्दै आएको पाइन्छ । उनले स्नातकोत्तर तहको अध्ययन पूरा गरिसकेपछि विभिन्न कलेजहरूमा प्राध्यापन पेशामा संलग्न भएका हुन् । उनले भक्तपुर कलेज, पाटन संयुक्त क्याम्पस हुँदै २०४३ साल फाल्गुन १ गतेदेखि नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरमा प्राध्यापन पेशामा सेवारत छन् ।

शिक्षित पारिवारिक वातावरणमा हुर्किएका न्यौपानेको साहित्यतर्फको रूची १० वर्षको उमेरदेखि नै पढ्दै गएको पाइन्छ । शुरू-शुरूमा कविता लेखनमा आफ्ना पितामह पं. छविलालबाट प्रेरणा मिलेको आत्म स्वीकृति कवि स्वयम्ले गरेका छन् । उनले साना कक्षामा पढ्दा गुरूजनहरूले प्रोत्साहन र प्रेरणा दिने गर्दथे भने आफ्ना साथीहरूलाई पनि न्यौपाने प्रेरणाकर्ताका रूपमा सम्झन्छन् । उनले पूर्ववर्ती साहित्यकारहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे र वालकृष्ण समबाट पनि प्रेरणा र प्रभाव ग्रहण गरेको बुझिन्छ ।

कवि न्यौपाने नेपाली साहित्यतर्फ जे जसरी प्रेरणा र प्रभाव ग्रहण गरेपनि कविता लेखनबाट नै उनले साहित्यिक यात्रा सुभारम्भ गर्दछन् । उनको सबैभन्दा पहिले लेखिएको कविता, 'सरस्वती स्तुति' हो भने पहिलो प्रकाशित कविता 'उनीमा निम्तो' हो । त्यसपछि थुप्रै कविता, गीत, बालकविता, बालव्यक्तित्वहरूको जीवनी, कथा, निबन्ध, समालोचनात्मक लेख आदि एकदर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका छन् । उनको पहिलो पुस्तकाकार कृति सिर्जनाको लहर कवितासङ्ग्रह (२०३५) हो ।

दैवज्ञराज न्यौपाने पेसागत रूपले प्राध्यापक हुन् । पेसाले प्राध्यापक बनेका न्यौपानेले सानै उमेरदेखि साहित्य लेखनको प्रारम्भ गरेर निरन्तरता दिइरहेका छन् । साहित्यका विभिन्न क्षेत्रहरू मध्ये पनि खण्डकाव्य, कविता, गीत, कथा, भूमिका, समालोचना आदि

लेखनमा उनको हात निरन्तर अगाडि बढिरहेको छ । उनलाई यी विधाहरूमा बालसाहित्यिक व्यक्तित्व र प्रौढसाहित्यिक व्यक्तित्व गरी विभाजन गरिएको छ । यसका साथै विभिन्न साङ्गठनिक क्षेत्रमा हात हालेर आफूलाई क्रियाशील गराइएको पाइन्छ । उनको शैक्षिक र साहित्यिक व्यक्तित्वका साथै सामाजिक व्यक्तित्व, राजनीतक व्यक्तित्व, दार्शनिक व्यक्तित्व, अभिनेता व्यक्तित्व, धार्मिक व्यक्तित्व, खेलाडी व्यक्तित्व पनि उल्लेखनीय नै रहेको पाइन्छ ।

बहुमुखी प्रतिभाका धनी दैवज्ञराज न्यौपाने विभिन्न क्षेत्रमा क्रियाशील रहेपनि उनको मुख्य क्षेत्र साहित्यिक क्षेत्र नै हो । साहित्यिक क्षेत्रमा पनि कविता र खण्डकाव्यलेखनको क्षेत्र महत्वपूर्ण भएको कविको आत्म स्वीकृति छ । उनको खण्डकाव्यलेखनको शुरूवात २०२३ सालमा लेखिएको 'शोभा' खण्डकाव्यबाट भएको हो भने उनका शोभा खण्डकाव्यसहित अन्य पाँचवटा खण्डकाव्यहरू समेटेर 'सम्झनाको धरातलबाट' (२०६३) नामक खण्डकाव्यसङ्ग्रह प्रकाशित भएको छ । यस शोधपत्रमा उनको 'सम्झनाको धरातलबाट' ( २०६३) खण्डकाव्यमा सङ्ग्रहित खण्डकाव्यहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

खण्डकाव्यकार दैवज्ञराज न्यौपानेको खण्डकाव्यकृतिहरूको अध्ययन र विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने न्यौपाने नेपाली समसामयिक खण्डकाव्य परम्पराका एक सफल खण्डकाव्यकार हुन् । लघु र मझौला आकारको खण्डकाव्य रचना गर्ने न्यौपानेका खण्डकाव्यहरूले विभिन्न शैली अपनाएका छन् । उनका खण्डकाव्यहरू आख्यानहीन रहे पनि कविताको प्रवाहमा बग्छन् । चरित्रको अभाव देखिए पनि खण्डकाव्यात्मशैलीसँग अगाडि बढ्छन् । निश्चित बिन्दुबाट सुरू हुन्छन् र निश्चित विन्दुमा पुगेर रोकिन्छन् । पत्रात्मक शैलीमा खण्डकाव्य रचना गर्नु एतिहासिक विषयवस्तु प्रस्तुत गर्नु मानवतावादी चेतना प्रदर्शनको प्रवाह गर्नु, स्मृति र घटनाहरूलाई सहजै खण्डकाव्यात्मक स्वरूप प्रदान गर्न सक्नु विभिन्न शास्त्रीय लयहरूको सफल प्रयोग गर्नु, भाषिक प्रयोगमा आगन्तुक शब्दहरूलाई पनि ठाउँ दिई तत्सम, तद्भव, आगन्तुक शब्दका साथै ठेट नेपाली शब्दहरूलाई प्रयोग गरी खण्डकाव्य रचना गर्नु , खण्डकाव्यमार्फत् थोरैमा धेरै कुरा भन्न सक्नु, साना ठूला सबै खाले विषयवस्तुमा खण्डकाव्य रचना गर्न सक्नु खण्डकाव्यकार न्यौपानेको विशेषताहरू हुन् । उनको आगमनले भानुभक्त आर्चाय, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेले समृद्ध बनाउँदै ल्याएको खण्डकाव्य परम्पराले थप उचाइ प्रदान गरेको छ । विभिन्न समयमा रचना गरिएका केही पूर्व प्रकाशित रचनाहरु र केही थप रचनाहरुलाई समेटेर प्रकाशन गरिएको कृति 'सम्झनाको धरातलबाट' २०६३ मा

प्रकाशित खण्डकाव्यहरूको अध्ययनबाट खण्डकाव्यकार न्यौपाने आधुनिक नेपाली खण्डकाव्यको समसामयिक धाराका एक सफल, सशक्त, प्रतिभाशाली खण्डकाव्यकार हुन् भन्न सकिन्छ ।

दैवज्ञराज न्यौपानेका खण्डकाव्यकृतिको अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताहरुले निम्नलिखित शीर्षकहरुमा अध्ययन र अनुसन्धान गर्न उपयुक्त देखिन्छ ।

- दैवज्ञराज न्यौपानेको 'सम्झनाको धरातलबाट' शीर्षकमा समेटिएका चासो र चिन्तन खण्डकाव्य र 'ती रोइन् त्यसरी किन?' खण्डकाव्यको छुट्टाछुट्टै विस्तृत रुपमा अध्ययन गर्न सकिन्छ ।
- यसै खण्डकाव्यभित्र समेटिएका खण्डकाव्यहरुको संरचना पक्षलाई केलाउने क्रममा रस, अलङ्कार आदि तत्वहरुको कसीमा राखेर खण्डकाव्यहरुको अध्ययन गर्न सकिन्छ ।
- यस शोधपत्रमा खण्डकाव्यका प्रमुख तत्वको आधारमा मात्र न्यौपानेको खण्डकाव्यहरुको विश्लेषण गरिएको हुँदा आगामी शोधपत्रमा शैलीविज्ञान र विषयवस्तुलाई प्रमुखता दिएर खण्डकाव्यको अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

# सन्दर्भसामग्री सूची

## ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोष,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि., २०६१ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** काठमाडौं : साभ्का प्रकाशन, २०४४ ।

चापागाई, नरेन्द्र र दधिराज सुवेदी सम्पा., 'कवि माधव घिमिरे र दैवज्ञराज न्यौपाने', **खण्डकाव्यसमालोचना,** विराटनगर, २०५२ ।

चापागाई, नरेन्द्र, (संम्पा.) 'पूर्वाञ्चल समालोचनासङ्ग्रह', विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५० ।

ढुङ्गाना, लावण्यप्रसाद र घनश्याम दाहाल, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,** काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५७ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचय कोश,** काठमाडौँ : एकता प्रकाशन, २०५३ ।

थापा, हिमांशु , **साहित्य परिचय,** काठमाडौं : साभ्का प्रकाशन, २०४० ।

न्यौपाने, दैवज्ञराज, **सिर्जनाकालहर** (गीतिकवितासङ्ग्रह), ललितपुर : साभ्का प्रकाशन, २०३५।

____________, **तोतेबोली** (बालकवितासङ्ग्रह), ललितपुर : साभ्का प्रकाशन, २०३८ ।

____________, **गाउँखाने कविता**, भक्तपुर : प्राथमिक सामग्री एकाइ, सानोठिमी, २०४३ ।

____________, **हुने बिरुवाका चिल्ला पात**, काठमाडौं : २०४५ ।

____________, **जोर मुरली** (कवितासङ्ग्रह), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४६ ।

____________, **बालसंसार** (बालकविता र गीतसङ्ग्रह), विराटनगर : वाणी प्रकाशन, २०५३ ।

_____________,**सम्झनाको धरातलबाट** (खण्डकाव्यसङ्ग्रह), काठमाडौं : बगलामुखी प्रकाशन, २०६३ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना : मीठो नेपाली,** काठमाडौं : सहयोगी प्रेस, २०५१ ।

विश्वनाथ, **साहित्य दर्पण,** चौरबम्बा संस्कृत, सीरीज अफिस, वाराणसी : विद्याभवन, सन् १९९९ ।

शर्मा, बालचन्द्र, **नेपाली वृहत् शब्दकोष,** काठमाडौं : रोयल नेपाल एकेडेमी, २०१९ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** (दो. सं.), काठमाडौं : ने.रा.प्र.प्र., २०५३ ।

____________, **समकालीन समालोचना सिद्वान्त र प्रयोग,** काठमाडौँ : ने. रा. प्र. प्र., २०५५ ।

शर्मा, सोमनाथ, **साहित्य प्रदीप,** काठमाडौं : रोयल नेपाल एकेडेमी, २०१६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पुल्चोक : साझा प्रकाशन, २०३४ ।

त्रिपाठी, वासुदेव र अन्य सम्पा., **नेपाल कविता भाग - ४,** (ते. सं.) काठमाडौं : साझा प्रकाशन, २०४६ ।

## शोधपत्र सूची

घिमिरे, तीर्थराज, **कवि दैवज्ञराज न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व,** त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५४ ।

घिमिरे, पार्वती, **गीतकार दैवज्ञराज न्यौपाने,** त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६२ ।

सुवेदी, गीता, **बालसाहित्यकार दैवज्ञराज न्यौपाने,** त्रि. वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५६ ।

## पत्रपत्रिका सूची

इन्फादा, पूर्ण, ‘स्वच्छन्दतावादी धारामा सम्झनाको धरातलबाट’, **लोकतन्त्र नेपाल,** मासिक खबरपत्रिका, वर्ष २, अङ्क १, २०६४, पृ. ३६ ।

गिरी, जीवेन्द्र, 'नेपाली बालपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान', **प्रलेस,** वर्ष ४५, अङ्क १०, माघ-चैत्र, २०५४, पृ. १०७ ।

गुरागाईं, लक्ष्मी, 'जोरमुरली', **गोरखापत्र,** दैनिक वर्ष ८ र ९, अङ्क १८४, २०४६ कार्तिक, पृ. ५ ।

दाहाल, लक्ष्मीप्रसाद, **अरूणोदय,** तृतीयाङ्क वर्ष १, अङ्क ३, पूर्णाङ्क १, २०२०, पृ. ७ ।

देवकोटा, राजेश्वर, 'इलम र इलमी' **इलम,** वर्ष २, अङ्क २, २०२७, पुष ।

बानियाँ, प्रेम, 'गोगनेगाउँको फूल' **नेपाल समाचारपत्र,** दैनिक खबरपत्रिका, मङ्सीर ४, २०६२, पृ. ६ ।

**वाङ्गमय,** वर्ष ११, अङ्क ११, २०५५/५६, पृ. ७०-७४ ।

शुभेच्छु, रमेश, प्रा. दैवज्ञराज न्यौपाने र बानेश्वर क्याम्पस, **रजहाँस वार्षिक,** वर्ष ११, अङ्क ११, २०६४, पृ. ७० ।

____________, स्रष्टा दम्पति प्रा. दैवज्ञराज + सुधा न्यौपाने, **शब्दाङ्कुर मासिक,** वर्ष ६, अङ्क ६, पूर्णाङ्क ६६, २०६३ चैत्र, पृ. १८ ।

## स्रोत व्यक्ति

| | | |
|---|---|---|
| आचार्य, कृष्णप्रसाद | : | शोध निर्देशक, नेपाली केन्द्रीय विभाग |
| उपाध्याय, घनश्याम | : | विभागीय प्रमुख नेपाली केन्द्रीय विभाग |
| लुइटेल, खगेन्द्रप्रसाद | : | नेपाली केन्द्रीय विभाग |
| न्यौपाने, दैवज्ञराज | : | प्रस्तुत शोधपत्रका शोधनायक |
| न्यौपाने, सुधा | : | श्रीमती, दैवज्ञराज न्यौपाने |
| न्यौपाने, सौरभराज | : | कान्छा छोरा, दैवज्ञराज न्यौपाने |
| शुभेच्छु, रमेश | : | उपप्राध्यापक, बानेश्वर क्याम्पस |